# रातो खबर साप्ताहिक
Ratokhabar weekly

वर्ष ५, अङ्क २३, पूर्णाङ्क २१८ | २०७६ मङ्सिर १८ गते बुधबार | Wednesday, 04 Dec 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपाका सर्लाही इन्चार्ज तामाङ गिरफ्तार

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका सर्लाही इन्चार्ज लालबहादुर तामाङलाई प्रहरीले गिरफ्तार गरेको छ। जनकपुर ब्युरो इन्चार्ज अरुणले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै पार्टी सङ्गठनको कामको सिलसिलामा जनभेटघाटमा रहेको बेला आफ्नो पार्टीका ब्युरो सदस्य तथा सर्लाही जिल्ला इन्चार्ज लालबहादुर तामाङलाई प्रहरीले अमानवीय र गैरकानुनी ढङ्गले सर्लाहीबाट गिरफ्तार गरेको उल्लेख गरेका छन्।

विज्ञप्तिमा ब्युरो इन्चार्ज अरुणले गिरफ्तार गरिएका सर्लाही इन्चार्ज तामाङलाई तत्कालै बिनासर्त ससम्मान रिहा गर्न माग गरेका छन्। विज्ञप्तिमा अन्यथा सरकारी दमनका विरुद्ध सशक्त प्रतिरोध सङ्घर्ष गर्न बाध्य हुने र त्यसको जिम्मेवार सरकार आफैँ हुनुपर्ने उल्लेख छ।

## निर्वाचनको दिन ठाउँठाउँमा बम विस्फोट

मङ्सिर १४ गते गरिएको उपनिर्वाचनको दिन देशका विभिन्न ठाउँमा बम विस्फोट भएका छन्। कास्कीको पोखरा महानगरपालिका ९ मा रहेको नवप्रभात माविमा मतदान हुँदै गर्दा बम विस्फोट भएको थियो। बम विस्फोट भएपछि मतदाताहरू तितरबितर भएका थिए। शनिबार बिहान ८ बजे वडा नम्बर १६ मा रहेको शान्ति मावि मतदानकेन्द्रनजिकै बम विस्फोट भएको थियो। यस्तै पोखराकै भरतपोखरीस्थित टीका मावि मतदानकेन्द्र नजिकै बम विस्फोट भएको थियो। उक्त स्थानमा बम विस्फोट भएपछि केही समय त्यस क्षेत्रमा मतदाताहरू तितरबितर बनेका थिए।

उता पोखरा उपमहानगरपालिका १६ मा शान्ति मावि जुम्लेती अर्मलामा पनि लगातार २ पटक बम विस्फोट हुँदा पर्खाल ढलेको थियो। पोखरामा तगातार शृङ्खलाबद्ध बम विस्फोट भएपछि उचित सुरक्षा दिन नसकेको भन्दै उक्त क्षेत्र हेर्ने डीएसपी कोमल शाहलाई सङ्घीय प्रहरी कार्यालय गण्डकी प्रदेशमा तानिएको समाचार छ।

यस्तै सर्लाहीको हरिपुर्वा नगरपालिका वडा नम्बर १ मा रहेको मतदानकेन्द्रमा बम फेलापरेको थियो। मतदानकेन्द्रमा नै टाइम बम फेलापरेपछि नेपाली सेनाले उक्त बम निष्क्रिय पारेको थियो। ८ बजेर ५ मिनेटको समय

... बाँकी पृष्ठ ७ मा

# संयुक्त सङ्घर्षमा जान अपिल

■ रातो खबर संवाददाता/काठमाडौं









भारतीय साम्राज्यवादले नेपालका कालापानी, लिम्पियाधुरा, लिपुलेकसहित महाकाली नदीपूर्वका भूभागहरू आफ्नो देशको नक्सामा गाभेर उक्त नक्सा सार्वजनिक गरेपछि नेपाली जनता आन्दोलित भएका छन्। विदेशमा रहेका नेपालीहरूले पनि भारतका कूटनीतिक अखडाहरूमा विरोध प्रदर्शन गरिरहेका छन्। नेपाली मूलका विदेशी नागरिक र नेपालका शुभचिन्तक देश तथा बुद्धिजीवीले नेपालको सार्वभौमिकता र स्वतन्त्रताका पक्षमा साथ-सहयोग दिइरहेका छन्। देशभक्तिको आन्दोलन भूगोल, जाति, राजनीतिक पार्टी, धर्मका सबै रेखाहरू पार गरेर एकै दिशामा मुखरित भएको छ। यो नेपाली मौलिकता हो र राष्ट्रिय स्वतन्त्रताको आधार पनि हो।

केपी वली सरकारले जनदबाबका कारण बाध्य भएर अतिक्रमित क्षेत्र नेपालकै भएको प्रचारबाजीसम्म गरेको छ। यसलाई एकातिर सकारात्मक रूपले हेरिएला तर अर्को कोणबाट जनआक्रोशलाई मत्थर पार्ने चालबाजी पनि भन्न सकिन्छ। सरकारले अतिक्रमित भूभागहरू समेटेर तत्काल नेपाली नक्सा सार्वजनिक गर्नुपर्थ्यो। भारतसँग राजनीतिक तहमा वार्ताको औपचारिक प्रयास गर्नुपर्थ्यो र भारतलाई अतिक्रमित भूभागबाट आफ्नो सेना फिर्ता गर्न पत्राचार गर्नुपर्थ्यो। भारतीय राजदूतलाई स्पष्टीकरण सोध्नुपर्थ्यो। यी प्रयासहरू सफल भएनन् भने के गर्ने भनेर वैकल्पिक तयारीहरू गर्नुपर्थ्यो। जनअपेक्षा त्यही हो तर सरकारले ' मिडियाबाजी' बाहेक अर्को कुनै सार्थक प्रयास गरेको देखिन्न। त्यसविपरीत देशभक्तिको सङ्घर्षलाई दमन गर्ने र जनप्रतिरोधलाई निरुत्साहित गर्ने कार्य सरकार र सरकारमा रहेका नेताहरूले गरिरहेका छन्। देशको माटो लुटिँदा जनता रोमको बादशाह निरोझैँ बाँसुरी बजाएर बस्नुपर्थ्यो त? सरकारको भूमिका र नियत हेर्दा गम्भीर आशङ्का उत्पन्न हुनु स्वाभाविक छ। सदनको आकस्मिक बैठक बोलाउन प्रमुख प्रतिपक्षले गरेको माग लत्याइरहेको बेला नेता काङ्ग्रेस नेता शेरबहादुर देउवाले प्रधानमन्त्रीकै सहमतिमा नेपाली भूमि अतिक्रमण भएको गम्भीर विषय उठाएका छन्। पूर्वप्रमसमेत रहेका संसद्को प्रतिपक्षीय दलका नेता देउवाले निश्चित सूचना भएर नै बोलेका त होइनन्? सर्वत्र प्रश्न उठेको छ। काङ्ग्रेसले पार्टी सभापतिको भनाइलाई पुष्टि गर्ने आधारहरू देशसमक्ष खुला गर्नुपर्छ। अन्यथा सत्तापक्ष र प्रतिपक्ष दुवैले देशमाथिको आक्रमणलाई तुच्छ निजी स्वार्थमा प्रयोग गर्न खोजेको पुष्टि हुनेछ।

सरकार र सदन गैरजिम्मेवार भइरहेको समयमा नागरिक अगुवाद्वारा गठित 'सीमा बचाऊ अभियान' सङ्गठनद्वारा देशको रक्षार्थ सङ्गठित आवाज मुखरित गर्नु भने सराहनीय विषय हो। सबै राजनीतिक पार्टीहरूले पनि त्यसबाट प्रेरणा लिनुपर्छ। अर्कोतिर प्रम स्वस्थ्यका कारण तत्काल देशको जटिल समस्यामा

बाँकी पृष्ठ ५ मा

## भारतीय हस्तक्षेपका विरुद्ध नेकपाद्वारा दोस्रो चरणको सङ्घर्ष घोषणा

### 'सरकारको आत्मसमर्पणवादी र दलाल प्रवृत्ति सशक्त आन्दोलनको धक्काबाहेक अरू कुनै तरिकाले पराजित हुँदैन'

■ रातोखबर संवाददाता/काठमाडौं

भारतले नेपाली भूमि कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई आफ्नो नक्सामा समावेश गरेपछि नेकपाले दोस्रो चरणको सङ्घर्ष घोषणा गरेको छ। दोस्रो चरणको सङ्घर्षमा जुलुस प्रदर्शन, अन्तरक्रिया, सीमा बचाउ अभियानद्वारा जारी नक्साको प्रचार तथा नक्सा प्रदर्शन, भारतीय दूतावासअगाडि प्रदर्शन, ज्ञापनपत्र बुझाउने र साहित्यिक कार्यक्रम गर्ने रहेका छन्।

पार्टी प्रवक्ता प्रकाण्डले शनिबार प्रेसविज्ञप्ति जारी गरेर भारतीय हस्तक्षेपविरुद्ध सङ्घर्षका नयाँ कार्यक्रमहरू सार्वजनिक गरेका हुन्। विज्ञप्तिमार्फत मङ्सिर १५ देखि २६ गतेसम्मका कार्यक्रम सार्वजनिक गरिएको छ। यसअघि नेकपाले भारतीय हस्तक्षेपविरुद्ध पहिलो चरणको सङ्घर्ष सम्पन्न गरिसकेको छ।

भारतीय साम्राज्यवादी हस्तक्षेपका विरुद्ध यसअघि साताव्यापी सङ्घर्ष सञ्चालन गरेको नेकपाले शनिबार दोस्रो चरणको सङ्घर्षको कार्यक्रम सार्वजनिक गरेको हो। सङ्घर्षका कार्यक्रमहरूअन्तर्गत जुलुस प्रदर्शन, अन्तरक्रिया, सीमा बचाउ अभियानद्वारा जारी नक्सा प्रचार तथा नक्सा प्रदर्शन, भारतीय दूतावासअगाडि प्रदर्शन, ज्ञापनपत्र बुझाउने र साहित्यिक कार्यक्रम गर्ने रहेका छन्। साथै विज्ञप्तिमा नेकपाले वर्तमान केपी सरकार राष्ट्रियताको रक्षा गर्ने सवालमा साम्राज्यवादसामु लाचार बनेको बताइएको छ।

देशको माटो रक्षार्थ उठेको आक्रोश, पीडा, आन्दोलन र पहलकदमीलाई भारतीय साम्राज्यवादको निर्देशन र मालिक रिझाउने नियतले निरुत्साहित गर्न आक्रमण गर्ने गरेको भन्दै

... बाँकी पृष्ठ ५ मा

## चिकित्सा शिक्षाका आन्दोलनकारी विद्यार्थी भन्छन्- माफियाले भनेझैँ विद्यार्थीको पैसा मन्त्रीको भान्छा र बिस्तरासम्म पुगेकै हो ?

■ रातोखबर संवाददाता/काठमाडौं

चिकित्सा शिक्षा सङ्घर्ष समितिका संयोजक प्रकाश चन्द, प्रवक्ता नरेश भट्ट, चितवन मेडिकल कलेजका विद्यार्थी र काठमाडौँ विश्वविद्यालय समिति तथा परिवारका तर्फबाट सरकारले नीतिलाई सबैलाई बराबर हुने गरी लागू गरिनुपर्नेमा सरकारले पक्षपातपूर्ण व्यवहार गरेको बताएका छन्। संयोजक चन्द, प्रवक्ता भट्ट र चितवन मेडिकल कलेज तथा काठमाडौँ विश्वविद्यालय समिति र परिवारका तर्फबाट बिहीबार जारी संयुक्त विज्ञप्तिमा माफियाले भनजस्तै विद्यार्थीबाट असुल गरिएको रकम मन्त्रीहरुको भान्छा र बिस्तरासम्म पुगेको त होइन भन्ने प्रश्न पनि उठाइएको छ।

संयुक्त विज्ञप्तिमा भनिएको छ, 'मेडिकल शिक्षाको विषयले आज देश तातेको छ, जनता जागेको छ। शिक्षाका लागि गरिएको सङ्घर्ष कक्षाकोठाबाट सडकमा अनि विद्यार्थी र अभिभावकबाट आमजनता र बाटो हिँड्ने बटुवासम्म पुगेको छ। आँखा नदेख्ने, कान नसुन्ने र पढ्न नजान्नेले पनि मेडिकल कलेज सञ्चालकहरू साँच्ची माफिया र गुण्डाहरू हुन्। यी भ्रष्ट छन्। यी दलाली गर्छन् भन्ने बुझिसकेका छन्।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'आफूलाई समाजवादउन्मुख भन्ने सरकार बिस्तारै भए पनि मेडिकल माफियाको नजिक पुगेको

... बाँकी पृष्ठ ७ मा

## खतरनाक अमेरिकी चलखेल महरापछि देव गुरुङ धरापमा

■ रातोखबर संवाददाता/काठमाडौं



**समाचार विश्लेषण**

अमेरिकाले नेपाललाई भुटानको स्तरमा झार्दै भारतलाई खुसी पार्ने गरी 'मिलेनियम च्यालेन्ज' अन्तर्गत दिने भनिएको ५५ अर्ब सहयोगसम्बन्धी विधेयक सदनमा पेस गर्न दबाब दिएको थियो। महरालाई उक्त काम नगरे पद धरापमा पारिदिने धम्की ३ महिनाअगाडि नै दिइएको

... बाँकी पृष्ठ ५ मा

## 'एनसेल मेला २०७६' हुन नदिने नेकपाको चेतावनी

### कलाकार, विद्यालय, व्यवस्थापक र जनतालाई मेलामा नजान अपिल

नेकपाले भ्रष्ट एवम् ठग दूरसञ्चार प्रदायक कम्पनी एनसेलले गर्न लागेको कथित 'एनसेल मेला २०७६' गर्न नदिने भएको छ। पार्टीले मङ्गलबार विज्ञप्ति जारी गर्दै यस्तो चेतावनी दिएको हो।

पार्टी प्रवक्ता प्रकाण्डले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'भ्रष्ट र देशद्रोही कम्पनीले 'एनसेल मेला २०७६' चलाउन खोजेको समाचारले नेपाली जनता र हाम्रो पार्टीलाई आक्रोशित बनाएको छ। पर्यटन वर्षको बहानामा एनसेललाई देश लुट्न छूट दिन सकिँदैन। तसर्थ उक्त मेला बन्द नगरे कडा कारबाही गर्न पार्टी बाध्य हुने चेतावनी दिन चाहन्छौँ र कलाकार, विद्यालय, खेलमैदानका व्यवस्थापकहरूलगायत सबै नागरिकहरूलाई उक्त भ्रष्ट कम्पनीलाई सहयोग नगर्न तथा एनसेल कम्पनीको कुनै पनि कार्यक्रममा सहभागी नहुन अपिल गर्दछौँ।'

प्रवक्ता प्रकाण्डद्वारा जारी विज्ञप्तिको पूर्ण पाठ यसप्रकार रहेको छ, 'दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल नेपाल र नेपाली जनताको मर्यादा




उल्घङ्लन गरेको, कर तिर्न अस्वीकार गरेको, नेपालका नेताहरूलाई घूस र एकाधिकार पुँजीको प्रभाव र दबाबमा रहेको, न्यायिक निकायलाई खरिद गरेको र व्यापक भ्रष्टाचार गरेका कारण उक्त कम्पनीलाई हाम्रो पार्टीले कारबाही गर्दै आएको छ। नागरिक अगुवा र अभियन्ताहरूले एनसेल बहिष्कार अभियान चलाइरहेका छन्। यस्तो अवस्थामा उक्त भ्रष्ट र देशद्रोही कम्पनीले 'एनसेल मेला २०७६' चलाउन खोजेको समाचारले नेपाली जनता र हाम्रो पार्टीलाई आक्रोशित बनाएको छ। पर्यटन वर्षको बहानामा एनसेललाई देश लुट्न छूट दिन सकिँदैन।

# विद्यमान नेपालको दुर्दान्त चित्र

**देश/परिवेश**

■ सुदर्शन



नेपालको वर्तमान शासन सत्ताअन्तर्गत कुनै पनि यस्तो क्षेत्र छैन जहाँ सन्तोष लिन सकियोस्। स्वास्थ्य क्षेत्रलाई हेर्दा सरकारी अस्पतालहरू व्यवस्थापनको हिसाबले सबभन्दा खराब अवस्थामा छन्। नामी चिकित्सकहरू त्यहाँ जागिर त खान्छन् तर बिरामीको सेवा गर्दैनन्, बरु आफ्नो निजी अस्पताल वा निजी क्लिनिकको सिफारिस गर्दछन्। त्यहाँ तलब कम भएकाले पनि होइन, निजीमा भन्दा पनि बढी हुन्छ। सरकारी अस्पतालमा दिन दुई गुना, रात चौगुना कमाउन सकिँदैन। अस्पतालहरूमा काम गर्ने मानिसको कमी छैन र तिनको तलब पनि कम छैन। तर अस्पताल सबै कुडाकर्कटखानाजस्ता र मलमूत्रको गन्धले भरिएका छन्। राम्रो मान्छे पनि बिरामी होलाजस्तो वातावरण हुन्छ। नर्स, चिकित्सक र परिचारकहरूको बिरामीप्रतिको व्यवहार कसाईको जस्तो त मैले नै यो जेलबाट जाँदा र बाहिरबाट जाँदा वीर अस्पतालमै बेहोरेको छु। यो पनि निजी क्लिनिक र निजी अस्पताल धकेल्ने उपाय हो। सरकारी पत्रिकाहरूका अनुसार नै १४ वटा निजी मेडिकल कलेजहरूले एउटै सिजनको भर्नामा २ अर्बबराबरको नाफा लिएका छन्। त्यसैगरी सरकारी विद्यालय र विश्वविद्यालयहरू खण्डहर, फोहोर र जीर्ण छन् भने निजीचाहिँ भव्य, सफा र चिल्ला छन्। स्वास्थ्य र शिक्षामा नेपालमा दलाल पुँजीपतिहरूले लुटखसोट मच्चाएका छन्। रोजगारका लागि खोलिएका म्यानपावर कम्पनीहरूले युवाहरूको श्रम लुटिरहेका छन्।

सरकारी अखबारहरूले नै बजारको महँगीले जनताको ढाड सेकिरहेको कुरा लेखेका छन्। २० दिनमा ३ सय प्रतिशतभन्दा बढी तरकारीहरूमा महँगी बढेको छ। यहाँका जैविक तरकारीहरू भारततिर पठाइन्छ भने भारतबाट कृत्रिम र अत्यधिक विषादी प्रयोग गरिएका (सुईसमेत लगाएर हुर्काएका) तरकारी सजिलै हाम्रो बजारमा आयात गरिन्छ। यसले पनि नेपाली जनस्वास्थ्यको क्षति पुऱ्याइरहेको छ। समग्र खाद्यान्नमा मिसावट गरिएको छ। आफ्नो देशको खाद्यान्नका बिउबिजन लोप हुँदैछन् भने कुनै देशको पेटेन्न अधिकार रहेका बिउबिजन आयात गरिँदै आएको छ।

तेस्रो कुरा, केन्द्रीय (सङ्घीय) सरकारको करमा स्थानीय सरकारहरूको कर पनि थपिएको छ। वडापालिकाले हरवस्तुमा कर लगाएको छ। एउटा वडामा बस्ने एउटा कुनै व्यक्तिको परिवारले एउटा कुखुरा

...बाँकी पृष्ठ ५ मा

## सम्पादकीय

# जुरुक्क उठेको राष्ट्रिय स्वाभिमान

यतिबेला नेपाली राष्ट्रिय स्वाभिमान जुरुक्क उठेको छ । राष्ट्रिय एकता र स्वाभिमानका लागि सिङ्गो नेपाली जनमत एक भएको यो ऐतिहासिक क्षण हो । सत्तासीन शासकहरू र तिनका मतियारबाहेक भारतीय साम्राज्यवादी अतिक्रमण र हस्तक्षेपविरुद्ध यतिबेला नेपाली जनमत अङ्ग्रेज साम्राज्यवादविरुद्ध नालापानी, सिन्धुलीगढी किल्लालगायत लडाइँमा झैँ एक भएको छ । यो जनमतले शक्तिशाली नेतृत्व खोजिरहेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूलाई केन्द्रमा राखेर सङ्घर्ष हाँकिरहेको नेपाल कम्युनिस्ट पार्टीले मात्र देश, जनता र श्रमजीवी जनताका इच्छा, आकाङ्क्षा र आवश्यकताहरूलाई पूरा गर्न सक्छ भन्ने उदाहरणहरू पनि देखिइरहेका छन् । तर राष्ट्रियताको रक्षाका लागि सडकसङ्घर्षमा उत्रिएका जनता र नेकपाका नेता-कार्यकर्तालाई गिरफ्तार गरी झूट्टा मुद्दा लगाएर केपी वली सरकारले भारतीय साम्राज्यवादको सेवा गरिरहेको छ । यो राष्ट्रघाती, जनघाती र निन्दनीय हर्कत हो । यसको प्रतिरोध गर्नुपर्छ र राष्ट्रियताको रक्षा गर्नुपर्छ ।

यतिबेला भारतीय साम्राज्यवादले फेरि नेपालका कालापनी, लिम्पियाधुरा, लिपुलेकलगायत क्षेत्र अतिक्रमण गरेर आफ्नो नक्साभित्र कैद गरेको छ र उसले आफ्नो साम्राज्यवादी चरित्र नाङ्गो रूपमा प्रस्तुत गरेको छ । देशभित्र रहेका देशभक्त नेपाली त भारतीय साम्राज्यवादी अतिक्रणविरुद्ध सडकमा उत्रिएका छन् नै, विदेशमा भएका नेपालीहरूसमेत भारतीय साम्राज्यवादी अखडामा भेला भएर मिचिएको सीमा फिर्ता गर्न र नेपाली भूमिबाट भारतीय सेना फिर्ता लैजान आह्वान गरिरहेका छन् । राष्ट्रियताको रक्षा र सुदृढीकरणका लागि यो ऐतिहासिक ऐक्यबद्धता, तत्परता र भावनात्मक एकता हो । यसलाई ठोस भौतिक शक्तिमा रूपान्तरण गर्नुपर्छ ।

नेपाल कम्युनिस्ट पार्टी मात्र यस्तो राजनीतिक शक्तिका रूपमा अघि सरेको छ जसले राष्ट्रियताको रक्षाका लागि सङ्घर्ष नै घोषणा गरेर सडकमा उत्रिएको छ । पहिलो चरणको सङ्घर्ष सफल भएपछि नेकपा दोस्रो चरणको सङ्घर्षमा सडकमा छ । नेकपाले सरकारको आत्मसमर्पणवादी र दलाल प्रवृत्ति सशक्त आन्दोलनको धक्काबाहेक अरू कुनै तरिकाले पराजित हुँदैन भन्ने निष्कर्ष निकाल्दै सबै देशभक्त, राष्ट्रवादी, सामम्राज्यवादविरोधी र क्रान्तिकारी शक्तिहरूलाई राष्ट्रियताको रक्षाका लागि एक हुन आह्वान गर्दै सङ्घर्षसमेत सञ्चालन गरिरहेको छ । नेकपाले दोस्रो चरणको सङ्घर्षमा जुलुस प्रदर्शन, अन्तरक्रिया, सीमा बचाऊ अभियानद्वारा जारी नक्साको प्रचार तथा नक्सा प्रदर्शन, भारतीय दूतावासअगाडि प्रदर्शन, ज्ञापनपत्र बुझाउने, साहित्यिक कार्यक्रम गर्नेलगायत कार्यक्रम अघि सारेको हो । देशभक्त नेपालीले नेकपाको यो सङ्घर्षलाई पनि हिजो भारतले चीनसँग मिलेर लिपुलेक हडपेको विरोधमा सञ्चालन गरेको सङ्घर्षमा झैँ साथ दिइरहेका छन् । केपी वली सरकार भने भारतीय साम्राज्यवादी अतिक्रमण बन्द गराउनतिर लाग्नुभन्दा राष्ट्रियता रक्षाका लागि आन्दोलनमा उत्रिएका सचेत देशभक्त जनता र नेकपाका नेता-कार्यकर्तामाथि नै आइलागेको छ । उसको यो मालिकभक्तिले सुगौली, कोसी, गण्डक, महाकाली, १९५०, १९६५ लगायत राष्ट्रघाती सन्धिसम्झौताको सम्झना गराइरहेका छन् । नेकपाले वली सरकारको दमनका विषयमा 'देशको माटो रक्षार्थ उठेको आक्रोश, पीडा, आन्दोलन र पहलकदमीलाई भारतीय साम्राज्यवादको निर्देशन र मालिक रिझाउने नियतले निरुत्साहित गर्न आक्रमण गर्ने गरेको' संश्लेषण पनि गरेको छ । सरकारको आत्मसमर्पणवादी र दलाल प्रवृत्ति सशक्त आन्दोलनको धक्काबाहेक अरू कुनै तरिकाले पराजित नहुने पनि नेकपाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । नेकपाको यो संश्लेषण र आह्वानले नेपाली जनतालाई आफ्नो राष्ट्रियता बचाउने आन्दोलनमा लामबद्ध हुन ठूलो हौसला र सहयोग मिलेको छ ।

साम्राज्यवाद मरणोन्मुख र पतीत पुँजीवाद हो । यसले आफ्नो स्वार्थरक्षाका लागि जस्तोसुकै हर्कत पनि गर्छ । उता अमेरिकी साम्राज्यवाद आफ्नो लूटको स्वर्ग बचाउन संसारभर सञ्चालित मुक्तिआन्दोलन र उत्पीडित मुलुकहरूमा 'याङ्की' लगाएर हस्तक्षेप गरिरहेको छ । यता अङ्ग्रेज साम्राज्यवादको जुठोपुरो खाएर हुर्किएको भारतीय साम्राज्यवाद नेपाल र दक्षिणएसियाका अन्य मुलुकहरूमाथि सेनासमेत लगाएर हस्तक्षेप गरिरहेको छ । यो निन्दनीय, खेदजनक र प्रतिरोधयोग्य हर्कत हो । नेकपाबाहेक अरूले यो साम्राज्यवादी हस्तक्षेपविरोधी आन्दोलनको नेतृत्व लिन र यसलाई सार्थक बनाउन सम्भव छैन । सबै देशभक्त र क्रान्तिकारी शक्ति यो मर्म र भावलाई हृदयङ्गम गरेर सङ्घर्षमा उत्रिनु आवश्यक छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# नेपाली क्रान्ति र सैन्य कार्यदिशा



सन्तोष बुढा मगर

***अहिले मध्यपूर्व र पूर्वी एसियाको कोरिया प्रायद्वीपमा, दक्षिण चीन सागरमा देखापरेको तनाव र युद्ध विभीषिकाको पनि मुख्य कारण अमेरिकी साम्राज्यवाद नै हो । नेपालमा चलेको १० वर्षको जनयुद्धको दमन, असफलता र कथित शान्तिप्रक्रियाको षड्यन्त्रको मुख्य "गेम प्लानर" पनि अमेरिकी साम्राज्यवाद र भारतीय साम्राज्यवाद नै हुन् ।***

*'युद्ध भनेको वर्गहरू, जातिहरू, राज्यहरू वा राजनीतिक समूहहरूका बीचको अन्तरविरोधहरू कुनै निश्चित चरणसम्म विकसित भएपछि, त्यसको समाधानार्थ गरिने सङ्घर्षको सर्वोच्च रूप हो र निजी सम्पत्ति तथा वर्गहरूको उत्पत्तिदेखि यसको अस्तित्व रहेको छ । तपाईं युद्धको वास्तविक स्थिति, त्यसको स्वरूप र अन्य चीजहरूसितको त्यसको सम्बन्धलाई बुझ्नुहुन्न भने तपाईंले युद्ध-नियमहरूलाई वा त्यसको सञ्चालन कसरी गर्ने भन्ने कुरालाई बुझ्नु हुनेछैन वा विजय प्राप्त गर्नुहुने छैन ।'*

*-(माओ त्सेतुङका सैन्य रचनाहरू) भाग १, पृष्ठ ५६ ।*

## १. युद्ध र क्रान्तिबारे

जब युद्ध वा क्रान्तिको कुरा उठ्छ धेरै मान्छेहरू तर्सिन्छन् वा सुन्न-बुझ्नसमेत चासो गर्दैनन् । उनीहरू भयभीत वा त्रसित हुन्छन् र भाग्छन् । सायद यो स्वाभाबिक मानवीय विशेषता हो र सामान्य रूपमा यसो हुनु बिल्कुल स्वाभाविक पनि छ किनकि मान्छे नै एउटा यस्तो शान्तिप्रिय प्राणी हो जसले सधैँ शान्ति, अहिंसा र एकता चाहन्छ । यो मान्छेको चेतनाको सामान्य मानवीय गुण हो । तर समाजमा सबभन्दा हिंसा मच्चाउने, सामाजिक अनेकता पैदा गर्ने पनि मानिस नै हो । मानिस यस्तो प्राणी पनि हो जसमा पशुवत् गुण पनि लुकेर बसेको हुन्छ जो बेलाबखतमा उसको व्यवहारबाट प्रकट हुन्छ । हिंसा, क्रोध, ईर्ष्या, डाहा, व्यक्तिगत स्वार्थ, लोभ आदि उसका पशुवत् गुण हुन् । यो अदृश्य र सुषुप्त हुन्छ । खासखास बेलामा यसले मान्छेलाई हिंश्रक बनाइरहेको हुन्छ । यसलाई स्वयम् मान्छेले मन पराइरहेको हुँदैन र विरोध गरिरहेको हुन्छ । यही नै युद्ध वा क्रान्ति पनि होइन । सामान्य मान्छेले यी दुई अलग पक्षहरूलाई एउटै बुझ्ने गल्ती गरिरहेको हुन्छ र आफैँआफैँ तर्सिरहेको हुन्छ ।

लामो मानव इतिहासले मान्छेको चेतनालाई विकसित पनि पनि खण्डित तथा वर्गीकरण पनि गरिदिएको छ जसले मानव जातिलाई नै खण्डित र समूह-समूहमा बाँडिदिएको छ । मानिस अरू पशुभन्दा भिन्नै हुनु उसको चेतनाको उपज हो । चेतना उसको श्रमको उपज हो । यो जिउनका लागि प्रकृतिसँगको सङ्घर्ष, उत्पादन सङ्घर्ष र वर्गसङ्घर्षका क्रममा मानव जाति आफैँले आर्जन गरेको अद्भुत चीज हो जो अन्य प्राणीहरूभन्दा फरक छ । यही उन्नत चेतना र विकसित मानव नै आज हिंसा र युद्धको जग बन्न पुग्यो ।

समाजमा बस्ने सबै मान्छे एउटै हुन् र एउटै मानव जातिभित्र पर्दछन् तर मान्छे वर्गमा विभाजित छ । यो केही मान्छेहरूले भनेझैँ कुनै 'भगवान्' ले बनाएको होइन । मानव श्रमले पैदा गरेको हो । हामी देख्छौँ, आज समाजमा मान्छेहरू विभिन्न वर्गमा छन् । उनीहरूको सामान्य बाहिरी स्वभाव हेर्दा केही फरक छैन । सबैको चाहना शान्तिभन्दा अलग छैन । सबैले शान्ति र समृद्धिकै कुरा गर्छन् । यो उनीहरूको सामान्य मानवीय स्वभाव हो तर उनीहरूको सोच्ने, बुझ्ने, व्याख्या गर्ने र प्रयोग गर्ने तरिकाहरू भने फरकफरक छन् । जस्तो कि 'युद्ध र क्रान्ति' बारे बुझाइलाई नै हेरौँ : एकजना सामान्य किसान, जसको चेतना तुलनात्मक रूपले पछि छ तर उनीहरू 'युद्ध र क्रान्ति' को कुरा गर्दा नबुझेरै तर्सन्छन् । तर्सन्छन् मात्र होइन, बेस्सरी तर्सन्छन् जब कि उनीहरू हरेक क्षण, हरेक पल युद्धको चपेटामा पिल्सिरहेका हुन्छन् । जब उनीहरू कुरा बुझ्छन् आफैँ त्यसको समर्थन गर्छन् वा क्रान्ति वा युद्धको बाहक पनि बन्छन् ।

दोस्रोथरी मान्छेहरू कथित बुद्धिजीवी र पढेलेखेका भनाउँदाहरू हुन्छन् जो राज्यसत्ताको जुठोपुरोमा बाँचिरहेका हुन्छन् । ती बुझीबुझीकनै युद्ध वा क्रान्तिबाट थरथर काँपिरहेका हुन्छन् । उनीहरू युद्ध-हिंसा वा कुनै पनि सामाजिक सङ्घर्षबाट अलग रहेर शान्तिपूर्ण जीवन बाँच्न चाहन्छन् । अनायासै शान्तिपूर्ण समाजको परिकल्पना गरिरहेका हुन्छन् र अरूलाई आफ्नो बुर्जुवा आडम्बरको आदर्श छाँटिरहेका हुन्छन् । तेस्रोथरी मान्छे हुन्छन्- साधु, सन्त-महन्त तथा आधुनिक ऋषिमुनीहरू र कथित धर्मगुरु तथा पादरीहरू । उनीहरू मानव समाजलाई बडो शान्ति र आदर्शका धार्मिक उपदेशहरू दिइरहेका हुन्छन् तर स्वयम् उनीहरू नै अशान्ति र युद्धका स्रोत बनिरहेका हुन्छन् । चौथोथरी मान्छेहरू सत्ताधारी वर्ग र शासकहरू हुन्छन् जसले आफैँ अन्यायपूर्ण युद्ध थोपरिरहेका हुन्छन् र यसको नेतृत्वसमेत गरिरहेका हुन्छन् । उनीहरू स्वयम् युद्धको जननीका रूपमा खडा भएर बसेका हुन्छन् । युद्धका स्रोत बनिरहेका हुन्छन् । जानीजानी युद्ध थोपरिरहेका हुन्छन् तर मुखमा शान्तिको मन्त्र जप्दै 'युद्ध र क्रान्ति' को विरोध गरिरहेका हुन्छन् । यिनीहरू नै एक नम्बर क्रान्तिविरोधी हुन्छन् ।

यहाँ पाचौँथरी मान्छे पनि छन् जो समाजको सबैभन्दा सचेत र वैज्ञानिक विचार-चेतनायुक्त हुन्छन् । उनीहरू कम्युनिस्ट हुन् । उनीहरू युद्धलाई मानव समाजको एक अनिवार्य चरण वा प्रक्रियाका रूपमा लिन्छन् र यसलाई सचेत रूपमा छिटोभन्दा छिटो मानव समाजबाट युद्धको अन्त्य गर्न चाहन्छन् तर त्यो शान्तिपूर्ण र शालीन तरिकाले सम्भव देख्दैनन् । त्यसैले यसका निम्ति क्रान्ति अनिवार्य ठान्छन् । उनीहरू विश्व मानव समाज वा समग्र मानव जातिबाटै सदाका लागि युद्धको अन्त्य गर्न र दिगो शान्ति स्थापनाका लागि एकपटक सचेततापूर्वक युद्धको साहारा लिनु अनिवार्य बाध्यता ठान्छन् ।

यो सत्य छ- सचेत रूपले युद्धलाई अघि नसार्ने हो भने यहाँ अन्यायपूर्ण र असङ्गतिपूर्ण युद्ध हुनेछ र धेरै मानव जातिको क्षति हुनेछ । 'युद्ध र क्रान्ति' वा 'सङ्घर्ष र आन्दोलन' को विरोध गर्ने दोस्रो, तेस्रो, चौथोथरी मान्छेहरूले 'फलामले फलाम काट्छ' भन्ने प्रचलित उखान आफैँ बनाएका हुन् । यसलाई चटक्कै बिर्सेर सरासर झूठ बोलिरहेका छन् । सत्य यही हो- फलामलाई फलामले काट्छ, हीरालाई हीराले नै काट्छ । काठ, ढुङ्गा वा माटोले काट्दैन । यसरी नै अन्यायपूर्ण युद्धलाई न्यायपूर्ण युद्धले र प्रतिक्रान्तिलाई क्रान्तिले मात्रै रोक्दछ । मान्छेको सबभन्दा ठूलो शत्रु पनि मान्छे नै हो । युद्ध मान्छेले नै गर्दछ र यसलाई रोक्ने पनि मान्छे नै हो । त्यसैले संसारबाट युद्धको समाप्त गर्न युद्ध गर्नुपर्ने, हतियारबाट छुट्कारा पाउन हतियार उठाउनु अनिवार्य बनेको हो । त्यसैले युद्ध रहर होइन, बाध्यता हो । यो पाँचौँथरी मान्छे अर्थात् कम्युनिस्टहरूको विचार हो ।

हतियारको कुरा गर्ने हो भने आज संसारमा सबभन्दा बढी र खतर्नाक हतियारहरू अमेरिकासँग छन् । क्षेप्यास्त्र र परमाणु हतियार (ल्गअभिबच ब्चकक) सबभन्दा धेरै अमेरिकाले राखेको छ । तर अरूलाई किन राख्न दिँदैन ? यो बुझ्न जरुरी छ । हालसम्म 'न्युक्लियर पावर' अर्थात् परमाणु शक्ति भएका ९ देशमध्ये इरान र उत्तरकोरियालाई आणविक शक्ति राष्ट्र मान्न इन्कार गर्दै तिनलाई निःशस्त्रीकरण गर्न अमेरिकाले निरन्तर दबाब दिँदै आएको छ र एकप्रकारको अघोषित युद्ध सञ्चालन गरिरहेको छ । हालसम्मको आणविक शक्ति राष्ट्रहरूमध्ये अमेरिका नै पहिलो देश हो जोसँग ८०० भन्दा बढी आणविक हतियारहरू छन् । दोस्रोमा रुससँग करिब ७०० को सङ्ख्यामा यस्ता हतियार छन् । यसपछि फ्रान्स, बेलायत, चीन, भारत, पाकिस्तान, इरान र उत्तरकोरिया छन् । यीमध्ये सबभन्दा कम परमाणु हतियार भएको देश उत्तरकोरिया हो र दोस्रो सबभन्दा कम हतियार भएको राष्ट्र इरान हो । यद्यपि उसले आफूसँग कुनै परमाणु अस्त्र नभएको दाबी गर्दै आएको छ । अमेरिका यिनैलाई निःशस्त्र गराउन लागिपरेको छ किनभने अमेरिकाका लागि कम्युनिस्ट देशहरू र मुस्लिम देशहरू सबभन्दा खतरा हुनसक्छन् । अमेरिकालाई सबभन्दा बढी डर कम्युनिस्ट देशहरूबाट छ र दोस्रो मुस्लिम देशहरूबाट । अमेरिकाले विश्वका झन्डै सवा दुई सय देशमध्ये करिब १५० देशमा आफ्नो सैन्य अड्डा राखेर अमेरिकी सेना तैनाथ गरेको छ । उसले भनेको नमानेपछि तुरुन्त युद्ध भड्काउँछ, आक्रमण गर्छ र नाकाबन्दी गर्छ । सिरिया र उत्तरकोरियामा गरेको क्षेप्यास्त्र प्रहार र नाकाबन्दी यसको उदाहरण हो । विगतको इराक-इरानबीचको लामो युद्ध, दक्षिणअफ्रिकामा चलेको लामो युद्ध, इराकमा सद्दाम हुसेनका विरुद्ध चलाएको लामो युद्ध र पछि राष्ट्रपति सद्दाम हुसेनलाई निःशस्त्रीकरणपछि पनि गिरफ्तार गरी हत्या गर्नु, कथित आतङ्ककारीका नाममा तालिवानहरूको विरुद्ध गरिरहेको युद्ध, सिरियाको गृहयुद्ध, टर्कीको असफल सैन्य विद्रोह, प्यालेस्टाइन-इजरायल युद्ध, ल्याटिन अमेरिकी मुलुकहरू मेक्सिको, भेनेजुयला, क्युवामा लामो समयदेखि गरिरहेको दवाव र हस्तक्षेपलगायत तमाम क्षेत्रीय युद्ध र गृहयुद्ध तथा नरसंहार गर्नेमा अमेरिकी सामाज्यवाद नै प्रमुख रहँदै आएको छ । अहिले मध्यपूर्व र पूर्वी एसियाको कोरिया प्रायद्वीपमा, दक्षिण चीन सागरमा देखापरेको तनाव र युद्ध विभीषिकाको पनि मुख्य कारण अमेरिकी साम्राज्यवाद नै हो । नेपालमा चलेको १० वर्षको जनयुद्धको दमन, असफलता र कथित शान्तिप्रक्रियाको षड्यन्त्रको मुख्य 'गेम प्लानर' पनि अमेरिकी साम्राज्यवाद र भारतीय साम्राज्यवाद नै हुन् । अहिले नेपालमा क्रान्तिको विरोध र युद्धको सन्त्रास देखाएर आफ्नो प्रत्यक्ष र अप्रत्यक्ष दलाल र कठपुतली सत्ता कायम राख्न खोज्ने पनि यिनै साम्राज्यवादीहरू र यिनैका अवैध नेपाली सन्तानहरू (दलाल र सामाजिक दलालहरू) नै हुन् । जब कि उनीहरू दिनानुदिन युद्ध भड्काइरहेका छन् । कमरेड माओले भन्नुभएझैँ जबसम्म समाजमा वर्गहरू रहन्छन्, जातिहरू रहन्छन्, राजनीतिक समूहहरू रहन्छन्, तिनका बीच अन्तरविरोधहरू चर्किँदै जान्छन् । त्यो अन्तरविरोधले वर्गसङ्घर्ष पैदा गर्दछ र वर्गसङ्घर्षको रूप धारण गर्दछ । त्यो वर्ग सङ्घर्षको सर्वोच्च रूप नै हतियारबद्ध सङ्घर्ष बन्न पुग्छ । यही नै वर्गयुद्ध, गृहयुद्ध, राष्ट्रिय मुक्तियुद्धमा विकसित हुन्छ र यसले विश्वयुद्धलाई समेत जन्म दिन्छ । यसलाई क्रान्तिले मात्र रोक्दछ । त्यसैले युद्ध सामाजिक रूपान्तरण प्रक्रियाको एक अनिवार्य नियम हो र यसलाई रोक्ने एक मात्र विकल्प क्रान्ति हो । क्रान्ति आफैँ युद्ध होइन तर क्रान्तिले युद्ध जन्माउँछ । युद्धले क्रान्तिलाई जन्म दिन्छ । त्यही क्रान्तिले नै युद्धलाई रोक्छ । जब क्रान्ति सम्पन्न हुन्छ, युद्ध सदाका लागि अन्त्य हुन्छ । क्रान्ति र युद्धका सार्वभौम नियम र विशिष्ट नियमहरूको एकीकृत नियम नै सैन्य कार्यदिशा हो जो हरेक राष्ट्र र देशहरूमा हुने क्रान्तिका रूप र नियमहरू एउटै हुन सक्दैनन् र जस्ताको तस्तै लागू हुँदैन । एकीकृत सैन्य कार्यदिशाको सार यही हो ।

## २. युद्धका सामान्य र विशिष्ट रूपहरूलाई कसरी बुझ्ने ?

कमरेड माओ भन्नुहुन्छ -

(१) युद्धको नियम एउटा यस्तो समस्या हो जसको अध्ययन र समाधान युद्धको सञ्चालन गरिरहेका सबैले गर्नु पर्दछ ।

(२) क्रान्तिकारी युद्धका समस्याहरू यस्ता समस्या हुन् जसको अध्ययन र समाधान क्रान्तिकारी युद्ध सञ्चालन गरिरहेका सबैले गर्नु पर्दछ ।

(३) चीनका क्रान्तिकारी युद्धका नियमहरू यस्ता समस्या हुन् जसको अध्ययन र समाधान चीनको क्रान्तिकारी युद्ध सञ्चालन गरिरहेका सबैले गर्नु पर्दछ ।

- (माओ सङ्कलित सैन्य रचनाहरू भाग १)

भनिन्छ, मानव जातिको इतिहास युद्ध नै युद्धको इतिहास हो । उसले आफ्नो ९० प्रतिशत समय युद्धमा खर्चेको छ र बाँकी १० प्रतिशत समय पनि शीतयुद्ध र कुनै न कुनै रूपमा युद्धकै तयारीमा बिताएको छ । नेपालको इतिहासलाई हेर्ने हो भने पनि युद्धैयुद्धको इतिहास पाइन्छ । गोपालवंशबाट सुरु भएको नेपालको इतिहास युद्धैयुद्धमा देखिन्छ । गोपालवंशलाई महिषपाल वंशले जितेर राज्य हडपेको छ । महिषपाल वंशलाई किराँत वंशले युद्धबाटै हराएर राज्य गरेको छ । यसरी नै किराँतहरूलाई लिच्छविहरूले, लिच्छविहरूलाई मल्लहरूले र मल्ल राज्यलाई शाहवंशले युद्धबाट हराएर आधुनिक नेपाल निर्माण गरेको पाइन्छ । तत्कालीन उपत्यकाका समृद्ध र सम्पन्नशाली मल्लहरूविरुद्ध लामो समय खर्चेर पृथ्वीनारायण शाहले दीर्घकालीन युद्ध रणनीति अपनाएर राज्य हातमा लिएका छन् । पृथ्वीनारायण शाहभन्दा अगाडि अहिलेको नेपालभित्र ६० भन्दा बढी सासाना टाकुरे राज्यहरू आपसमा लडिरहन्थे । अहिलेको नेपालको चारकिल्ला अङ्ग्रेजहरूसँगको लामो युद्धबाटै निर्धारित भएको हो । आधुनिक नेपाल निर्माणपछि पनि राजाका भाइभारदारहरूका बीचमा निरन्तर आन्तरिक पर्वहरू भई नै रहे । अलौपर्व, मकैपर्व, भण्डारखालपर्व, कोतपर्वजस्ता अनेक पर्वहरू आन्तरिक युद्धकै रूपहरू थिए । यसै क्रममा भएको कोतपर्वबाट जङ्गबहादुरको उदय भयो र राणाहरूले १०४ वर्ष जहानिया निरङ्कुश शासन चलाए । राजाहरू आलङ्कारिक मात्र बने । यस बेला राणा परिवारभित्र पनि आपसमा भित्री सङ्घर्ष चली नै रह्यो । बाह्य युद्धहरू पनि चली नै रहे ।

सन् १९४७ मा भारतमा अङ्ग्रेजविरुद्धको स्वतन्त्रता सङ्ग्राम सम्पन्न भयो । भारत अङ्ग्रेजहरूबाट स्वतन्त्र भयो । यसको प्रभाव नेपालमा पनि पऱ्यो । नेपालमा राणा शासनका विरुद्ध वि.सं. १९३३ मा गोर्खा बुङ्कोटमा क्याप्टेन लखन थापामगरले गरेको

... बाँकी पृष्ठ ३ मा

विद्रोह, २००७ सालमा राजा त्रिभुवन र नेपाली काङ्ग्रेसको विद्रोह, २००८ सालको डा. केआई सिंहको विद्रोह, २००८/९ वरिपरि पश्चिमनेपालमा भीमदत्त पन्तले गरेको सशस्त्र विद्रोह, २०१०/११ तिर पश्चिम नेपालका राप्ती, भेरी, कर्णाली क्षेत्रमा कामी बुढामगरले गरेको विद्रोह, २०१८ र ०२५ सालमा नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले पञ्चायतका विरुद्ध गरेको असफल सशस्त्र विद्रोह, ०२८ सालको झापा विद्रोह, ०३६ र ०४६ सालका जनआन्दोलन, ०५२ फागुन १ बाट सुरु भएको इतिहासकै उथलपुथलकारी दस वर्षको जनयुद्ध, ०६२/६३ को माओवादी र सात संसदीय दलहरूको १९ दिने संयुक्त आन्दोलनलगायत विभिन्न सानाठूला विद्रोह, सङ्घर्ष र आन्दोलनहरू भिन्नाभिन्नै समय, स्वरूप र परिस्थितिमा भए पनि नेपालको इतिहासलाई कुनै न कुनै रूपमा प्रभाव पार्ने युद्धका रूपहरू थिए। यसरी नेपालको इतिहास कहिल्यै शान्तिपूर्ण देखिँदैन र अझै एउटा अन्तिम युद्ध बाँकी नै छ किनकि हामी दलाल पुँजीवादी राज्यसत्ताको चपेटामा छौँ । अर्थात् नेपालमा अझै प्रतिक्रियावादी/पुँजीवादी राज्यसत्ता कायम छ । जनताको सत्ता आएको छैन । जबसम्म जनताको सत्ता आउँदैन र वैज्ञानिक समाजवादमा पाइला टेक्दैनौँ यस्ता सङ्घर्ष, आन्दोलन र युद्धहरू कुनै न कुनै रूपमा भई नै रहनेछन् ।

यसरी मानवइतिहास मात्र होइन, नेपालकै इतिहास पनि युद्ध नै युद्धबाट यहँसम्म आएको छ । मारामार गर्नु मात्र युद्ध होइन । यसलाई कमरेड माओले स्पष्ट पार्दै भन्नुभएको छ, 'युद्ध भनेको हिंसात्मक राजनीति हो भने राजनीति भनेको अहिंसात्मक युद्ध हो ।' राजनीतिले हिंसा पनि जन्माउँछ र राजनीतिले नै हिंसा पनि रोक्छ। राजनीतिले नै युद्धको अन्त्य गर्दछ। त्यसैले हाम्रो इतिहास युद्धैयुद्धबाट गुज्रेको छ। हामी सचेत मान्छेले समाजमा अनावश्यक हिंसा हुन नदिने तरिका के होला ? अनावश्यक युद्ध हुन नदिने उपाय के होला भनेर सोच्ने कुरा नै क्रान्तिकारी सैन्य कार्यदिशा तय गर्नु हो। युद्ध त अनिवार्य छ तर कमभन्दा कम क्षतिमा, कमभन्दा कम रगत बगाएर, कमभन्दा कम बलिदानीबाट समाजमा हुने हिंसा र युद्धको अन्त्य कसरी गर्ने भन्ने रणनीति तय गर्नु नै क्रान्तिकारी कार्यदिशा तय गर्नु हो । कमरेड माओले चीनमा कमभन्दा कम क्षतिमा क्रान्ति सम्पन्न गर्ने तरिकालाई 'दीर्घकालीन जनयुद्ध' भन्नुभयो र यसबाट प्राप्त गरिने सत्ता अर्थात् राजनीतिक कार्यक्रमलाई ' नयाँ जनवाद' भन्नुभयो । नयाँ जनवादमा पुग्ने प्रक्रियालाई नयाँ जनवादी क्रान्ति भन्नुभयो । तर उहाँले नयाँ जनवादलाई वैज्ञानिक समाजवादमा पुग्ने खुड्किलोका रूपमा लिनुभयो । । त्यसैले १९४९ मा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरेलगत्तै ५ वर्षपछि नै १९५४ मा 'समाजवादी चीन निर्माण' को नारा दिनुभयो ।

हाम्रो देशमा क्रान्ति सम्पन्न भएको त छैन तर राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थितिमा आएको बदलाव, दस वर्षको जनयुद्धको प्रभाव, जनयुद्धको नेतृत्वसहितको एक हिस्सा प्रतिक्रियावादी सत्तामा सामेल हुन पुग्नु र देशको अर्थतन्त्र दलाल पुँजीवादको हातमा पुग्नुका साथै गत चुनावको परिणामपछि कथित वामका नाममा 'सामाजिक दलाल पुँजीवाद' सत्तासीन हुनुलगायत कारण राजनीतिक कार्यदिशाका साथै सैन्य कार्यदिशामा पनि केही बदलाव आएको छ। यसले क्रान्तिकारी सैन्य रणनीति र कार्यनीतिमा पनि स्वभावैले प्रभाव पार्दछ।

यहीँनिर कमरेड माओले भन्नुभएजस्तै युद्धको अध्ययन कसरी गर्ने, युद्धको स्वरूप र नियमलाई कसरी बुझ्ने ? हाम्रोजस्तो देशमा यसको प्रयोग कसरी गर्ने ? भन्नेजस्ता प्रश्नहरू महत्वपूर्ण छन् । एकपटक भीषण जनयुद्धबाट गुज्रिँदै त्यसले गम्भीर प्रतिधक्का खाएको अवस्था, करिब २० हजार जनमुक्ति सेनाको अकल्पनीय रूपले गरिएको विघटन र विसर्जनपछि जनमुक्ति सेना निर्माण र सैन्य कार्यदिशा अझ जटिल बनेको छ । यो हिजोको जनयुद्धको जस्तो सरल र सहज छैन । यसै अवस्थामा माथि कमरेड माओले भन्नुभएका ३ महत्वपूर्ण पक्षहरूलाई गम्भीर रूपले ध्यान दिनुपर्दछ।

पहिलो, आमयुद्धको स्वरूपबारे धेरै भनिरहनु पर्ने छैन किनकि आमयुद्ध युद्धको आमचरित्रको हो। सबै राष्ट्रले यसबारे आफ्नो प्रतिरक्षा प्रणालीमा विकास गरिरहेकै हुन्छन् । उत्तरकोरियाजस्तो सानो राष्ट्रले पनि अमेरिकाजस्तो ठूलो र शक्तिशाली राष्ट्रलाई कसरी चुनौती दिने तागत राख्दछ भन्ने कुरा यो आमयुद्धमा तर यसलाई यो स्थानमा पुऱ्याउने ताकत यसको विशिष्ट चरित्रले मात्र निर्माण गर्दछ। आमयुद्ध एक राष्ट्र र अर्को राष्ट्रबीच हुने कुनै पनि रूप र प्रकारको हतियारबद्ध लडाइँ हो । यसको चरित्र सार्वभौम प्रकारको हुन्छ। यसमा हरेक राष्ट्रले आफूलाई सशक्त र सर्वश्रेष्ठ बनाउन युद्धनीति, सैन्य सिद्धान्त, सैन्य शक्ति विस्तार, हतियार, युद्धसामग्री, आणविक शक्ति र हतियार निर्माण, अन्य यौद्धिक यन्त्रहरू लडाकु जहाज, पन्डुब्बीदेखि साइवर वार, स्पेस वार, स्टार वारसम्मका प्रयासहरू गरिरहेका छन् । यी सबै आमयुद्धका तयारी हुन् । अमेरिकाले संसारभरिका सामरिक क्षेत्र र आर्थिक केन्द्रहरू कब्जा गर्दै संसारको सबभन्दा शक्तिशाली हातहतियारले सुसज्जित र सर्वश्रेष्ठ बनाउन आफ्नो सैन्यशक्ति विस्तार गरिरहेको छ र अरूलाई संयुक्त राष्ट्रसङ्घमार्फत निःशस्त्रीकरणका नाममा नियन्त्रण गरिरहेको छ। यो एक भयानक युद्धको सङ्केत हो।

दोस्रोथरी युद्ध एउटै देशभित्र हुने युद्ध हो । यसलाई गृहयुद्ध (ऋषखर्ष धबचाष्चभ) पनि भन्ने गरिन्छ। यो राज्य र विद्रोही पक्षबीच हुने युद्ध हो। यो वर्गमा आधारित वा एउटै वर्गका बीचमा पनि हुने गर्दछ। यो पनि युद्धकै एउटा रूप हो। दस वर्षको जनयुद्ध एक प्रकारको गृहयुद्ध नै थियो तर यसको स्वरूप वर्गमा आधारित थियो। श्रीलङ्कामा लामो समय चलेको तमिल विद्रोही र राज्य पक्षबीचको युद्ध, सोमालिया र युगान्डामा चलेका युद्धहरू र हाल सिरियामा चलिरहेको युद्ध पनि गृहयुद्ध नै हुन् तर ती वर्गमा आधारित युद्ध होइनन् । ती एउटै वर्गका बीचमा सत्ताका लागि चरिरहेका युद्धहरू हुन्।

तेस्रोथरी क्रान्तिकारी युद्ध हो । यो वर्गीय हुन्छ । उत्पीडित जनता र उत्पीडक शासक वा राज्य पक्षसँगको युद्ध हो । यसको स्वरूप वर्गमा आधारित हुन्छ । पेरिसमा सन् १८७१ मा मजदुर हरूले गरेको मजदुर विद्रोह, सन् १९१७ मा रुसमा भएको महान् अक्टोबर क्रान्ति, चीनको नयाँ जनवादी क्रान्ति, भारतमा भएको नक्सलवादी आन्दोलन र हाल भाकपाले गरिरहेको जनयुद्ध, पेरूमा पेकपा (साइनिङपाथ) ले गरेको जनयुद्ध, उत्तरकोरिया, भियतनाम, क्युबालगायत देशमा भएका क्रान्तिका स्वरूपहरू यही क्रान्तिकारी युद्धका रूप थिए । नेपालमा चलेको दस वर्षको जनयुद्ध पनि क्रान्तिकारी युद्ध नै थियो । यी युद्धहरूलाई 'न्यायपूर्ण युद्ध' पनि भनिन्छ किनकि यी युद्धहरू कुनै न कुनै रूपमा प्रतिक्रियावादी राज्यसत्ताबाट जनतामा भइरहेको शोषण, दमन, उत्पीडन र हरेक अन्यायपूर्ण युद्धका विरुद्धमा प्रतिरोध युद्धका रूपमा विकसित युद्ध हुन् । यो प्रतिक्रियावादी सत्ताका विरुद्ध सञ्चालन गरिने युद्ध पनि हो । यो पछिल्लो समयमा विकसित युद्ध सिद्धान्त हो। यसको विकास राष्ट्रिय प्रतिरक्षा युद्धसम्म जाने गर्दछ। रुसमा जर्मन नाजी सेनाले गरेको हमला, क. स्टालिनले नाजी सेनालाई धुलो चटाएर धपाएको युद्ध र चीनमा जापानविरोधी र अमेरिकाविरोधी युद्धहरू यसैका रूप हुन्।

चौथो महत्वपूर्ण र क्रान्तिकारी युद्धसँग गाँसिएको र कमरेड माओले जोड दिनुभएको कुरा चीनको सन्दर्भमा लडिने युद्ध र यसको स्वरूप, नियम र विजयको पक्षसँग सम्बन्धित छ। उहाँले चीनमा लडिने युद्धको अध्ययन गर्ने, यसका नियमहरूलाई बुझ्ने र आफ्नो मौलिकतामा लागू गर्ने कुरामा सबभन्दा बढी जोड दिनुभएको छ। यो हाम्रो सन्दर्भमा पनि सत्य हो। माओले चीनको सन्दर्भको युद्धमा किन यतिसाह्रो जोड दिनुभयो भने त्यस बेला रुसमा पढेर आएका, आफूलाई माओभन्दा अग्रज, पढेलेखेको, जान्ने ठान्ने केही कम्युनिस्ट नेताहरूले रुसी क्रान्तिको नक्कल गरेर चीनमा पनि रुसको जस्तै सहरी विद्रोह अर्थात् जनविद्रोह (क्ष्लकगचभअतष्यल) बाटै क्रान्ति गर्नेमा जोड दिइरहेका थिए र माओको कुरा सुनिरहेका थिएनन् । उनीहरूका अनुसार क्रान्ति गर्दा चिनियाँ जनमुक्ति सेनाले ठूलाठूला क्षतिहरू बेहोरिरहेको थियो र युद्ध हारिरहेको थियो । उनीहरूले के बुझेनन् भने चीनको र रुसको वस्तुस्थिति भिन्न छ। शासन प्रणाली र उत्पादन सम्बन्ध भिन्न छ। जनताको चेतना, भौगोलिक अवस्था र अनुकूलता तथा प्रतिकूलताहरू भिन्नै छन् । साम्राज्यवादको हस्तक्षेपको प्रकृति भिन्नै छ । यस्तो अवस्थामा रुसको क्रान्तिको मोडल जस्ताको तस्तै चीनमा सफल हुँदैन । यो उनीहरूको यान्त्रिक बुझाइ थियो। कमरेड माओले यही सत्यलाई पकड्नुभयो र अरू सबै पढेलेखेका विद्वान् बुद्धिजीवी भन्नेहरू असफल भए। अन्त्यमा माओकै सिद्धान्त सफल भयो। नयाँ जनवादी क्रान्ति र दीर्घकालीन जनयुद्ध, छापामार युद्ध, चलायमान युद्ध र मोर्चाबद्ध युद्ध । हान र भाग, घुमी-घुमी लड, शत्रुलाई थकाऊ र जित। कमजोर भागमा हान। गाउँबाट सहर घेर। आधारइलाकाहरू बनाऊ। इलाकाहरू छुक्ष्याउ र त्यसअनुसारका कारबाहीहरू गर आदिआदि । यी कमरेड माओको सैन्य कार्यदिशाका मौलिक देन हुन्।

यहाँ हाम्रो सन्दर्भमा पनि यो पक्ष महत्वपूर्ण छ । हामीले युद्धको अध्ययन गर्दा आमयुद्धको पनि अध्ययन गर्नैपर्छ तर हाम्रो देशको युद्धको अध्ययनमा सर्वाधिक जोड दिनु पर्दछ। नेपालको इतिहास, इतिहासमा नेपालमा भएका युद्धहरू, गृहयुद्ध, जनयुद्ध र तमाम प्रकारका सफल असफल सङ्घर्ष र आन्दोलन, विद्रोहहरूलाई गहिराइमा अध्ययन गर्न जरुरी छ । माथि पनि उल्लेख गरियो- नेपालमा पनि पर्याप्त युद्ध र सङ्घर्षको इतिहास छ। यसबारे नेकपामा धेरै बहसहरू भएका छन्। त्यसैमा मतैक्य नहुँदा पार्टीहरू टुक्राटुक्रा हुँदै आएका छन् । कम्युनिस्टहरू फुट्नुको कारण नै कार्यदिशामा नमिलेर हो । यस अर्थमा उनीहरूले क्रान्तिका लागि गहिरिएर युद्धको अध्ययन गरेका छैनन्। उनीहरू मार्क्सवादको अध्ययन त गरे तर दह्रोसँग पकड्न सकेनन् । किन दह्रोसँग पकड्न सकेनन् ? उत्तरहरू धेरै छन् । त्यता नजाऔँ । यहाँ यति मात्र भनौँ चीनमा माओकालीन 'साढे २८ बोल्सेभिकहरू' को अवस्था नेपालमा पनि दोहोरियो तर भिन्न रूपमा । अहिलेसम्मको ६ दशक लामो नेकपाको इतिहासमा केस सेतो भएर फुलिसक्दा पनि नेपाली समाज र नेपालको क्रान्तिकारी युद्धको अध्ययन र यसका नियमहरूको अध्ययन गर्न नसक्नु र त्यसलाई नेपालको सन्दर्भमा नेपाली मौलिकताको युद्ध लड्न नसक्नु विडम्बना भएको छ। पछिल्लो समयमा जनयुद्ध पनि नेतृत्वको विचलन र आत्मसमर्पणका कारण असफलतामा गएर टुङ्गियो। यसले झन् गम्भीर बनाएको छ। नयाँ खालको क्रान्तिकारी युद्धका नियमहरूको अध्ययन, खोज-अनुसन्धान र वैज्ञानिक प्रयोग अबको नयाँ पुस्ताको काँधमा आएको छ । नेकपाको आठौँ महाधिवेशनबाट पारित 'एकीकृत जनक्रान्ति' को राजनीतिक कार्यदिशा यसैको उपज हो। यसले धेरै नयाँ कुराहरूलाई उजागर गरेको छ।

**३. एकीकृत जनक्रान्ति नेपालको मौलिक कार्यदिशा**

एकीकृत जनक्रान्तिको कार्यदिशा निर्माण गर्दा सकेसम्म कार्यदिशा जीवन्त र वैज्ञानिक बनोस् र वस्तुस्थिति मिल्दो होस् भन्नाका खातिर निम्न पाटापक्षहरूमा भरपूर ध्यान पुऱ्याइएको छ :

(१) एकीकृत जनक्रान्ति जनयुद्ध र जनविद्रोहको विरोधी वा विकल्प होइन, बरु यसको विकास हो।

(२) यसमा विश्वका सफल क्रान्तिका साथै जनयुद्ध र जनविद्रोहका सार्वभौम पक्षहरू पनि अन्तरनिहित छन्।

(३) यसभित्र समग्र युद्ध र सामान्य युद्ध नियमहरू पनि अन्तरनिहित छन्।

(४) यो कार्यदिशा निर्माण गरिरहँदा क्रान्तिकारी युद्ध रणनीति, क्रान्तिकारी युद्ध सिद्धान्त, क्रान्तिकारी युद्ध नियमहरूलाई पनि ध्यान दिइएको छ।

(५) यसमा नेपालको भौगोलिक तथा सामरिक अवस्थालाई पनि ध्यान दिइएको छ।

(६) यसको निर्माण गर्दा नेपालका समस्त जनता, क्रान्तिकारी जनता, उत्पीडित जनसमुदाय र समग्र नेपाली समाजलाई पनि ध्यान दिइएको छ।

(७) यसमा नेपालको आर्थिक, सामाजिक, राजनीतिक, सैन्य, प्रविधिसम्मको अवस्थालाई पनि ध्यान दिइएको छ।

(८) हाम्रा दुई छिमेकी देशहरू चीन र भारतको रणनीति, अवस्था र विशेषतालाई पनि ध्यान दिइएको छ।

(९) समग्र अन्तर्राष्ट्रिय परिस्थिति, आजको साम्राज्यवादका विशेषताहरूलाई पनि ध्यान दिइएको छ।

(१०) यसमा समग्र विश्वकम्युनिस्ट आन्दोलन, नेपाली कम्युनिस्ट आन्दोलनका सकारात्मक र नकारात्मक पक्षहरूलाई पनि समुचित ध्यान दिइएको छ।

(११) यो कार्यदिशा निर्माण गर्दा अहिलेसम्मका नेताहरूको सफलता र असफलता, मूल नेतृत्वको विचलन, आत्मसमर्पण, गद्दारी, पलायन, दलालीकरण, भ्रष्टीकरण आदिलाई केलाउने प्रयास गरिएको छ।

(१२) यसमा अहिलेसम्मको नेपालको इतिहास, ऐतिहासिक घटनाक्रमहरू र इतिहासका विशेषविशेष पात्रहरूलाई पनि ध्यान दिइएको छ।

(१३) यसमा नेपालको नयाँ वर्गविश्लेषण, जनताको आर्थिक अवस्था, राज्यको अर्थप्रणाली, क्रान्तिकारी अर्थप्रणाली आदिलाई पनि ध्यान दिइएको छ।

(१४) यसमा सङ्गठन, सङ्घर्षका संवाहक तत्व, नेपाली क्रान्तिका आधारभूत शक्ति, सहायक शक्ति र समर्थक शक्तिलाई पनि पर्याप्त ध्यान दिइएको छ।

(१५) यसमा नेपाली क्रान्तिका सम्भावित दुर्घटना, आकस्मिक घटना, नेपालको राजनीतिमा निरन्तर चल्दै आएको षड्यन्त्र, कूटनीति, हस्तक्षेप, परनिर्भरता आदिका बारेमा पनि ध्यान दिइएको छ।

(१६) यो लामो समयदेखिको सफल र असफल घटनाक्रम र क्रान्तिहरू विशेषतः १० वर्षको महान् जनयुद्धको असफलतापछि गरिएको समीक्षा, मूल्याङ्कन र शिक्षाबाट निकालिएको संश्लेषण र निष्कर्ष हो।

(१७) यसमा समग्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरविरोधहरू मुख्यतः क्रान्तिकारीहरूको आन्तरिक अन्तरविरोधहहरूमा ध्यान दिइएको छ।

(१८) यसमा सकेसम्म कमभन्दा कम क्षतिमा क्रान्ति कसरी पूरा गर्ने भन्ने पक्षमा पनि ध्यान दिइएको छ।

(१९) हरेक क्रान्तिको सफलता र असफलताको कारक तत्व उसको आन्तरिक पक्ष नै हो र जनयुद्धको असफलता र नेतृत्वको विचलनको मुख्य कारण पनि आन्तरिक पक्ष नै हो भन्ने यसको निष्कर्ष रहेको छ।

(२०) उपरोक्त सबै पक्षहरूको निचोडमा अबको अधुरो क्रान्ति पूरा गर्ने क्रान्तिको कार्यदिशा जनयुद्ध वा जनविद्रोह नभएर यसको विकसित रूप एकीकृत जनक्रान्ति हुनेछ भन्ने निष्कर्षका साथ एकीकृत जनक्रान्तिको कार्यदिशा तय गरिएको छ।

**४. एकीकृत सैन्य कार्यदिशा**

यही नयाँ कार्यदिशा 'एकीकृत जनक्रान्तिको कार्यदिशा' को आलोकमा नेपालमा गरिने क्रान्तिको सैन्य कार्यदिशा नै 'एकीकृत सैन्य कार्यदिशा' हुनेछ भनेर डेढ वर्षअगाडि सम्पन्न जनमुक्ति सेनाको दोस्रो राष्ट्रिय भेलाको विधान तथा प्रतिवेदनले स्पष्ट गरेको छ। यसअनुसार नेपालमा अब (१) गाउँ र सहर जोडेर लड्नुपर्ने, (२) किसान र मजदुर वर्गसँगै मध्यम वर्ग (नयाँ श्रमिक वर्ग) लाई जोड्नुपर्ने, (३) युद्धको मुख्य निशाना दलाल पुँजीवाद हुने र यसका विरुद्ध राष्ट्रिय पुँजीपति वर्ग, देशभक्त-राष्ट्रवादी शक्तिहरूसँग सहकार्य र संयुक्त मोर्चा बनाउँदै राष्ट्रिय स्वाधीनतामाथिको हस्तक्षेपका विरुद्ध गोलबन्द गर्ने, (४) प्रधान दुस्मनका विरुद्ध सम्पूर्ण मित्र शक्तिहरूलाई मोर्चाबद्ध गरी दुस्मनलाई सानो घेरामा पारेर आक्रमण गर्ने, (५) राष्ट्रिय/अन्तर्राष्ट्रिय शक्तिहरूको परिचालन गर्ने, (६) प्रविधिको विकास तथा तालिम प्रशिक्षणमा जोड दिने, (७) संसारभरका क्रान्तिकारी र आमयुद्धका सार्वभौम पक्षलाई पनि आत्मसात गर्दै नेपाली मौलिकताका युद्ध नियमहरूमा जोड दिने, (८) दस वर्षको जनयुद्धको जनमुक्ति सेनाका सबल र दुर्बल पाटा-पक्षहरू केलाउँदै त्यसमा विकास गर्नेलगायत पक्षहरूको जगमा एकीकृत सैन्य कार्यदिशा बनाइएको छ। यसले आम युद्ध, विश्वभरिका क्रान्तिकारी युद्धहरू र विगतको दस वर्षको जनयुद्धलाई सन्दर्भ सामग्रीका रूपमा लिँदै यसका सार्वभौम पक्षलाई नेपाली मौलिकता र विशेषतासँग जोडेर मात्र अबको सैन्य र राजनीतिक चुनौतीहरूको सामना गर्न सकिन्छ भन्ने निष्कर्ष नै एकीकृत सैन्य कार्यदिशा हो । यो प्रचण्डको असफलता, सिङ्गो विश्व कम्युनिस्ट आन्दोलनको समीक्षा र अध्ययनको बीचबाट विकसित कार्यदिशा पनि हो।

**५. निष्कर्ष**

जहाँ मौलिक विशेषतासहित क्रान्तिहरू भएका छन् त्यहाँ क्रान्ति सफल भएका छन् । जहाँ नक्कल गर्न खोजिएको छ त्यहाँ क्रान्तिहरू यान्त्रिक भौतिकवादको सिकार भएका छन् । नेपाली क्रान्ति पनि यसको सिकार हुँदै आएको छ । यति बेला एकातिर सत्ताधारी वर्गले पनि एकीकृत जनक्रान्तिको सैन्य कार्यदिशाबारे चासो गरिरहेको सन्दर्भ र अर्कोतिर कतिपय पार्टीबाहिरका र विशेषतः हिजो जनयुद्ध लडेको शक्ति, जनमुक्ति सेनाका साथीहरू र हाम्रो आन्तरिक पङ्क्तिले समेत यसबारेमा जिज्ञासाहरू प्रकट गरिरहेको र स्पष्टताको माग गरिरहेको सन्दर्भमा यो प्रश्न अति महत्वपूर्ण र संवेदनशील पनि बनेको अवस्था छ। हाम्रो पार्टी नेकपाले पार्टी पुनर्गठनपछि प्रथम राष्ट्रिय सम्मेलनलगत्तै काठमाडौँ र भक्तपुरमा सम्पन्न दुईदिने कार्यशालाबाट हाम्रो पार्टीको सैन्य रणनीति र सिद्धान्त स्पष्ट गरेको छ। यसका साथै २०७२ असोजमा सम्पन्न जनमुक्ति सेनाको दोस्रो राष्ट्रिय भेलामा एकीकृत सैन्य रणनीति र कार्यनीतिलाई अझ स्पष्ट गरेको छ। यो कुरामा कुनै द्विविधा छैन- नेपालमा सशस्त्र क्रान्ति सम्भव छ। त्यसैले हाम्रो पार्टीको प्रथम राष्ट्रिय सम्मेलन, पहिलो सैन्य कार्यशाला, जनमुक्ति सेनाको दोस्रो राष्ट्रिय भेला र आठौँ महाधिवेशनले एकीकृत जनक्रान्तिको सैन्य रणनीतिबारे स्पष्ट गरेको छ- नेपालमा अब एउटा अन्तिम क्रान्ति बाँकी छ । त्यो एकीकृत जनक्रान्तिबाट सम्पन्न हुनेछ । यो क्रान्ति (१) यो सशस्त्र हुनेछ (२) जनमुक्ति सेना (जनसेना) अनिवार्य हुनेछ। (३) आम पार्टीपङ्क्ति नै सैन्यीकृत हुनेछ । (४) यसको प्रमुख निशाना दलाल पुँजीवाद र यसका संवाहकहरू हुनेछन्। (५) यसले राष्ट्रवादी/देशभक्तहरू, जनवादी वामपन्थी शक्तिहरू र असली लोकतन्त्रवादी शक्तिहरूसँग सहकार्य गर्दै अघि बढ्नेछ। (७) यसले गाउँ र सहरलाई जोड्नेछ। (८) यसले किसान, मजदुर र मध्यम वर्ग (नयाँ श्रमिक वर्ग) लाई साथ लिएर लड्नेछ । (९) वैज्ञानिक समाजवादी व्यवस्था स्थापना यसको मुख्य लक्ष्य हुनेछ । (१०) दुवै छिमेकी मित्र राष्ट्रसँग देश र जनताको हितमा सहकार्य र हस्तक्षेपमा आलोचना र विरोधको नीति लिनेछ।

यो नै मूलभूत रूपमा एकीकृत जनक्रान्तिको सैन्य कार्यदिशा हो। यसले शान्तिपूर्ण सङ्क्रमण र दलाल संसदीय व्यवस्था तथा भ्रष्टाचारयुक्त राजनीतिक व्यवस्थाको पूर्ण अन्त्य गर्दै देशलाई पूर्ण भ्रष्टाचारमुक्त, उत्पीडनमुक्त, बाह्य हस्तक्षेपमुक्त, पूर्ण स्वाधीन र समृद्ध नेपाल स्थापना गर्ने उद्देश्यलाई आफ्नो आदर्श बनाएको छ । यही नै एकीकृत जनक्रान्तिको सैन्य कार्यदिशाको घोषित लक्ष्य हो।

> सबैको चाहना शान्तिभन्दा अलग छैन । सबैले शान्ति र समृद्धिकै कुरा गर्छन् । यो उनीहरुको सामान्य मानवीय स्वभाव हो तर उनीहरुको सोच्ने, बुझ्ने, व्याख्या गर्ने र प्रयोग गर्ने तरिकाहरु भने फरकफरक छन् । जस्तो कि ।युद्ध र क्रान्ति बारे बुझाइलाई नै हेरौं : एकजना सामान्य किसान, जसको चेतना तुलनात्मक रुपले पछि छ तर उनीहरु ।युद्ध र क्रान्ति को कुरा गर्दा नबुझेरै तर्सन्छन् । तर्सन्छन् मात्र होइन, बेस्सरी तर्सन्छन् जब कि उनीहरु हरेक क्षण, हरेक पल युद्धको चपेटामा पिल्सिरहेका हुन्छन् । जब उनीहरु कुरा बुझ्छन् आफैं त्यसको समर्थन गर्छन् वा क्रान्ति वा युद्धको बाहक पनि बन्छन् ।

# सामन्ती समाजमा पुँजीवादी उत्पादन सम्बन्ध



अनुवाद : भेषराज भुसाल

माल आर्थव्यवस्थाको विकास र आदिम सञ्चयले पुँजीवादी उत्पादन सम्बन्धहरूलाई जन्म दियो र अगाडि बढायो।

सामन्ती युगको उत्तरार्द्धमा माल अर्थव्यवस्थाको विकाससँगै पुँजीवादी उत्पादन सम्बन्ध अस्तित्वमा आयो। सामन्ती समाजमा साधारण माल उत्पादन निजी स्वामित्व र व्यक्तिगत श्रममा आधारित थियो। उत्पादनको उद्देश्य विनिमय गर्नु थियो। माल उत्पादकहरूले आफ्नो उत्पादन बजारमा बेच्नु पर्दथ्यो। यद्यपि हरेक माल उत्पादकसँग उत्पादनका परिस्थितिहरू, कौशल र श्रमको उपलब्धता फरकफरक थियो। त्यसकारण एउटै प्रकारका मालमा खर्च हुने श्रमको मात्रा फरकफरक थियो। अर्कोतर्फ एकै किसिमका माल एउटै मूल्यमा बिक्दथे। यसमा एउटा अन्तरविरोध अन्तरनिहित थियो। यी अन्तरविरोधहरू विकसित हुँदै जाँदा सीमित साना माल उत्पादक जसका उत्पादन परिस्थितिहरू राम्रा थिए, समृद्ध भए। उत्पादनका खराब परिस्थितिहरू हुने बहुसङ्ख्यक साना उत्पादक लगातार गरिब हुँदै गए। यसप्रकार साधारण माल उत्पादकहरूका बीचमा ध्रुवीकरण हुन गयो।

सामन्ती समाजमा एउटै धन्धामा लागेका कालीगढहरूका बीच एकआपसमा वा अरू क्षेत्रहरू वा धन्धाहरूका कालीगढहरूका साथ प्रतिस्पर्धालाई रोक्नका निम्ति प्रायः कालीगढ सङ्घ (गिल्ड) बनाउँथे। सङ्घका सदस्यहरूले सङ्घका नीतिनियम मान्नु पर्दथ्यो। कालीगढी सङ्घमा गुरु कालीगढ, मजदुर कालीगढ र सहयोगीहरूको सम्बन्ध मूलतः सामन्ती थिए जसमा किञ्चित शोषण निहित थियो। यी सङ्घहरूले साना माल उत्पादकहरूका बीचको ध्रुवीकरणलाई सीमित गरिदिए। यद्यपि माल अर्थव्यवस्थाको विकाससँगै केही समृद्ध गुरु कालीगढहरूलाई सङ्घका नियमहरूको पालना गर्न खट्किन थाल्यो। उनीहरूले मजदुर कालीगढहरू र सहयोगी मजदुरहरूको सङ्ख्या धेरै बढाइदिए। उनीहरूको कामको घन्टा पनि बढाइदिए। उत्पादनको प्रविधिमा सुधार गरे र मजदुर कालीगढहरू र सहयोगी मजदुरहरूलाई ज्यालादारी मजदुरमा बदलिदिए। आर्थिक टाटपल्टिएका अन्य गुरु कालीगढ, मजदुर कालीगढ र सहयोगी मजदुरहरू पनि ज्यालादारी मजदुर बन्न थाले। यस ध्रुवीकरणका आधारमा सुस्तसुस्त रोजगारका पुँजीवादी सम्बन्ध अस्तित्वमा आए।

साना माल उत्पादकहरूको ध्रुवीकरण र पुँजीवादी उत्पादन सम्बन्धहरूको आगमनको प्रक्रियामा वाणिज्य पुँजीले महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो। व्यापारी सुरुमा माल विनिमयमा बिचौलिया हुने गर्दथ्यो। पछिल्लो ठेकेदार व्यापारी बन्न गयो जसले माल उत्पादकहरूका उत्पादित माल बेच्ने ठेक्का लिने गर्थ्यो र त्यसपछि उसले साना उत्पादकहरूलाई कच्चा पदार्थ र उपकरणसम्म उपलब्ध गराउन थाल्यो जुन तय गरिएको समयमा निश्चित गुण, प्रकार र विशिष्टताका उत्पादन गरेर उसलाई दिने गर्दथे। यसप्रकार साना माला उत्पादक पूर्ण रूपमा व्यापारीको नियन्त्रणमा आए। ज्यालादारी मजदुर बने र व्यापारी स्वयम् औद्योगिक पुँजीपति बने।

गाउँमा सामन्ती समाजको अन्तिम अवधिमा माल अर्थव्यवस्थाको विकासका कारण भूस्वामी वर्गले सुस्तसुस्त मुद्रा लगानको व्यवस्था अपनाउन थाले। यसबाट किसानहरूको बजारहरूमा निर्भरता दिन-प्रतिदिन बढ्दै गयो र तिनीहरूका बीचमा ध्रुवीकरण तीव्र हुन गयो। किसानहरूको बहुसङ्ख्या दामासाही हुन गयो र ज्यालादारी मजदुरमा बदलिए। केही धनी किसान बन्न पुगेपछि यिनीहरूमध्ये कृषि क्षेत्रका पुँजीपति बनेर अगाडि आए।

उपरोक्त प्रकारले सामन्ती समाजमा क्रमशः पुँजीवादी उत्पादन सम्बन्ध कायम भए। चीनका उत्तरवर्ती सामन्ती समाजमा माल अर्थव्यवस्थाको विकाससँगै पुँजीवादी उत्पादन सम्बन्धहरूका टुसा उम्रिनै थालेका थिए। विदेशी पुँजीवादको प्रभाव नभएको भए त चीन क्रमशः एउटा पुँजीवादी समाजमा विकसित भइसकेको हुन्थ्यो।

सामन्ती समाजमा पुँजीवादी उत्पादन सम्बन्धहरूको स्थापनाको उत्पादन शक्तिहरूको विकाससँगै घनिष्ट सम्बन्ध थियो। आरम्भमा कालीगढहरूका ससाना वर्कसप (कार्यशाला) ठूला पुँजीवादी वर्कसपहरूमा बदलिए। यी वर्गसपहरूमा अहिले पनि मुख्यतः हाते श्रम हुन्थ्यो। परन्तु एकीकृत पुँजीवादी निर्देशहरूको मातहत धेरै नै मजदुरहरूले एकै साथ काम गर्नाले सहकार्य सम्भव हुन गयो जसबाट एउटा नयाँ उत्पादक शक्ति अगाडि आयो। त्यसपछि पुँजीवादी साधारण सहकार्य पुँजीवादी कारखाना कालीगढी उद्योगका रूपमा विकसित हुन गयो। कारखाना कालीगढी उद्योगको खास विशेषता के थियो भने यसमा एउटै माल पैदा गर्ने मजदुरहरूका बीचमा श्रमको विभाजन थियो जसमा हरकोही एउटा प्रक्रियामा दक्ष थियो। यसले श्रमप्रक्रियाहरूलाई सरल बनायो र श्रम आगत (ियदयगच ष्लउगत) लाई सघन बनाएर श्रमको उत्पादकता बढायो। यसबाट हातहरूबाट हुने कामहरूको स्थानमा मेसिनबाट काम हुने परिस्थिति पनि तयार गऱ्यो।

पुँजीवादी उत्पादन सम्बन्धहरूको विकास दुईवटा मूलभूत स्थितिहरूमा निर्भर गर्दछ : प्रथम त्यस्ता सर्वहाराहरूको एक ठूलो जमात आवश्यक थियो जुन आफ्नो श्रम बेच्न स्वतन्त्र हुन्थ्यो। दोस्रो, ठूलो मात्रामा धनसम्पदाको पहिलेदेखि सञ्चय आवश्यक थियो। पुँजीवादी उत्पादन सम्बन्धहरू विकासलाई सहज बनाउनका लागि बुर्जुवा वर्गले उपरोक्त दुईवटा परिस्थिति सिर्जना गर्नका लागि हिंसाको प्रयोग गऱ्यो। यसप्रकार पुँजीवादको विकासमा आदिम सञ्चयको एउटा प्रक्रिया उपस्थित थियो।

आदिम सञ्चयको एउटा महत्वपूर्ण तरिका किसानहरूको शोषणको माध्यम थियो। इङ्ल्यान्ड जहाँ उत्पादन सम्बन्ध सबैभन्दा पहिले प्रकट भयो यसको एउटा प्रतिनिधिमूलक उदाहरण थियो। १४७० को दशकदेखि उन्नाईसौं शताब्दीको प्रारम्भसम्मका तीन सय वर्षभन्दा धेरै अवधिमा अङ्ग्रेज शासकवर्गले किसानहरूबाट जबर्जस्ती जमिन लिनका निम्ति 'बाडाबन्दी' आन्दोलन छेडे। इङ्ल्यान्डमा आधुनिक उद्योगको सुरुआत ऊनी कपडाबाट भएको थियो। ऊनी वस्त्र उद्योगमा ऊनको अत्यधिक मागका कारण त्यसको मूल्य बढ्यो। कमाइको यो अवसरको फाइदा उठाउनका निम्ति ठूला भूस्वामीहरू र फार्म मालिकहरूले तमाम यस्ता जमिन घेरे जहाँ उनीहरूले भेडा पाल्न सक्थे। उनीहरूले किसानहरूलाई जवर जस्ती उनीहरूको जमिनबाट बेदखल गरिदिए। उनका घरहरू भत्काइदिए र आगो लगाइदिए। साथै ठूलो मात्रामा उत्पादनका साधन तथा जीवनयापनका साधन हड्पिए। बाडाबन्दी आन्दोलनले किसानहरूको धेरै ठूलो सङ्ख्यालाई आफ्नो जग्गाजमिनबाट बेदखल गरिदियो र जीवनयापनका लागि टाढाटाढासम्म भड्किन र भिक माग्न बाध्य पारिदियो। त्यसपछि अङ्ग्रेज शासक वर्गले कैयौं रगतबाट लतपतिएका कानुन बनाएर किसानहरूलाई यताउता जानबाट रोक लगाइदिए र उनीहरूलाई कठोर परिस्थितिहरूमा मजदुरी गर्नका निम्ति बाध्य पारे।

धनसम्पत्तिको लुटपाट आदिम सञ्चयको एउटा अर्को महत्वपूर्ण तरिका थियो। युरोपियन बुर्जुवा वर्गले औपनिवेशिक अवस्था कायम गर्नका निम्ति एसिया, अफ्रिका, अमेरिका र अस्ट्रेलियामाथि सशस्त्र आक्रमणको सहारा लियो। उनीहरूले ठूलो परिमाणको पुँजीवादी उत्पादनको स्थापनाका निम्ति पुँजी जम्मा गर्नका लागि व्यापारिक युद्ध छेडिदिए र उपनिवेशहरूका भौतिक संसाधनहरू तथा धनसम्पत्ति निकृष्ट तरिकाले लुटे।

यसप्रकार आदिम सञ्चयको प्रक्रिया प्रत्यक्ष उत्पादकहरूलाई उनका उत्पादनका साधननहरूबाट जबर्जस्ती अलग गर्ने तथा धनसम्पत्तिलाई पुँजीका रूपमा पुँजीपतिहरूका हातमा एकट्ठा गर्ने प्रक्रिया थियो। मार्क्सले तीखो शब्दमा भन्नुभयो, 'बुर्जुवा वर्गद्वारा प्रत्यक्ष उत्पादकहरूको स्वत्वहरणको यो इतिहास मानव कालक्रममा रगत र आगोबाट लेखियो।'९ आदिम सञ्चयको प्रक्रिया एकदम स्पष्ट रूपले के देखाउँछ भने पुँजीपतिहरूले 'धुलोबाट सुरुआत' गरेका थिएनन्, बरु उनीहरू लुटपाटमा निर्भर थिए। 'पुँजी खुट्टादेखि टाउकासम्म रगत र फोहोरमा मुछिएको छ।' १०

बुर्जुवा क्रान्तिले सामन्तवादको पतनलाई उद्घोष गऱ्यो।

सामन्ती समाजमा पुँजीवादी उत्पादन सम्बन्धहरूको जन्म र विकास सामन्ती उत्पादन सम्बन्धहरू र उनको अधिरचनाका कारण खराब तरिकाले अवरुद्ध थियो। उनीहरूलाई सामन्ती समाजमा प्रभुत्वशाली भूमिका प्राप्त गर्नबाट रोक्ने गरिन्थ्यो किनकि सामन्ती शासकवर्ग इतिहासको मञ्चबाट स्वेच्छापूर्वक हट्नका निम्ति कुनै हालतमा तयार थिएन। उसले पुरानो भइसकेको सामन्ती व्यवस्थालाई बचाउनका निम्ति आफ्नो नियन्त्रणमा रहेका राज्य मेसिनरीको प्रयोग गऱ्यो। पुँजीवादी उत्पादन सम्बन्धहरूको प्रतिनिधित्व गर्ने बुर्जुवा वर्ग र बुद्धिजीवीहरूले पुँजीवादी उत्पादन सम्बन्धहरूलाई 'शाश्वत् एवम् तर्कपरकताको अभिव्यक्ति' तथा 'प्रकृतिको शाश्वत् नियम' का रूपमा प्रचार गरे। उनीहरूले सामन्तवादलाई उखेलेर फाल्नका लागि बुर्जुवा क्रान्तिका पक्षमा जनमत तयार गर्ने प्रयासहरूअन्तर्गत तथाकथित 'स्वतन्त्रता, समानता, एवम् सार्वभौम प्रेम' को समर्थन गरे र सामन्तवादको भर्त्सना गरे। बुर्जुवा क्रान्तिका मुख्य वर्गशक्तिहरू किसान, सर्वहारा र बुर्जुवाहरू थिए। किसान मुख्य शक्ति थिए यद्यपि उनीहरूले नयाँ उत्पादक शक्तिहरूको प्रतिनिधित्व गर्दैनथे। सर्वहारा वर्गले आफ्नो स्वतन्त्र राजनीतिक शक्ति गठन गरिसकेको थिएन। त्यसकारण बुर्जुवा वर्गले बुर्जुवा क्रान्तिको नेतृत्व समाल्यो। पुरानो चीनमा अर्धसामन्ती अर्धऔपनिवेशिक समाज हुनुका कारण बुर्जुवा वर्ग दुई भागमा विभाजन भएको थियो। पहिलो हिस्सा नोकरशाही बुर्जुवा वर्गको थियो। यो साम्राज्यवादमाथि निर्भर थियो। यो वर्ग र भूस्वामी वर्गले सबैभन्दा पिछडिएको र सबैभन्दा प्रतिक्रियावादी उत्पादन सम्बन्धहरूको प्रतिनिधित्व गर्दथ्यो। तिनीहरू चिनियाँ बुर्जुवा जनवादी क्रान्तिका निशाना थिए। दोस्रो हिस्सामा राष्ट्रिय बुर्जुवा वर्ग थिए। यो वर्गा साम्राज्यवाद र सामन्तवादको उत्पीडन र अवरोधहरूको सिकार थियो। यद्यपि अर्कोतर्फ उनीहरूसँग घनिष्ट रूपमा जोडिएका पनि थिए। त्यसका कारण राष्ट्रिय बुर्जुवा वर्ग जनवादी क्रान्तिका पक्षमा एउटा शक्ति बन्यो। परन्तु यो कमजोर र अस्थिर थियो। यसकारण 'यो ऐतिहासिक रूपमा तय भयो कि साम्राज्यवादविरोधी सामन्तवादविरोधी बुर्जुवा जनवादी क्रान्तिको कार्यभार बुर्जुवा नेतृत्वद्वारा होइन, बरु सर्वहारा नेतृत्वद्वारा नै पूरा गर्न सकिन्छ।' ११

बुर्जुवा क्रान्ति एउटा यस्तो क्रान्ति थियो जसमा शोषणको एउटा रूपको स्थान अर्को रूपले लिएको थियो तर पनि यसले कैयौं विपत्तिहरू झेल्नु पऱ्यो। बुर्जुवा क्रान्तिको दौरानमा पेचीला वर्ग सङ्घर्ष भए। सामन्त वर्गले आफ्नो सत्ताको पुनर्स्थापनाका निम्ति जिउज्यानका साथ प्रयास गऱ्यो र बुर्जुवा वर्गले त्यसको प्रतिरोध गऱ्यो। इङ्ल्यान्डमा बुर्जुवा क्रान्ति १६४० मा सुरु भएको थियो। दुईवटा आन्तरिक युद्धपछि मात्र स्टुअर्ट वंशका प्रतिनिधि चाल्स प्रथमलाई मृत्युदण्ड दिइयो। १६६० मा स्टुअर्ट वंशकै चार्ल्स द्वितीयले फेरि पुनर्स्थापनाको प्रयास गरे। १६८८ मा इङ्ल्यान्डका बुर्जुवा वर्गले स्टुअर्ट शासनलाई उखेलेर फाल्नका लागि आरेजका राजकुमार विलियम द्वितीयलाई इङ्ल्यान्डबाट आमन्त्रित गरे तब गएर मात्र बुर्जुवा तानाशाही स्थिर हुन सक्यो। फ्रान्समा १७८९ बुर्जुवा क्रान्तिको विस्फोटदेखि १८७५ मा तृतीय गणतन्त्रको स्थापनासम्मको ८६ वर्षहरूको अवधिमा प्रगति र पछाडि हट्नु, गणतन्त्र, राजतन्त्र, क्रान्तिकारी आतङ्क र प्रतिक्रान्तिकारी आतङ्क, आन्तरिक र बाहिरी युद्ध,

बाँकी पृष्ठ ५ मा

# देशको वर्तमान चित्र

वीरेन्द्र शाह

देश यतिबेला असाध्यै चुनौतीपूर्ण ढङ्गबाट अगाडि बढिरहेको छ। त्यसको अनुभूति आमनागरिकले गरिरहेका छन्। सरकार र सत्तामा भएकाहरूले जेसुकै कुराको भाषणबाजी गरे पनि आमनागरिकको जीवन कष्टप्रद छ र सहज जीवनयापन गर्न असम्भव भएको छ। देशको वर्तमान चित्र हेर्दा मृत्युशैय्यामा छट्पटाइरहेको आभास भैरहेको छ। चर्को कर, बढ्दो महँगी, सामाजिक असुरक्षा, बेरोजगारी, विभिन्नखाले उत्पीडनहरूले आमनागरिक आक्रान्त छन्। भ्रष्टाचार संस्थागत भएको छ। हरेक सरकारी र जनप्रतिनिधिहरू भएका अड्डाहरूमा त लुटै मच्चिएको छ। बलात्कार, हत्या-हिंसाका घटनाहरू बढ्दो क्रममा छन् र पीडितले न्याय पाउन पनि सहज छैन किनकि जताततै विकृत राजनीति जेलिएको छ। मानवअधिकार हननका घटनाहरू तीव्र रूपमा बढेका छन् जसमा राज्य आफैं संलग्न छ।

देशको अर्थतन्त्र धराशयी बनेको छ। देश विदेशी उपभोग्य वस्तु बिक्री गर्ने बजारका रूपमा परिणत भएको छ। देशको शिक्षाक्षेत्र बेरोजगार उत्पादन गर्ने कारखाना बनेको छ। युवाहरूको बाध्यात्मक विदेश पलायन भनीसाध्यै छैन। देशको राजनीतिको कुरा गर्ने हो भने असाध्यै घिनलाग्दो र जनताको आशा-भरोसा नै उठिसकेको छ। सरकार र सत्तामा भएकाहरूले देशमा लोकतन्त्र र गणतन्त्र आएको कुरा, संविधान बनेको कुरा, शान्ति, स्थिरता र समृद्धिको कुरा गरेर थाक्दैनन् तर जनताको जीवनमा कुनै पनि परिवर्तन आएको छैन। देशको यो वर्तमान चित्र हो।

विद्यार्थी आन्दोलनका सन्दर्भमा बहस केन्द्रित गर्दा देशको वर्तमान चित्रको सार बुझ्न पनि आवश्यक छ। जस्तोसुकै कठिन र चुनौतीपूर्ण अवस्था आए पनि के हामीले हाम्रो देशलाई बिर्सिन मिल्छ त ? के हामी लाखौं युवाविद्यार्थीहरूको भविष्य अँध्यारोतिर गएको टुलुटुलु हेरेर बस्न मिल्छ त ? पटक्कै मिल्दैन र त्यसको जबाफ दिन हामी तयार हुनुपर्छ। नयाँ बहस र दिशामा विद्यार्थी आन्दोलन पनि अगाडि बढाउनुपर्छ, निर्विकल्प।

इतिहासलाई फर्केर हेर्दा संसारका हरेक परिवर्तन र आन्दोलनहरूमा विद्यार्थीहरूको भूमिका अग्रभागमा रहेको छ। नेपालको हकमा पनि सबैखाले सामाजिक रूपान्तरण र परिवर्तनका आन्दोलनहरूमा विद्यार्थीहरूको भूमिका गौरवपूर्ण नै छ। वर्तमान सन्दर्भमा विद्यार्थी आन्दोलनको विश्लेषण गर्दा अन्तर्राष्ट्रिय र राष्ट्रिय रूपमा पनि विद्यार्थी आन्दोलनले नयाँ दिशा पक्रिन नसकेको देखिन्छ र त्यो फेरि समग्र विषय नयाँ दृष्टिकोण, विचार र दर्शनको विकास र उत्पत्तिसँग जोडिन पुग्छ। स्टेफिन हकिङ्सले भन्नुभएजस्तै विज्ञानको विकास जुन गतिमा अगाडि बढ्यो, त्यो गतिमा दर्शनको विकास हुन सकेन जसले गर्दा समाजलाई नेतृत्व प्रदान गर्नसक्ने नयाँ दर्शनको अभावले सामाजिक रूपान्तरण र आन्दोलनका प्रक्रियाहरू बीच बाटोमै अल्मलिएका र अल्झिएका जस्तै छन्। त्यसकै एउटा सानो अंश युवा विद्यार्थी आन्दोलन पनि हो।

अन्तर्राष्ट्रिय क्षेत्रमा हेर्दा ठूलाठूला विद्यार्थी आन्दोलनहरू हुन सकेका छैनन् र त्यहाँ दलाल पुँजीवादी व्यवस्थाले आन्दोलनलाई नै विभाजित गरिदिएको छ। सत्ता र सरकारबाट टाढा रहेका केही कम्युनिस्ट विचारधारानिकट क्रान्तिकारी विद्यार्थी सङ्गठन र अन्य प्रतिपक्षी, सुधारवादी धाराहरू निकट विद्यार्थी सङ्गठनहरूका सामान्य गतिविधिहरू मात्रै छन्। समग्र प्रभावमा छैनन् र फेरि त्यो विषय त्यहाँको वर्तमान कम्युनिस्ट आन्दोलनको प्रभावसँग प्रत्यक्ष जोडिने कुरा पनि हो। नेपाली विद्यार्थी आन्दोलनको सन्दर्भ हेर्दा नयाँ गति पक्रिन सकेको देखिन्न र विद्यार्थी आन्दोलन पनि विभिन्न भागमा विभाजित भएको छ। सत्ता र सरकारसँग जोडिएकाहरू नेता, नेतृत्वको गुलामी र सरकारको बचाउमै ठिक्क छन्। संसद्मा प्रतिपक्षी भनिएका दलसँग जोडिएकाहरू आफ्नै रोइलोमा र साङ्गठनिक समस्याको जालोमा बेरिएका छन्। यस्तो जटिल परिवेशमा क्रान्तिकारी आन्दोलन र विद्रोहसँग जोडिएकाहरूले उठाएको विद्यार्थी सङ्घर्षले विद्यार्थीहरूको हक र अधिकारका लागि आन्दोलन जारी रहेको अनुभूति त सबैले गरेका छन् तर त्यतिले मात्रै पुग्छ त ? नेपालका लाखौं विद्यार्थीहरू नेतृत्व गर्ने प्रश्नको हल भेटिन्छ त ? त्यसका लागि सबै सीमा, समस्या र कमजोरीहरूको समीक्षासहित विद्यार्थी आन्दोलनलाई अगाडि बढाउन जरुरी देखिन्छ।

देशको शिक्षा क्षेत्र विभिन्न समस्याहरूले जकडिएको छ। शिक्षा क्षेत्रमा निजीकरण र व्यापारीकरण व्याप्त छ। राज्य सञ्चालन तहमा रहेकाहरू शिक्षाको दलालीकरण गर्न र कमिसन खानमा लागेका छन्। सरकारी शिक्षा हेर्ने हो भने विद्यालयहरूको अवस्था दयनीय बनेको छ। अभिभावकलाई निजी विद्यालयमा भर्ना गर्न बाध्यात्मक परिस्थिति उत्पन्न गरिएको छ। सरकारी विद्यालयका शिक्षकहरूकै लगानीमा निजी विद्यालयहरू खोलिएका छन्। शिक्षाको गुणस्तर पनि एकदम कमजोर रहेको छ। प्राविधिक तहको उच्च शिक्षा त असम्भव नै छ। आधारभूत तहको शिक्षा हेर्ने हो भने पनि सहजै मजदुर-किसानका छोराछोरीहरूले पढ्न पाउने अवस्था छैन। विद्यार्थीको पढ्ने चाहना हुँदाहुँदै पनि बीचमै पढाइ छोडेर बिदेसिन बाध्य छन्। विश्वविद्यालय क्षेत्र चुर्लुम्म राजनीतिक हस्तक्षेप र भागबन्डामा डुबेको छ। त्यहाँ योग्यता र क्षमताको कदर हुँदैन। शिक्षा क्षेत्रमा भएको भ्रष्टाचार हेर्ने हो भने सीटीईभीटीलाई दोस्रो भन्सारको नाम दिइएको छ। मेडिकल शिक्षामा दलालीकरण र माफियाकरणले हद नाघेको छ। विश्वविद्यालयबाट सम्बन्धन दिनका लागि करोडौं रकमको चलखेल हुन्छ। राज्यद्वारा शिक्षा क्षेत्रको पूर्वाधार निर्माणका लागि छुट्याइएको रकममा चालीस प्रतिशतसम्म भ्रष्टाचार हुन्छ। शिक्षा क्षेत्रको वर्तमान चित्र सारमा यही नै हो।

शिक्षा क्षेत्रको अवस्था यस्तो दयनीय हुँदा पनि किन विद्यार्थी आन्दोलनले गति लिन सकिरहेको छैन ? यो विषयको गम्भीर्यलाई बुझ्न र हल खोज्न आवश्यक छ। नेपालको घिनलाग्दो फोहोरी सत्ताराजनीति र यसको प्रभावले नयाँ पुस्ताका युवाविद्यार्थीहरूमा राजनीतिप्रति तीव्र वितृष्णा र निराशा जागेको छ। फलस्वरूप अहिले हामी हेर्छौं- क्याम्पस र विश्वविद्यालयहरूमा विद्यार्थी आन्दोलन र सङ्गठनमा सहजै नयाँ पुस्ता जोडिइरहेको छैन। युवा विद्यार्थीहरूलाई मनोवैज्ञानिक रूपमा कमजोर पारिएको छ। जति पढे पनि जानुपर्ने विदेश नै हो। नेपालमा केही गर्न सकिन्न र आन्दोलन लाग्नु भनेको जीवन बर्बाद पार्नु मात्रै हो भन्ने बुझाइ निर्माण भएको छ। के आन्दोलनमा नयाँ जीवन खोज्न सकिन्न त ? के आन्दोलनबाट नयाँ पुस्ताका लागि सुनौलो बाटो निर्माण गर्न सकिन्न त ? के अब निराश भएका युवा विद्यार्थीहरूमा आशा जगाउन सकिन्न त ? सकिन्छ अवश्य पनि !

विद्यार्थी आन्दोलनमा यी समस्याहरू हल खोज्दा आगामी दिशाका बारेमा बहस केन्द्रित गर्दा पहिलो कुरा नेपालको विकृत र भ्रष्ट राजनीतिबाट विद्यार्थी नेताहरू बच्न जरुरी छ र लाखौं विद्यार्थी र आमजनताका अगाडि नयाँ राजनीतिक संस्कार र चरित्र युवा विद्यार्थी नेताहरूले प्रस्तुत गर्न जरुरी छ। राजनीति र आन्दोलनभित्र रहेका सबैखाले गलत प्रवृत्तिहरू र कामहरूको भन्डाफोर गर्न जरुरी छ। विद्यार्थी आन्दोलनमा एउटा नयाँ बहसको सिर्जना गर्दै शैक्षिक मुद्दाहरूमा केन्द्रित आन्दोलनको जबर्जस्त उठान गर्न आवश्यक छ। विद्यार्थी आन्दोलनका नेताहरूले नयाँ खोज र अनुसन्धान प्रक्रियामा जुट्न जरुरी जसले राजनीतिलाई पनि सङ्लो बनाओस् जसबाट सामाजिक सांस्कृतिक र आर्थिक रूपान्तरणको आन्दोलनलाई पनि सहयोग होस्। यी आधारभूत विषयहरूसँगै क्रान्तिकारी विद्यार्थी सङ्गठनहरूको संयुक्त मोर्चा, अन्य प्रतिपक्षी सङ्गठनहरूसँग पनि आवश्यक सहकार्यबाट आन्दोलन अगाडि बढाउन सकिन्छ। शैक्षिक अधिकारका मुद्दाहरूमा नेपालका सडकहरूमा लाखौं विद्यार्थी उतारेर राज्यलाई माग सम्बोधनका लागि बाध्यात्मक अवस्था सिर्जना गर्न सकिन्छ। राज्यले देश, जनता र आमनागरिकको अहितमा गरेका निर्णयहरूका विरुद्ध सबैभन्दा पहिला विद्यार्थीहरू सडकमा ओर्लिनुपर्छ। अर्को विषय अहिलेको परिवेशमा अन्तर ष्ट्रिय स्तरमा पनि अन्य देश युवा विद्यार्थीहरूसँग पनि छलफल र बहस गर्नुपर्छ र मिल्ने विषयवस्तुहरूमा विभिन्न देशहरूमा पनि संयुक्त विद्यार्थी आन्दोलनको विकास पनि गर्नुपर्छ।

अन्त्यमा, देश सङ्कटमा छ र देशलाई हाम्रो खाँचो छ। त्यसैले जस्तोसुकै कठिनाइको घडी आए पनि युवा विद्यार्थीहरू निराश हुन मिल्दैन। आफ्नो मनोबल कमजोर बनाउनु हुँदैन र आवश्यक परेको बेला आन्दोलनको नेतृत्व र राजनीतिको जिम्मा लिने तहमा पुग्नुपर्छ। हामीले बिग्रेको र भत्केको कुरा छरपस्ट छोडिदियौं भने आउँदो पुस्ताको भविष्य झनै अँध्यारोतिर धकेलिनेछ। समाजको सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणमा हामीले हाम्रो तहबाट योगदान गर्नैपर्छ तब मात्रै सार्थक विद्यार्थी आन्दोलनको अर्थ र महत्व रहन जान्छ।

## विद्यमान नेपालको ...

बेच्दा, एउटा खसी बेच्दा, भैँसी किन्दा-बेच्दा वा ब्याउँदा कर तिर्नुपर्ने अवस्था छ । तिनीहरूको करबाट गाउँपालिका र वडापालिकाका पदाधिकारीहरूले भोज खाने काम गरिरहेका छन् । स्थानीय निकायहरूले २ हजार प्रतिशत कर वृद्धि गरेका छन् । सङ्घीय तथा प्रादेशिक सांसदहरूलाई आफूखुसी विकासका नाममा करोडौँ खर्च गर्न पाइने बजेटको अधिकार दिइएको छ ।

चौथो, समाचारपत्र, टेलिभिजन च्यानल र सामाजिक सञ्जालहरूले काठमाडौँ र देशका अन्य सहरहरूमा देहव्यापार झन् बढिरहेको बताएका छन् । लागूपदार्थको दुर्व्यसन महामारी नै भएको कुरा हामीले बीभत्स चित्र राम्रोसँग देखेका छौँ । लागूपदार्थका माफियाहरूले जानीजानी दुर्व्यसनीहरू बढाएका छन् । देहव्यापार होस् वा दुर्व्यसन दुवै दलाल पुँजीवादीको नाफा कमाउने धन्दा हुन् र गरिबहरूलाई त्यसका लागि विवश बनाइएको छ । दलालहरूले बढी र छिटो पैसा लुट्न मध्यमवर्गीय युवकयुवतीलाई बेस्सरी नै दुर्व्यसनमा फसाएका छन् जसका कारण हजारौँ ऊर्जाशील युवकयुवतीहरूको जीवन बर्बाद हुन पुगेको छ । राज्यसत्ता नै दलाल पुँजीवादी भएकाले दलाल पुँजीपति वर्गको उसले सेवा नगर्ने कुरै भएन । रोटीका लागि आफूलाई बेच्न बाध्य युवतीहरू र दुर्व्यसनमा फसेका केटाकेटीलाई प्रहरीले पक्राउ गर्दछ भने ती धन्दा सञ्चालन गर्ने दलालहरूलाई छोडिदिन्छ ।

पाँचौँ कुरा, नेपालमा आर्थिक भ्रष्टाचार राजनीतिक नेताहरू र सरकारी उच्चपदस्थ कर्मचारीहरूका लागि अधिकारजस्तै भएको छ । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका कुनै पनि अङ्गमा यो क्यान्सर (अर्वुद) नराम्रोसँग लागेको छ । व्यवस्थापिका भनेको नियम र कानुनको निर्माता हो भने कार्यपालिका भनेको सरकार, कर्मचारीतन्त्र र सुरक्षा निकाय हो । व्यवस्थापिकाका निर्णयहरूको कार्यान्वयन कार्यपालिकाले गर्दछ तर यहीँबाट नै व्यापक आर्थिक अनियमितता मौलाएको छ । मन्त्री र प्रधानमन्त्रीहरू अर्बौं व्यक्तिगत सम्पत्तिका मालिक भएका छन्, जससँग हिजो घडेरी पनि थिएन । विकास निर्माण, जग्गा दलाली, प्राकृतिक सम्पदा, सवारी कर, भन्सार कर, सरकारी कर्मचारी नियुक्तिदेखि मन्त्री र सांसद उम्मेदवार भ्रष्टाचारका स्रोत हुन् । त्यसैगरी विदेशी लगानीका सूचनाप्रदायी संस्था, गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, शिक्षा र स्वास्थ्य क्षेत्र पनि ठूलो भ्रष्टाचारका स्रोत हुन् । यी कुराहरूमा विवाद भएपछि न्याय माग्ने जो स्थान न्यायालयको हो, करोडौँ र अर्बौंको सुटकेसको अगाडि न्यायालय आगोअघिल्तिरको घिउजस्तो भएको छ । ठूला करदाता कार्यालयले सञ्चारप्रदायी वैदेशिक संस्था एनसेललाई ६२ अर्ब कर तिर्नुपर्नेमा २३ अर्ब तिरिसकेको र ३९ अर्ब तिर्नुपर्ने भनी सरकारको कर तोकिदियो । एनसेल अदालतमा पुगेर भनसुन र पैसापानी चढाएपछि १४ अर्बमा झर्‍यो । एनसेलको २५ अर्ब बचत हुन्छ भने उसले न्यायालयलाई ५ अर्ब खर्च गरे पनि २० अर्ब अझै बच्दछ । यसरी धनी मानिसका खुसीहरू गरिब जनताको रगतपसिनाबाट किनिएका छन् ।

समयअनुसार घिसेपिटे प्रगतिले उल्लिखित राज्यको कानुनी अपराधलाई कुनै पनि हालतमा छोप्न सक्तैन । वैकल्पिक राजनीतिक व्यवस्थाका लागि तयारीलाई तीव्रता दिनु आजको आजको आवश्यकता हो ।

११ असोज, २०७६, नख्खु, कारागार

## सामन्ती समाजमा ...

अरू देशहरूमाथि विजय र अन्य देशहरूबाट फ्रान्सको विजय एकअर्काका स्थान लिँदै गरे । एक क्षण पनि यसरी बितेन जहाँ शान्ति र स्थिरता कायम भएको होस् । यद्यपि सामन्ती व्यवस्था सडिसकेको थियो । त्यसकारण लाख सङ्घर्ष गरे पनि ऊ आफ्नो अन्त्यबाट बच्न सक्दैनथ्यो । सामन्तवादको स्थानमा पुँजीवादको स्थापना अवश्यम्भावी थियो ।

अध्ययनका निम्ति प्रमुख सन्दर्भ

मार्क्स एङ्गेल्स, कम्युनिस्ट पार्टीको घोषणापत्र

एङ्गेल्स, परिवार, व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्ति

माओ, 'चिनियाँ समाजमा वर्गहरूको विश्लेषण'

माओ, चिनियाँ क्रान्ति र चिनियाँ कम्युनिस्ट पार्टी, अध्याय एक

समीक्षात्मक प्रश्न

१. व्यक्तिगत सम्पत्ति, वर्गहरू र राज्यको उदय कसरी भयो ?

२. दाससमाज र सामन्ती समाजमा उत्पादन सम्बन्धहरू र उत्पादक शक्तिहरूका बीचका अन्तरविरोधहरू वर्गसङ्घर्षका रूपमा कसरी अभिव्यक्त भए ?

३. पुँजीवादी उत्पादन सम्बन्धहरूको जन्म र विकास कुनकुन मुख्य परिस्थितिहरूको कारणले भयो ?

टिप्पणीहरू

१. एङ्गेल्स 'बाँदरबाट मानिस बन्ने प्रक्रियामा श्रमको भूमिका' -मार्क्स-एङ्गेल्सका सम्पूर्ण कृतिहरू खण्ड ३, चिनियाँ संस्करण, १९७२ पृ.५०८

२. एङ्गेल्स ड्युहरिङ मत खण्डन, मार्क्स-एङ्गेल्सका चुनिएका कृतिहरू चिनियाँ संस्करण १९७२ पृ. १५४

३. 'व्यवहारका बारेमा' माओ त्सेतुङका सङ्कलित रचनाहरू खण्ड १ चिनियाँ संस्करण १९६८ पृ. २७०

४. 'चिनियाँ क्रान्ति र चिनियाँ कम्युनिस्ट पार्टी' माओ त्सेतुङका सङ्कलित रचनाहरू खण्ड २ चिनियाँ संस्करण १९६८ पृ. ५८५

५. कम्युनिस्ट घोषणापत्र, मार्क्स एङ्गेल्सका चुनिएका कृतिहरू खण्ड १ चिनियाँ संस्करण १९७२ पृ. ५८५

६. 'चिनियाँ क्रान्ति र चिनियाँ कम्युनिस्ट पार्टी' माओ त्सेतुङका सङ्कलित रचनाहरू खण्ड २ चिनियाँ संस्करण १९६८ पृ. ५८५

७. जर्मन विचारधारा, मार्क्स-एङ्गेल्सका चुनिएका कृतिहरू खण्ड १ चिनियाँ संस्करण १९७२ पृ. ५२

८. 'चिनियाँ क्रान्ति र चिनियाँ कम्युनिस्ट पार्टी' माओ त्सेतुङका सङ्कलित रचनाहरू खण्ड २ चिनियाँ संस्करण १९६८ पृ. ५८८

९. मार्क्स, पुँजी, खण्ड १ मार्क्स एङ्गेल्सका सम्पूर्ण कृतिहरू खण्ड २३ पृ. ७८३

१०. ऐ.ऐ.

११. 'जापानी आक्रमणविरोधी समयमा चिनियाँ कम्युनिस्ट पार्टीको कार्य' माओ त्सेतुङका सङ्कलित रचनाहरू खण्ड १ चिनियाँ संस्करण १९६८ पृ. २४१

## विद्यमान नेपालको ...

थियो । निवर्तमान सभामुख महराले गम्भीरतापूर्वक लिएनन् । महराको कमजोर ठाउँ ढुकेर बसेका गुप्तचरहरूले उनलाई यौन मुद्दामा फसाए । प्रम केपी वलीले 'मिलेनियम च्यालेन्ज' अन्तर्गतको अमेरिकी सहयोग नआउनुमा महरा जिम्मेवार भएको असान्दर्भिक आरोप लगाउनुले पनि वलीकै निर्देशनमा घटनाको तारतम्य भएको अनुमान छ । त्यसैगरी प्रम वलीले नै काठमाडौँ जिल्ला अदालतका न्यायाधीशलाई महरालाई थुनामा पठाउन दबाब दिएको हल्ला राणाकालमा प्रजापरिषद्को प्रचारझैँ फैलिएको छ । महराले पेस गर्ने र देव गुरुङले 'ह्विप' जारी गर्ने निर्देशन भइसकेको थियो ।

अमेरिकी सेनाले सशस्त्र प्रहरीलाई 'प्रतिविद्रोह, प्रतिआतङ्कवाद र भूकम्प उद्धार' तालिम दिएको (साउन ६-असोज ६) चार दिनपछि हिन्द-प्रशान्त रणनीतिको 'कन्ट्री अफिस' राख्नका लागि पाँचखाल, काभ्रे प्रस्ताव गरेको थियो । जनदबाब र चीनको दबाबका कारण मात्र हिन्द-प्रशान्त रणनीति धिमा गतिले अगाडि बढेको छ । जासुसी सेटेलाइट र मिसाइल चार्ज गर्न हाई भोल्टेज आवश्यक पर्ने र हाई भोल्टेज दिँदा विषय खुल्ने भएकाले हाईएक्टेन्स लाइन भारत लग्ने योजना बनाइएको स्रोतको दाबी छ । पहिलो चरणमा पाल्पा, दोभानपूर्वको सिद्धबाबा डाँडाभन्दा पूर्वमा ती अमेरिकी जासुसी यन्त्रहरू रिचार्जको व्यवस्था हुन लागेको बताइन्छ । त्यसैगरी से फोक्सुन्डो ताललाई पनि अमेरिकी सेनाले गुपचुप हतियार भण्डारण केन्द्र बनाउन खोजेको स्रोतको दाबी छ । अमेरिकी प्रभाव रहेको सेनाको रेन्जर फोर्सलाई बटालियन स्तरमा विकास गरिएको छ । अमेरिकी योजनामा रेन्जर फोर्सको विकास भइरहेकाले देव गुरुङले उक्त फोर्स जनयुद्ध र गणतन्त्र दमनमा उत्रिएका कारण विघटन गर्नुपर्ने बताएका थिए । रेन्जर फोर्सले मुस्ताङलाई तालिमको केन्द्र बनाउने भएको छ जहाँ भारत र अमेरिकाको विशेष चासो छ ।

महरा गिरफ्तार भएलगत्तै एनडीआई नामक गैसस, एकजना पूर्वप्रधानमन्त्री, स्क्यान्डेभियन देशका राजदूतहरूले देव गुरुङलाई दबाब दिन थालेका छन् । अमेरिकी दबाबसँगै महराकाण्डपछि देव गुरुङ सार्वजनिक रूपमा हिन्द-प्रशान्त रणनीतिका विरुद्ध बोल्न छोडेका छन् । देव गुरुङ आत्मसमर्पण गरी अमेरिका भ्रमण गरेर 'माइन्डवास' गरी फर्केनन् भने जनयुद्धको कुनै घटनाको कथा बनाएर फसाउने निश्चित रहेको स्रोत बताउँछ । हरि शर्मा, कनकमणि दीक्षित, सुबोध प्याकुरेल, सुभास नेम्बाङ, माधव नेपाललगायतले अमेरिकी स्वार्थमा टुप्पी कसेर काम गरिरहेको बताइन्छ । डोल्पा फाउन्डेसन नामको अमेरिकी लगानीको गैससले डोल्पामा १५० मेगावाटको सोलार पावर राख्न अनुमति मागेको थियो तर उद्योगमन्त्री मातृका यादवले स्वीकृति दिएनन् । अमेरिकाले जासुसी यन्त्र चार्ज गर्न उक्त सोलारपावर जडान गर्न चाहेको थियो । उक्त अमेरिकी योजना रोकिदिएका कारण प्रम वलीले मातृकालाई मन्त्री पदबाटै घोक्र्याएका छन् । अमेरिकाले जरो गाड्यो भने आफूलाई पनि गाह्रो पर्ने दिल्लीको बुझाइ रहेको र दिल्लीकै निर्देशनमा मन्त्री यादवले अमेरिकी योजना लागू हुन नदिएको स्रोतको दाबी छ । अमेरिकाले अहिले मुस्ताङको युरेनियम खानीको मुख्य केन्द्र कब्जा गर्ने गरी सोलार पावर जडान गर्न उक्त स्थान मागेको छ तर स्वीकृत भएको छैन । उक्त प्रस्ताव स्वीकृत भएमा अमेरिकाले आफ्नो प्रोजेक्ट स्थल भन्दै मुस्ताङको युरेनियम नियन्त्रणमा लिनेछ । अर्कोतिर अमेरिकाको योजनामा स्क्यान्डेभियन देशहरूले उत्तरकोरियाको काठमाडौँस्थित दूतावास हटाउन सरकारलाई दबाब दिइरहेका छन् । कोरियाली लगानी फिर्ता त्यसैको कडी भएको बताइन्छ । अमेरिकी सेनाले नेपाली सेनालाई नै तालिम दिन चाहेको भए पनि सेनाले मौन अस्वीकृति जनाएपछि अमेरिकाले सशस्त्र प्रहरीलाई दुईमहिने तालिम दिएको थियो । राष्ट्रिय अनुसन्धान विभागका एक पूर्वअधिकृत भन्छन्, 'जातीय वा धार्मिक दङ्गा गराएर सबै अग्रगामी शक्तिहरूलाई दबाउने षड्यन्त्र हुनसक्छ । यो खेलमा भने अमेरिका र भारत एकै बिन्दुमा पुग्न सक्छन् । काङ्ग्रेस (आई) कालमा भएको १२ बुँदे र नाकाबन्दीमा पछाडि हट्नुपर्ने स्थितिको कारण भएको क्षति असुलउपर गर्ने मनोकाङ्क्षा मोदीमा हुने नै भयो । हिन्द-प्रशान्त रणनीति र क्रिस्चियन धर्म राजनीतिका विरुद्ध विप्लव नेतृत्वको नेकपाले जनमत निर्माण गरिरहेका कारण अमेरिका चिढिएको छ । अमेरिकी निर्देशनमा नै वली सरकारले नेकपालाई प्रतिबन्ध लगाएको ठानिएको छ । स्मरणीय के छ भने दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलमा साउदी अरबको एक बहुराष्ट्रिय कम्पनीमार्फत अमेरिकी लगानी छ । त्यही कारणले पनि अमेरिका चिढिएको हुनसक्छ । वली सरकार र अरू थुप्रै व्यक्तिहरू अमेरिकी रणनीतिमा चीनविरुद्ध लागेका कारण नै चिनियाँ राष्ट्रपति सीले आफ्नो नेपाल भ्रमणको एक कार्यक्रममा 'चीनका विरुद्ध लाग्नेको हड्डी पिस्ने' धम्की दिएको ठानिन्छ । त्यो धम्की वली सरकारका दायाँबायाँका अमेरिकी पक्षधरलाई दिएको ठानिएको छ ।

एकातिर अमेरिकाले 'इन्डो-प्यासिफिक रणनीति' अन्तर्गत आक्रामक सैन्य गतिविधि, हस्तक्षेप, दबाब र प्रचारयुद्ध तीव्र पारेको छ । अर्कोतिर भारतले नेपालको सीमा २३ जिल्लाका ७१ स्थानमा अतिक्रमण र कालापानी क्षेत्रमा फौजी हमला गरेको छ । तर सरकार र सदनमा सार्थक छलफल र भूमिका छैन ।

## संयुक्त सङ्घर्षमा ...

पहल लिनसक्ने अवस्थामा छैनन् । देशको माटो प्रमको पदसँग साट्न सकिन्न । सत्तारूढ पार्टीले यो समस्या समाधान गर्नुपर्छ । व्यक्तिगत भावनामा कैद भएर देशको माटो गुमाउन सकिन्न । यस विषयमा लापरबाही भएमा सत्तारूढ पार्टी जनताको निशानामा पर्न सक्छ । जनता र देशभक्त शक्तिहरूले आआफ्ना तर्फबाट सीमा अतिक्रमणका विरुद्ध सङ्घर्ष गरिरहेको बेला विप्लव नेतृत्वको नेकपाका प्रवक्ता प्रकाण्डले शनिबार विज्ञप्तिमार्फत दोस्रो चरणको सङ्घर्षका कार्यक्रमहरू सार्वजनिक गरेका छन् । उनले भैरव रिसाल नेतृत्वको 'सीमा बचाऊ अभियान' द्वारा सन् १८१६ को सुगौली सन्धिद्वारा निर्धारित नेपालको नक्सा प्रचार गर्ने, स्थापित गर्ने, राज्यद्वारा त्यसलाई लागू गर्न गराउन दबाब दिनेसहित दुई सातासम्मको जनपरिचालन तथा प्रतिरोध सङ्घर्षको दोस्रो चरणको सङ्घर्षका कार्यक्रम घोषणा गरेका हुन् । नेकपाले देशभक्त राजनीतिक पार्टीहरू, नागरिक अगुवाहरू र जनतालाई संयुक्त प्रतिरोध सङ्घर्ष गर्नसमेत अपिल गरेको छ ।

## भारतीय हस्तक्षेपका ...

नेकपाले सरकारको आत्मसमर्पणवादी र दलाल प्रवृत्ति सशक्त आन्दोलनको धक्काबाहेक अरू कुनै तरिकाले पराजित नहुने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## एनसेल मेला ...

तसर्थ उक्त मेला बन्द नगरे कडा कारबाही गर्न पार्टी बाध्य हुने चेतावनी दिन चाहन्छौँ र कलाकार, विद्यालय, खेलमैदानका व्यवस्थापकहरूलगायत सबै नागरिकहरूलाई उक्त भ्रष्ट कम्पनीलाई सहयोग नगर्न तथा एनसेल कम्पनीको कुनै पनि कार्यक्रममा सहभागी नहुन अपिल गर्दछौँ ।'

# जनकपुर ब्युरोमा पार्टी पुनर्गठन दिवसमा भव्य जनसभा

नेपाल कम्युनिस्ट पार्टीको छैटौँ पुनर्गठन दिवसका अवसरमा जनकपुर ब्युरोमा भव्य जनसभा सम्पन्न भएको छ ।

सभालाई सम्बोधन गर्दै पार्टी केन्द्रीय सदस्य सन्देश पौडेलले प्रचण्ड र बाबुरामहरूको धोका र गद्दारीले दिएको चुनौतीलाई छिचोल्दै नेपाली जनता र विश्व सर्वहारा वर्गले अनुभूत गर्ने गरी पार्टी जनतासामु आएको बताए । उनले क्रान्तिकारी आन्दोलनलाई उचाइ प्रदान गर्नु तथा प्रतिक्रान्तिको शिक्षाबाट सिक्दै एक्काईसौँ शताब्दीको क्रान्तिकारी आन्दोलनलाई विजयसम्म पुर्‍याउनु पार्टीको पहिलो सर्त भएको बताए ।

केन्द्रीय सदस्य सन्देश पौडेलको अध्यक्षतामा सम्पन्न उक्त जनसभामा पार्टीका केन्द्रीय सदस्य सरल, ब्युरो सदस्यहरू शिखर, दीपक, हिमाल, अखिल क्रान्तिकारीका केन्द्रीय कोषाध्यक्ष नरेन्द्र विकलगायतले सम्बोधन गरेका थिए । कार्यक्रमको सञ्चालन प्रकाशले गरेका थिए । सभामा जनकपुर ब्युरोअन्तर्गत ७ वटै जिल्लाको उपस्थिति रहेको थियो ।

# सरकारी प्रतिबन्धको प्रतिरोध गर्दै मिथिला स्वायत्त प्रदेश जनप्रतिनिधिसभाको अधिवेशन

सरकारी प्रतिबन्धको प्रतिरोध गर्दै मिथिला स्वायत्त प्रदेश जनप्रतिनिधिसभाको तेस्रो अधिवेशन सम्पन्न भएको छ । नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य सन्देश पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेशनको उद्घाटनसत्र जनप्रतिनिधिसभाकी अध्यक्ष मिथिला चौहानको अध्यक्षतामा सम्पन्न भएको हो । बन्दसत्रको अध्यक्षता जनप्रतिनिधिसभाकी नवनिर्वाचित अध्यक्ष प्रमिला थिङले गरेकी थिइन् ।

आइतबार सम्पन्न अधिवेशनले ११ सदस्यीय मिथिला स्वायत्त प्रदेश जनपरिषद् गठन गरेको छ । २ स्थान रिक्त रहेको जनाइएको छ । जनपरिषद् प्रमुखमा महेन्द्र मण्डल, उपप्रमुखमा भक्तबहादुर कार्की र सदस्यहरूमा रामनाथ मण्डल, करण यादव, रामकुमारी महरा, उमेश सिंह, चेतनारायण मुखिया, विमला भट्टराई र विकल्प लामा रहेका छन् ।

अधिवेशनको उद्घाटन गर्दै नेकपाका केन्द्रीय सदस्य पौडेलले वर्तमान दलाल संसदीय पुँजीवादी सत्ताको विकल्पमा वैज्ञानिक समाजवादी सत्ता स्थापनामा अघि बढ्नुपर्ने बताए । उनले वर्तमान दलाल संसदीय पुँजीवादी सत्ताले विकास र समृद्धिका नाममा भ्रष्टाचार, दलालीकरण, महँगी, हत्यालगायत जघन्य अपराध गरिरहेको पनि बताए । उनले वैज्ञानिक समाजवादी सत्ताले मात्रै जनताको न्याय गर्ने धारणा राखे । जनसत्तालाई सुदृढ गर्दै वैज्ञानिक समाजवादी व्यवस्थाको मार्गमा अघि बढ्न सम्पूर्ण उत्पीडित जनता, वर्ग र जनसमुदायलाई उनले आग्रह गरे ।

अधिवेशनमा नेकपाका केन्द्रीय सदस्य सरल, ब्युरो सदस्यहरू शिखर, अमर, अकेला, अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य झलकलगायतले शुभकामना मन्तव्य राखेका थिए । अखिल (क्रान्तिकारी) का केन्द्रीय कोषाध्यक्ष नरेन्द्र विक र ताम्सालिङ स्वायत्त प्रदेशका प्रतिनिधि कपिलले नवनिर्वाचित जनपरिषद्लाई बधाई तथा शुभकामना ज्ञापन गरेका थिए ।

# भारतीय हस्तक्षेपविरुद्ध काठमाडौँमा प्रदर्शन

**काठमाडौँ** : नेकपा निकट जनगणतान्त्रिक सम्पर्क मञ्चले भारतीय हस्तक्षेपका विरुद्ध काठमाडौँमा जुलुस प्रदर्शन गरेको छ । भारतले नेपाली भूमि लिपुलेक, कालापानी र लिम्पियाधुरालाई आफ्नो नक्सामा पारेपछि नेकपाको केन्द्रीय कार्यक्रमअनुसार मञ्चले आइतबार काठमाडौँको सामाखुसीमा जुलुस निकालेको हो । जुलुसको नेतृत्व जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय सदस्य खेम प्रधानले गरेका थिए । जुलुसपछि आयोजित कोणसभामा मञ्चका केन्द्रीय सदस्य प्रधानले नेपाली दलाल र भारतीय विस्तारवादले नेपालको भुभाग मिचेर बनाएको नक्सा नसच्चाए साम्राज्यवादी दलालहरूले ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिए ।

# विद्यार्थी नेता दाहाललाई पुत्रशोक




नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) का महासचिव पेशल दाहाललाई पुत्रशोक परेको छ । दाहालका चारबर्से छोरा प्रज्वल दाहालको मुटुको अपरेसनका क्रममा त्रिवि शिक्षण अस्पतालस्थित मनमोहन कार्डियोमा बिहीबार बिहान असामयिक निधन भएको हो ।

मुटुरोगबाट पीडित बालक दाहालको चिकित्सकहरूको सल्लाहबमोजिम आइतबार मुटुको अपरेसन गरी भल्ब फेरिएको थियो । अपरेसन गरी भल्ब फेर्न चिकित्सकहरू सफल भए पनि अचानक प्रेसर कम भई बालकको मृत्यु भएको बताइएको छ ।

बालक दाहालको पशुपति आर्यघाटमा भएको अन्त्येष्टिमा नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेल, उक्त पार्टीका पीबीएम दिनेश शर्मा, पवनमान श्रेष्ठ तथा विभिन्न विद्यार्थी सङ्गठनका नेताहरूको बाक्लो उपस्थिति थियो । अध्यक्ष गजुरेलले पार्टी तथा मोर्चाका तर्फबाट श्रद्धाञ्जली मन्तव्य व्यक्त गर्दै सङ्गठनका महासचिव दाहाललगायत शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका थिए । उपस्थित सबैले अखिल (क्रान्तिकारी) का महासचिव दाहाललगायत शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै मृतक प्रज्वल दाहालप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका थिए । प्रज्वल दाहाल महासचिव पेशल दाहालका एक्लो सन्तान थिए ।

यसैबीच अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकालले शोकवक्तव्य जारी गरी वैद्य निकट अखिल क्रान्तिकारीका महासचिव पेशल दाहालका छोरा प्रज्वल दाहालको असामियक निधनप्रति गहिरो दुःख व्यक्त गरेका छन् । उनले मृतक प्रज्वल दाहालप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै महासचिव पेशल दाहाललगायत शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेका छन् ।

# भारतीय अतिक्रमणविरुद्ध दाङमा प्रदर्शन

**दाङ** : भारतले गत कात्तिक १३ गते प्रकाशित गरेको राजनीतिक नक्सामा कालापानी, लिम्पियाधुरा, लिपुलेकसहितको नेपाली भूभाग समावेश गरेपछि त्यसको विरोधमा देशैभरि दिनदिनै प्रदर्शनहरू भइरहेका छन् । सोही क्रममा नेकपा निकट अखिल (क्रान्तिकारी) दाङले आयोजना गरेको विरोध प्रदर्शन प्रहरीको हस्तक्षेपका बीच भव्य रूपमा सम्पन्न भएको क्रान्तिकारीले जनाएको छ ।

उक्त कार्यक्रममा जाँदै गर्दा पद्मोदय नमुना उच्च माध्यमिक विद्यालय नजिकबाट अखिल (क्रान्तिकारी) दाङ जिल्ला अध्यक्ष अनिल केसीलाई प्रहरीले गिरफ्तार गरेको छ । गिरफ्तारीका बीच पनि विभिन्न स्कुलका विद्यार्थी 'कालापानी, लिपुलेक लिम्पियाधुरा हाम्रो हो, हाम्रो भूमि फिर्ता गर, भारतीय दादागिरी बन्द गर, भारतीय साम्राज्यवाद मुर्दावाद' भन्दै सडकमा ओर्लिएका थिए । विभिन्न ठाउँबाट निस्किएको विद्यार्थीहरूको र्‍यालीले घोराही बजार परिक्रमा गरेको थियो । नेपाली भूमि अतिक्रमणको विरोध गर्दा गिरफ्तार गरेको भन्दै विद्यार्थीले सरकार र प्रहरीका विरुद्धमा समेत नारा लगाएका थिए ।

समय समीक्षा

# हाम्लाई कालापानीको पानी पिउने धोको छ, हाम्लाई टिस्टा नदीमा खुँडा धुने धोको छ



अशोक सुवेदी

*मुलुकमाथि साम्राज्यवादी अतिक्रमणको सीमा नाघेको छ । भारतीय साम्राज्यवाद सेनासहित कालापानीमा पसेर नेपाली भूमि कब्जा गरिरहेको छ । नेपालका कालापानी, लिपुलेक र लिम्पियाधुरामाथि साम्राज्यवादले आँखा मात्र गाडेको छैन, अब त कब्जा गरेर नक्सासमेत सार्वजनिक गरिसकेको छ ।*

एकखाले मान्छेहरू अब क्रान्ति सम्भव छैन भन्दै मैदानबाट भागेका छन् र देश र जनताको रक्षा गर्नु त परै जाओस्, उल्टै देश र जनतामाथि घात गरिरहेका छन् । देश, जनता र श्रमिक वर्गका पक्षमा बोल्नेहरूमाथि बमगोला बर्साइरहेका छन् । मुलुकमाथि साम्राज्यवादी अतिक्रमणको सीमा नाघेको छ । भारतीय साम्राज्यवाद सेनासहित कालापानीमा पसेर नेपाली भूमि कब्जा गरिरहेको छ । नेपालका कालापानी, लिपुलेक र लिम्पियाधुरामाथि साम्राज्यवादले आँखा मात्र गाडेको छैन, अब त कब्जा गरेर नक्सासमेत सार्वजनिक गरिसकेको छ । तर केपी वली, पुष्पकमल दाहाल र रामबहादुर थापाहरू सीमारक्षाका लागि खटाउनुपर्ने सेना, जनताको सुरक्षामा प्रयोग गर्नुपर्ने प्रहरी र गुप्तचर हरूलाई देशरक्षाका लागि सडकमा निस्किएका देशभक्तहरूमाथि आक्रमण गर्न खटाइरहेका छन् र क्रान्तिकारीहरूको हत्या गराइरहेका छन् । यस्तो सङ्गीन अवस्थामा पनि क्रान्तिकारीहरू त मैदानमा लडेकै छन्, क्रान्तिका सिपाही बनेकै छन्, कठोर यात्रा त तय गरेकै छन् तर सर्वसाधारण मानिसलाई दोधार हुन सक्छ । कतिपयमा अन्योल उत्पन्न हुन सक्छ । उनीहरू निरास हुन, थाक्न र भाग्न सक्छन् । तर क्रान्तिकारी आशावाद बोकेका देशभक्तहरू, राष्ट्रप्रेमीहरू देशको रक्षा असम्भव देख्दैनन् । जनताको मुक्ति असाध्य देख्दैनन् । कायर, लाछी र पामरहरूले धुलोमैलोमा फ्याँकेकोदेशभक्तिकोझन्डा,मालेमावादकोक्रान्तिको रातो झन्डा उठाएर उनीहरू लामो यात्रामा निस्किरहेका छन् । त्यसैले त साम्राज्यावदीहरूलाई यो सह्य भएको छैन । उनीहरू क्रान्तिकारीहरूलाई आतङ्ककारीको बिल्ला भिराइरहेका छन् । तिनले भिराएका आतङ्ककारी बिल्लालाई नेपालका मालेमावादीहरूले, क्रान्तिकारीहरूले, देशभक्तहरूले खारेज गरिदिएका छन् र उनीहरूले वर्गयुद्ध जितेरै छोड्ने, राष्ट्रियताको रक्षा गरेरै छोड्ने, देश र जनताका दुस्मनहरूले पैतालाले टेकेको स्वाभिमानको झन्डा क्रान्तिको उच्च शिखर सगरमाथामा गाडेरै छोड्ने उद्घोष गरेका छन् ।

नेपालको सार्वभौमसत्ता रक्षाका लागि आज देशभक्त र क्रान्तिकारी नेपाली एकजुट बत्रनेका छन् । शासकहरूका खुनी सङ्गीन, गोलाबारुद र जेलका चिसा छिँडीहरूबाट पनि क्रान्तिकारी स्रष्टाहरू क्रान्ति र आशावादको उद्घोष गरिरहेका छन् र खुनी शासकहरूको सत्ता पल्टिएर एक दिन सुनौलो साम्यवाद आएरै छोड्ने घोषणा सगर्व गरिरहेका छन् ।

राष्ट्रियताको रक्षा र जनतन्त्र एवम् जनजीविकाको सुनिश्चितताको माग गर्दै एकीकृत जनक्रान्तिमा होमिएको नेकपाका तत्कालीन स्थायी समिति सदस्य एवम् मार्क्सवादी स्रष्टा सुदर्शन यतिबेला देश र श्रमिक वर्गलाई मुटुमा राखेर लडेकै अपराधमा नख्खु जेलको चिसो छिँडीमा कष्टपूर्ण पलहरू बिताइरहेका छन् तर उनले जेलभित्रैबाट योद्धाहरूलाई, देशभक्तहरूलाई, राष्ट्रप्रेमी र क्रान्तिकारीहरूलाई दुस्मनहरूको अन्त्य हुने र विजयको दिन आएरै छोड्ने सन्देश पठाएका छन् कवितामार्फत । प्रियसीलाई जबाफको शैलीमा लेखिएको मार्क्सवादी स्रष्टा सुदर्शनको 'परीक्षाको घडी' शीर्षक कविताको एउटा अंश :

तिम्रो प्रतीक्षाको पल
र मेरो प्रतीक्षाको पल
हाम्रो परीक्षाको घडी हो
यो प्रतीक्षा लामो पनि हुनसक्छ
यो प्रतीक्षा छोटो पनि हुनसक्छ
तिमी साम्यवादको कोरस गाउँदै अघि बढ
म साम्यवादको बाटो अनुसन्धान गर्दै अघि बढ्छु ।
लुकिछिपी
तिम्रा आँखाभरि डबडबाएका आँसुहरू
तिम्रा मात्र होइनन्
मेरा पनि हुन्
तिम्रोजस्तै प्रतीक्षाको पल भोगिरहेका
तिम्रो र मेरोजस्तै प्रतीक्षाको पल भोगिरहेका
प्रियतम् र प्रियसीहरूका पनि हुन्
सहिदका प्रियजनहरूका पनि हुन्
बरु हामी सबै उनीहरूका बीचमा जाऔँ
साम्यवादको कोरस गाउँदै अघि बढौँ
क्रान्तिको दावानल सल्काउँदै अघि बढौँ ।

क्रान्तिलाई हाउगुजी बनाएर भागेका दलाल र गद्दारहरूले छरेको आतङ्कको भ्रमलाई खारेज गर्दै स्रष्टा सुदर्शनले यो देशभक्तहरूको परीक्षाको घडी र प्रतीक्षाको पल भएको सन्देश दिएका छन् । देश लुटिइरहेको समयमा, क्रान्तिकारीहरूमाथि गोली दागेर देशभक्तहरूको रगत बगिरहेको अवस्थामा एकखाले मानिसहरू क्रान्तिभेलमा लामबद्ध हुने सम्भवना त छँदैछ, भइरहेकै छन् तर अर्काथरी मानिसहरूमा आत्मरक्षाको भावना जाग्ने र पलायन हुने खतरा पनि उत्तिकै छ । यस्तो भइरहेको पनि छ । देश र जनतालाई मुक्त पार्ने क्रान्तिको पहाड दुर्लङ्घ्य नभएको र त्यो केही अप्ठ्याराहरू पार गर्दै पूरा हुनै लागेको सङ्केत पनि मार्क्सवादी स्रष्टा सुदर्शनले गरेका छन् । उनी भन्छन् :

हाम्रो प्रतीक्षालाई
महावीर, कुमार र निरहरूका प्रियसीहरूको
प्रतीक्षासँग साट्नुपर्छ
अथवा सम्झनाहरूका प्रेमीहरूको
प्रतीक्षासँग साट्नुपर्दछ
अनि हाम्रो प्रतीक्षाको घडी
धेरै नजिक आउँछ
बरु हामीले एउटा प्रतिबद्धताको
मैनगाँठो कस्नुपर्दछ-
हामी हाम्रो मिलनमा
सँगसँगै हुनेछौँ
हामी हाम्रो बिछोडमा पनि
सँगसँगै हुनेछौँ
त्यसकारण हामी विकट बाटोमा
साम्यवादको कोरस गाउँदै जाऔँ
कहिल्यै विचलित नहुने
शपथ लिँदै अघि बढौँ
किनभने यो परीक्षाको घडी हो ।

हो, यो सबैको परीक्षाको घडी हो । मरणोन्मुख साम्राज्यवादको पनि परीक्षाको घडी हो, साम्राज्यवादका अनुयायी, हाम्रो देशका लेन्डुपे शासकहरूको पनि परीक्षाको घडी हो र यो हामी क्रान्तिकारीहरूको पनि परीक्षाको घडी हो । जनता त हिजो पनि क्रान्ति र मुक्तिकै प्रतीक्षामा थिए । आह्वान हुनासाथ जनयुद्धलाई साथ दिए । बलिदान गरे । दलाल र गद्दारहरूले धोका नदिएको भए परीक्षाको घडी पार गरेर प्रतीक्षाको पल पनि समाप्त हुने थियो र नेपालमा वैज्ञानिक समाजवाद स्थापना भइसक्थ्यो । क्रान्ति र युद्धका क्रममा केही कुडाकर्कट र कचेराहरू जन्मिन्छन् र तिनले क्रान्तिलाई, देशलाई, जनतालाई, सहयोद्धाहरूलाई धोका दिन्छन् । पुष्पकमल दाहाल-रामबहादुर र बाबुरामहरूले पनि अहिले यसरी नै क्रान्तिमाथि, देश र जनतामाथि घात गरेका छन् । उनीहरूले आफूहरू मात्र होइन, केपी वलीहरूलाई पनि साथ लिएर देश र जनतामाथि दलाली र गद्दारी गरेका छन् । त्यही दलाली र गद्दारीको खरानीमाथि त बलेको छ नि एकीकृत जनक्रान्तिको दावानल ।

साम्राज्यवादी अतिक्रमण र आक्रमणहरूको विरुद्ध आज नेपाली राष्ट्रियता जुर्मुराएको छ । केपी वली प्रशासनको दमनको प्रतिरोध गर्दै देश जुरुक्क उठेको छ । नेपाली स्वाभिमान जागेको छ । एकातिर भारतीय साम्राज्यवाद र अमेरिकी साम्राज्यवाद नेपालको राष्ट्रिय स्वाभिमानमाथि धावा बोलिरहेका छन्, केपी वली र उनका अनुचरहरू मालिकहरूलाई रिझाउँदै कालापानी पनि सुम्पिने प्रपञ्चमा छन् तर यता नेपालभित्र रहेका मात्र होइन, विश्वभर छरिएर रहेका देशभक्त र स्वाभिमान नेपालीहरू राष्ट्रियता बचाउन कालापानीको पानी पिउने र टिस्टामा खुँडा पखाल्ने रहर व्यक्त गरिरहेका छन् । भारतीय साम्राज्यवादले आफ्ना नयाँ 'याङ्की' हरू तैनाथ गरेको कालापानीबाट तिनका फौजहरूलाई लखेटेर नेपालको भूमि बचाउन आ-आफूसँग रहेका औजारहरू, हतियारहरू भिरेर हिँड्न स्वाभिमानी स्रष्टाहरू आह्वान गरिरहेका छन् । यसै मेसोमा आएको छ स्रष्टा ऋषि अधिकारीको जोसिलो गीत :

नेपालीले चारै पहर लडे रातभरि नसुतीकन
खाना छैन, लडी नै रहे घामपानी नभनीकन
वैरी आई पानी थुन्दा पानी पनि नखाईकन
भोकैतिर्खै पुर्खाले लडे अब हामी के गर्ने भन
हामीलाई नालापानीको पानी पिउने धोको छ
हामीलाई कालापानीको पानी पिउने धोको छ

हो, यतिबेला नेपालीलाई आफ्ना पुर्खाले रगत बगाएर निर्माण गरेको, जोगाएको कालापानी, नालापानी, टिस्टा र काँगडाको पानी पिउने, त्यहाँका दाजुभाइसँग भेटघाट गर्ने र आफ्ना दुःखसुख साट्ने रहर छ । साम्राज्यवादको कहरले चाउरिएका मुहारहरू प्रफुल्ल बनाएर हाँस्न र नाच्न रहर छ । एकपटक फेरि बलभद्र कुँवर, अमरसिंह, भक्ति थापा र भीमसेन थापाहरूको जस्तै शौर्य निकालेर पराईविरुद्ध लड्दै आफ्नो मातृभूमिमा विजयपताका फहराउने रहर छ । स्रष्टा अधिकारी भन्छन् :

नालापानी युद्धमा हाम्रा पुर्खाले भोगेका दुःख
यति हुँदा डटेर लड्ने नेपालीको सुनेर कथा
जर्मनीका शासकले भने जहाँ विश्व आओस् लड्छु
तर नाउँ गोर्खाली सुन्दा मेरो मुटु थर्थरी काँप्छ
हामीलाई टिस्टा नदीमा खँडा धुने धोको छ ।

नेपाली राष्ट्रियतामाथि विपद् आइपर्दा देशभक्त नेपालीहरू आफ्ना सबै निजी काम थाती राखेर राष्ट्रियता रक्षाका लागि अग्रसर हुन्छन् । के किसान, के मजदुर, के कलमजीवी, के कवि-कलाकार सबैको शरीरमा देशभक्तिको एउटै तातो रगत दगुर्छ । तिनको भावनामा एउटै आक्रोश, पीडा र विजयभाव लहरिन्छ । देशमाथि सङ्कट आइपर्दा तिनले घरमा चुलो नबलेको बिर्सिन्छन्, विद्यालयको शुल्क तिर्न र कापीकलम किन्न नसकेर छोराछोरीले पढ्न नपाएको भुल्छन्, रोग र शोकले बिस्तरामा थलिएका वृद्ध आमाबाबाको चित्कार र क्रन्दन भुल्छन् । तिनको एउटै मात्र लक्ष्य र उद्देश्य हुन्छ- अतिक्रमणकारी पराईलाई खेद्नु, आफ्नो राष्ट्रियताको रक्षा गर्नु, सार्वभौमसत्ता जोगाउनु र दुस्मनहरूको हैकमबाट मुक्त हुनु । स्रष्टा अधिकारीले गीतमा भनेका छन् :

पुर्खाले राखेका खुँडा झिक्ने बेला आइसक्यो अब
हाम्रो भूमि फिर्ता लिन उठिहालौँ नेपाली सब
आमा, बाबु, दाजु, बैनी, दिदी, भाइ सबै उठेर
हामीसँग जे हतियार छ, त्यसैले लड्ने हो हेर
हामीलाई टिस्टा-काँगडा सीमा बाँध्ने धोको छ

हाम्रो भाइ काँगडाका, टिस्टाका हाम्रै भाइ
लड्नुपर्छ छिट्टै अब सबै हाम्रा भाइ जुटाई
सतलज र टिस्टा तरेर हाम्रा सीमा कायम गरेर
हामीले नै छोड्नुपर्छ विशाल नेपाल निर्माण गरेर
हामीलाई हाम्रा दाजुभाइ छिट्टै भेट्ने धोको छ
हामीलाई नालापानीको पानी पिउने धोको छ
हामीलाई कालापानीको पानी पिउने धोको छ ।

भारतीय साम्राज्यवादले नेपालका कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत कयौँ ठाउँ मिचेको छ । दिउँसै उसले नेपाललाई लुटेको छ । मिचेको छ । जिस्क्याएको छ । बिच्क्याएको छ । नेपालीको गौरवशाली इतिहासलाई होच्याएको छ । आफ्ना खुनी नङ्ग्राहरूले नेपालका लगभग सय ठाउँ चिथोरेको छ तर हाम्रा शासकहरू स्वतन्त्र सिक्किम भारतीय साम्राज्यवादलाई बुझाउने कुख्यात लेन्डुपदोर्जेका सहोदर दाजुभाइजस्ता बनेका छन् । नेपाली जनता मातृभूमिको सीमा रक्षाको माग गर्दै नाराजुलुस र पर्चापम्प्लेट गर्दै गर्दा लेन्डुपका अनुयायीहरू गिरफ्तार गर्छन् र राज्यविप्लवको मुद्दा लगाउँछन् । यस्तो अवस्थामा अब नेपाली जनतासँग आफ्ना पुर्खाको विरासत थाम्न आ-आफूसँग भएको औजार र हतियार उज्याएर साम्राज्यवाद र उसको रक्षक शासकवर्गका विरुद्ध जाई लाग्नुपर्ने सन्देश स्रष्टाहरूले दिएका छन् । यो अत्यन्त गौरवको कुरा हो ।

विद्रोही युवाकवि रसुवाली कवि पटकपटकको हिरासत र जेल भोगेर पनि निराश छैनन् । उनी क्रान्ति र मुक्तिप्रति अत्यन्त आशावादी छन् । उनी लेखिरहेकै छन् क्रान्तिकारी आशावादका कविता र बजाइरहेका छन् क्रान्तिको दुन्दुभि । जगाइरहेका छन् जनताहरूमा आशा र गरिहेका छन् व्यङ्ग्य राष्ट्रघातीहरूविरुद्ध । उनी लेख्छन् :

रिपोर्टरहरू भन्छन्-
समयलाई घाँटी थिचेर
कोही त सवार छ बजारमा
जो तपाईंलाई विज्ञापनका अनेकौँ उपकरण देखाउन
तपाईंको मौलिकता खोसिरहेछ
तपाईंलाई नै क्रमशः मारिरहेछ...
रिपोर्टरहरू भन्छन्-
सत्ता राजनीति नाङ्गिएको देखेर
स्वयम् नग्नता लजाएको छ
घाउलाई दुखाइहरू नदुखेर हैरान छ
संवेदनाले उहिले टाँकीको रूखमा झुन्डिएर
गरिसक्यो आत्महत्या...
यो आँधी आउनुअघिको समय हो
प्रिय योद्धाहरू, ठीक ठाउँमा बसौँ
सुरु भइसकेको छ-
मान्छेलाई मुक्त गर्ने यो समयको शक्तिशाली लडाइँ
गोडा फाट्, सतर्क
गोडा फाट्, सतर्क ।

स्रष्टाहरू योद्धा हुन् क्रान्तिका, सिर्जना-युद्धका । स्रष्टाहरू युद्धका, क्रान्तिका वातावरण निर्माणकर्ता र प्रवाहकर्ता हुन् । उनीहरू स्वयम् योद्धा पनि हुन् । महान् जनयुद्धमा झन्डै दुई सय स्रष्टाले सर्वहारावर्गको मुक्तिको सुन्दर सपना प्राप्तिका लागि सुन्दर जीवन बलिदान गरेको सत्य हाम्रासामु छ । अहिले पनि स्रष्टाहरू खुकुरीको धारमा उभिएर देश, जनता र वर्गका लागि लडिरहेकै छन्, सिर्जना गरिरहेकै छन् ।

देश, जनता र वर्गका लागि लडिरहेका क्रान्तिकारी योद्धाहरू यो मङ्सिरको चिसो मौसममा पनि जेल र हिरासतको चिसो छिँडीमा पुऱ्याइएका छन् । क्रान्तिकारी भनेको आगो हो । जेल र हिरासतरूपी भुसभित्र आगो छोपेर, लुकाएर कहाँ लुक्छ ? कहाँ निभ्छ ? देशरक्षाको युद्धमा, वर्गमुक्तिको कठोर यात्रामा लम्किरहेका राता पथिकहरूलाई सम्बोधन गर्दै कवि बीपी 'विद्रोही' ले भनेका छन् :

यो केवल सिरेटो मात्र हो
हामीले हिउँ ओढ्नु छ
हिउँ नै ओछ्याउनु छ
प्रिय भुइँमान्छेहरू
नचिसिनु है अहिल्यै
चिसो बिहानीको न्यानो लालसलाम
हामी ज्युँदै छौँ
हाम्रा सपनाहरू मरेका छैनन्
हामी थाकेका छैनौँ
हामीले बाटो भुलेका छैनौँ
रोशनीका न्याना किरणहरू लिएर आउनेछौँ
एउटा सुनौलो बिहान
प्रिय भुइँ मान्छेहरू
कहिल्यै निरास नहुनु है
इतिहासको एउटा कुनाबाट
गर्विलो लालसलाम ।

क्रान्तिकारी आन्दोलनमा लामबद्ध हुने क्रम बढेको छ । शासकहरूले केही योद्धाहरूको हत्या गर्दैमा र केही हजार योद्धाहरूलाई कालकोठरीमा कैद गर्दैमा क्रान्ति कमजोर भएको छैन, अझै तीव्रतामा बढिरहेको छ अगाडि । स्रष्टा अशोक सुवेदीले

कविता


## दुख्छ – ख



■ अनिल शर्मा

दुः ख्छ
विगत दुख्छ/आगत झनै दुख्छ
कोराकतिर
जिउँदै कोलमा पिसएिका चेपाङहरू दुख्छन्
गोलीले भ्याङ्ग्वाल पारिएका
चिउरीका बुटाहरू दुख्छन् ।
शक्तिखोरतिर कन्टेनरका चाबी दुख्छन्
प्रतीक काका !
तिम्रो रगतसँग साटेका बन्दुकहरू
तिम्रो क्याप्टेनलाई दुख्न छोडेपछि
तिमीलाई मात्रै दुखेर के हुन्छ र !?
दुख्छ
ज्यामिरेतिर कमलहरू दुख्छन्
बेखबर कुमारहरू दुख्छन्
भालु भञ्ज्याङतिर लेकालीहरू दुख्छन्
पिठुवातिर निसानहरू दुख्छन्
कमरेड उज्ज्वल !
तिम्रो रगतमा ठडिएको चोमोलोङ्मा
प्यारीडाँडाको टावरबाट
कुरूपकुरूप देखिन थालेपछि
तिमीलाई मात्रै दुखेर पो के हुन्छ र !
अर्चना बैनी
तिम्रा क्याप्टेनहरू सिंहदरबार छिरेका छन् रे
सिंहदरबारले जुम्ल्याहा भवन देख्छ
दिल्ली दरबार देख्छ
तर रङ्गिला सिंहदरबारले
रिउको भेलमा झगरुहरू डुबेको देख्दैन
गमबहादुरकी छोरी भोकले
कसैको पिँढीमा ढलेको दृश्य
सिंहदरबारको क्यामेराले देख्दै-देख्दैन
ए, मर्दनिया भैया !
राप्तीको कहर तिमीलाई मात्र दुखेर के हुन्छ र !?
प्यारीडाँडाको फ्रिजमा बिफ सडेकै छ
छरछरेका सुकुमबासी छाप्रातिर
हाँडी, मटुला रोएर के हुन्छ र !
गमबहादुर दाइ !
जलेको घरको खाँबोजस्तो
उराठ-उराठ तिम्रो छाती
प्यारीडाँडा नदुखेपछि
तिमीलाई मात्रै दुखेर के हुन्छ र ?
दुख्छ/जतातत‍ै दुख्छ
भरतपुर ब्यारेकतिर
जुनाहरू/आस्थाहरू/बालाहरू दुख्छन्
कसरा ब्यारेकका अपमानहरू दुख्छन्
मगनीचोकतिर
एलकेडीले उछिट्टिएका
अङ्ग-अङ्ग झनै दुख्छन्
ए, समीटारका छोरा !
लुटिएका आधारइलाकाहरू
तिम्रो क्याप्टेनलाई नदुखेपछि
तिमीलाई मात्रै दुखेर के हुन्छ र ?
भिमादतिर शारदाहरू दुख्छन्
अमरोठतिर पर्सावल दुख्छ
समरहरू दुख्छन्/डीबीहरू दुख्छन्
मलिना यादवका परेलीहरू दुख्छन्
माया काउचाका हिक्काहरू झनै दुख्छन्
घाँटी कसैले अँठ्याएझैँ दुख्छ
मुटुको भेट्नो रेटेझैँ दुख्छ
माडीतिर झर्दा
नीलकण्ठहरू दुख्छन्/केशवहरू दुख्छन्
सुन्तली भाउजू !
रातो बालुवाटारमा तिम्रो खसम दुख्दैन
तिमीलाई मात्रै तिम्रो खसम दुखेर
के पो हुन्छ र सुन्तली भाउजू !?
काठमाडौँलाई आजभोलि
तिम्रो सहिद खसम दुख्दै-दुख्दैन !
आधारइलाकातिर
शोकधुन बजिरहेको बेला
विजयोत्सव मनाइरहेको छ प्यारीडाँडो
प्यारीडाँडाको विजयोत्सवमा
दिल्ली र न्युयोर्क प्रीतिभोज गर्छन्
पृथ्वी उल्टो घुम्दैछ क्यार !
हिजो क्याप्टेन रुँदा गाउँ रुन्थ्यो
आज क्याप्टेन हाँस्दा कोराक रुन्छ
क्याप्टेनको भाषा छर्लङ्गै बुझ्ने गाउँहरू
प्यारीडाँडाको भाषा बुझ्न छोडेका छन्
दीपेन्द्र काका !
भन्नुस् न भन्या–
कोराक बौलायो कि क्याप्टेन ?
कोराकलाई दुखेर प्यारीडाँडालाई के हुन्छ र !
बलवान् प्यारीडाँडाले
अयोग्य घोषणा गरिदिन सक्छ
इन्सास खोसेर
जुठा हाडहरू बाँडिदिन सक्छ
धरधरी रोइदिन सक्छ
अप्सराहरूसँग छमछमी नाचिदिन सक्छ
प्यारीडाँडालाई कोसीको कहरभन्दा
लकरको गोपनीयता दुख्छ
दुख्छ/जतातत‍ै दुख्छ ॥

# साम्राज्यवादी हस्तक्षेपविरुद्ध सङ्घर्षमा उत्रिएका नेता–कार्यकर्ता रिहा नगरे कडा सङ्घर्ष गर्छौं : नेकपा




नेपाल कम्युनिस्ट पार्टी बझाङले भारतीय साम्राज्यवादले नेपाली भूमि अतिक्रमण गरेको विरोधमा प्रदर्शनमा उत्रिएका र पर्चा, पम्प्लेट टाँस्दै गरेका आफ्नो पार्टीका नेता-कार्यकर्तालाई सरकारले गिरफ्तार गरी झूट्टा मुद्दा लगाएको भन्दै तत्काल बिनासर्त रिहा नगरिए कडा सङ्घर्षमा उत्रिने चेतावनी दिएको छ । पार्टीका जिल्ला इन्चार्ज विराट र सेक्रेटरी हरिलालले आइतबार विज्ञप्ति जारी गर्दै यस्तो चेतावनी दिएका हुन् ।

इन्चार्ज र सेक्रेटरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपाली जनताको अग्रदस्ता हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी विगत लामो समयदेखि जनताका आधारभूत आवश्यकता (गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगार) को पूर्ण ग्यारेन्टी गर्ने उद्देश्यका साथ कठिन तथा चुनौतीपूर्ण सङ्घर्षमा होमिइरहेको यहाँहरू सबैलाई अवगत नै भइरहेको छ । भ्रष्ट, दलाल केपी-पीके गिरोहको कम्पनी सरकारले राष्ट्रघात, जनघात, दलाली र भ्रष्टाचारका विरुद्ध शान्तिपूर्ण सङ्घर्ष गर्दै गर्दा विगत नौ महिनादेखि हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाई सयौँ नेता, कार्यकर्ता, शुभचिन्तक, समर्थकसमेतलाई गिरफ्तार गरी झूट्ट ामुद्दा लगाएर जेल र हिरासतमा राखी मानसिक यातनासमेत दिने गरेको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'सोही सिलसिलामा लिम्पियाधुरा, लिपुलेक, कालापानीलगायतको ३७२ वर्गकिलोमिटर भूमि भारतीय साम्राज्यवादले अतिक्रमण गरी नक्साङ्कन गरेको विरोधमा यही मङ्सिर ७ गते बेलुका पम्प्लेट र पर्चा टाँसेको आरोपमा भूपेन्द्र र सन्दीप खड्का, मङ्सिर ८ गते बिहान लक्ष्मण सिंह र १० गते दार्चुलाको खलङ्गाबाट विद्यार्थी सङ्गठनका केन्द्रीय नेता तिलक कुँवरलाई गिरफ्तार गरी झूट्टा मुद्दा लगाइएकोप्रति हाम्रो पार्टी घोर भर्त्सना एवम् निन्दा गर्दछ ।'

विज्ञप्तिको अन्त्यमा चेतावनी दिँदै भनिएको छ, 'गिरफ्तार गरिएका सम्पूर्ण नेता, कार्यकर्ता, शुभचिन्तक र समर्थकको निःसर्त रिहाइको माग गर्दछौँ । अन्यथा हाम्रो पार्टी थप सङ्घर्षमा उत्रिने चेतावनी दिन चाहन्छौँ । सङ्घर्षबाट उत्पन्न परिणामको जिम्मेवार दलाल केपी-पीके सरकार र रामबहादुर गृह प्रशासन नै हुनुपर्ने जानकारी देशभक्त, राष्ट्रवादी, बुद्धिजीवीलगायत आमसर्वसाधारण सबैलाई यसै विज्ञप्तिमार्फत सम्प्रेषण गर्दछौँ ।'

# साम्राज्यवादविरोधी आन्दोलनमा सहभागी हुन युवा सङ्गठनको अपिल

■ रातो खबर संवाददाता/काठमाडौं

नेकपा निकट युवा सङ्गठन नेपालले भारतीय साम्राज्यवादी नीतिका विरुद्ध आन्दोलनमा सहभागी हुन सम्पूर्ण देशबासी, राष्ट्रभक्त युवाहरूलाई अपिल गरेको छ । भारतले नेपाली भूमि लिपुलेक, लिम्पियाधुरा, कालापानी, सुस्तालगायत ठाउँमा अतिक्रमण गर्दा पनि सरकार मौन रहेको भन्दै युवा सङ्गठनले साम्राज्यवादी हस्तक्षेपका विरुद्धको आन्दोलनमा एकजुट हुन अपिल गरेको हो । सङ्गठनका केन्द्रीय महासचिव सागरले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै राष्ट्रियताको आन्दोलनमा सहभागी हुन सम्पूर्ण युवाहरूलाई आग्रह गरेका छन् ।

## हाम्लाई कालापानीको ...

लेख्छन् :

ठीक छैन केही, बेठीक छ सबैसबै
प्रधानमन्त्रीको स्वास्थ्य बेठीक
सरकारी पार्टीका गतिविधि बेठीक
सरकारी मन्त्रीहरूको
दलाली, भ्रष्टाचार, ठगी र लूट बेठीक
ठीक छ त एउटै छ-
जुर्मुराएको छ राष्ट्रियता
उर्लिएको छ जनतन्त्रको माग
लागेको छ घरघरमा, मनमनमा, सडक र चोकहरूमा-
साम्राज्यवाद मुर्दावादको नारा
बजेका छन्- जनक्रान्ति जिन्दावादका नगरा ।...
हेर्छु भित्तामा टाँगिएका
मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ र चेका तस्बिरहरू
पुष्पलाल, गङ्गालाल, कृष्णलाल र दिलमायाका अनुहारहरू
आमा-बाबाका धीर-गम्भीर मुहार
लाग्छ- खबरदारी गरिरहेछन् अग्रजहरूले
लाग्छ मन पर्गेल्नतिर-
केही फरक छ कि छैन जीवनमा ?
पढ्छु कम्प्युटर खोलेर-
महासचिव कमरेडको पछिल्लो प्रतिवेदन
केही छ नयाँ, धेरै छन् सपना
र छ प्रतिबद्धता, दृढता र विश्वास मुक्तिप्रतिको
पढ्छु सिरानमा रहेको कम्युनिस्ट घोषणापत्र फेरि
केही छ नयाँ, नयाँ छन् सपना
निकाल्छु हात लम्काएर र्‍याकमा राखिएको
एकीकृत जनक्रान्तिका दस्ताबेजहरू
छ केही नयाँ, छचल्किएको छ तलाउमा जमेको पानी ।

छैन फरक समयमा
फरक छ त मानिसको
मस्तिष्कभित्र छचल्किरहेको लेदोमा
समयको वेगले
भत्काइदिएको छ जमेको गिदीको ढिक्का ।

हो, मानिसको जमेको गिदी छचल्किएको समय हो यो । साम्राज्यवादी आक्रमणले, देशका हत्यारा-लुटेरा शासकका हर्कतहरूले, क्रान्तिकारी योद्धाहरूका बलिदान र वीरताका गाथाहरूले फेरि पनि छचल्क्याइदिएको छ मानिसको जम्न थालेको गिदीलाई । जमेका गिदीहरू सत्तासुखमा छन् र कालापानी हाम्रो हो भन्ने क्रान्तिकारीहरूको छातीमा गोली दागिरहेका छन् । छचल्किएका गिदीहरू युद्धमा छन्, मैदानमा छन् र जेलका छिँडीहरूमा छन् ।

कवि विष्णु अद्वितीय भन्छन् :

ठूलो कल्पना पोतेको
विशाल कल्पना रङ्ग्याएको
सबै-सबै जल्यो, कालको गति र अन्तरालमा
मैले गुलाफी पर्दामा आगो लगाउनु नै परेन
किनकि सलाई कोर्ने पर्दाको नै चित्र थियो ।
अब शब्द एउटा छ, जल्न छुटेको
अर्को त जलेर खरानी भैसक्यो ।

स्रष्टाहरूले साम्राज्यवादी अतिक्रमण र हस्तक्षेपविरुद्ध जागेको जनमतलाई अन्यत्र मोड्ने गरी केपी वली सरकारले फ्यालेको उपचुनावरूपी जालको पनि भन्डाफोर गरेका छन् । कवि राजेन्द्र पौडेल 'देश र चुनाव' शीर्षक कवितामा भन्छन् :

भर्खरै सकिएको छ चुनाव र
खसाएर आएको छु मैले मतपत्र
भर्खरै सकिएको छ चुनाव र
देखाएर आएको छु मैले मेरो शक्ति ।
अहो कत्रो शक्ति महसुस भएथ्यो भोट हाल्दै गर्दा
जोडजोडले उफ्रिरहेथ्यो मुटु
नजिकै बसिरहेथ्यो छिमेकी ठेकेदार
सुर्ती च्यापेर ओठमा बेचैनीपूर्वक
पिच्च थुक्दैथ्यो भुइँमा र
आँखा तरेर मलाई सन्काउँदैथ्यो आँखा अर्कैतिर
अहो कस्तो सिरिङ्ग भएको जिउ
कतै त्यसले मेरो भोट सुर्तीजस्तै चपाइदिने त हैन !
अहो कस्तो निरीह महसुस गरिरहेछु म आफैँ
भर्खरै सकिएको छ चुनाव र
हराएर आएको छु मैँले मेरो शक्ति...
भर्खरै सकिएको छ चुनाव र
गुमाएर आएका छौँ हामीले हाम्रो सार्वभौमसत्ता ।

कवि कल्पना पौडेल 'जिज्ञासु' विद्रोही स्रष्टा हुन् । महान् लक्ष्य बोकेर हिँडेका योद्धाहरू कहिल्यै थाक्नु हुँदैन, गल्नु हुँदैन, लामो यात्रा सहयात्रामा बदल्नुपर्छ भन्ने आदर्शवादी सपना छ उनको । उनी भन्छिन् :

नौलो क्रान्ति ल्याउने चाह थाक्दैन साथी हाम्रो पाउ
वर्गीय यो माया बाँड्दै निरन्तर अघि बढ्दै जाऊ
लक्ष्य हाम्रो एउटै नै हो बाटो अलग हुन सक्छ
अँध्यारा ती बस्तीहरूमा आशाका किरण छर्न पाऊँ
जन्माउँदा तिमीलाई प्रवसपीडामा कठै आमा हजारचोटि मर्छिन्
सुन्दर होला तिम्रो भविष्य भन्दै तिनै आमा सात समुद्र तर्छिन्
हुर्क्यौ-बढ्यौ-पढ्यौ आज सबै त्यो खुन-पसिनाको योगदान थियो
बुझ्नुपर्छ हे सन्तान तिमीले निःस्वार्थ माया यहाँ आमाले नै गर्छिन्

हाम्रो राष्ट्रियतामाथि साम्राज्यवादले हात हालेको छ । हाम्रो भूमि मिचेको छ । देखादेखी सिमानाका जङ्गे पिलरहरू सारेको छ । यो स्वाभिमानी नेपालीलाई पचेको छैन । ऊ पलपलमा विद्रोह बोलिरहेको छ । कवि सुनीलबाबु श्रेष्ठ 'अभिशप्त सिमाना र अनागरिकहरू' शीर्षक कवितामा भन्छन् :

सयौँ चोटि आफ्नो थातथलोलाई
पछाडि फर्कंदै हेर्दै
हजारौँ किलोमिटरको दूरी पार गरेर
शून्य आकाशलाई बोक्दै
एउटा सूर्यको खोजीमा
सिमानाका अभिशप्त पिलरहरूसँगै
भर्खरै काठमाडौँ आइपुगेका अनागरिक हौँ हामीहरू ।

देहातमा जन्मेर
देहातमै मृत्यु रुँगेर बस्ने हामीसँग
तिम्रो भावना कहिले पो पलायो र ?
हामीलाई चोट लाग्दा कहिले पो दुख्यो र ?
तर पनि हामीले दूधे बालकको कोक्रोलाई झैँ
क्रूर बुटहरूको पीडा छातीमा सहेर
फुलाइरहेका छौँ सिमानामा हाम्रा पहिचानका फूलहरू ।...
र, सगौरव बोकेका छौँ हातहातमा
मुटुसमान हाम्रा लालपुर्जाहरू
हेर त ! अझै जीवित छन् त्यहाँ तिम्रा राता हस्ताक्षरहरू !
योभन्दा गतिलो प्रमाण
तिमीलाई अरू के नै चाहियो र काठमाडौँ ?
सिमानामा गाडिएका यी पिल्लरहरू
फगत ढुङ्गाका साँधहरू मात्र हैनन्
यी त जिउँदा अस्थिपञ्जर र इतिहास हुन् पुर्खाहरूको ।
अझै पनि ती भूमिमा
अजीव तिखो गन्ध आउँछ हाम्रा पुर्खाका रगतहरूको
त्यसैले त ती भूमिहरूको चिम्टी-चिम्टी माटोलाई चिन्छौँ
माटोको कण-कण बास्ना थाहा पाउँछौँ
हो अझै आलै छन् त्यहाँ
धान रोप्दा छोडेका हाम्रा पैतालाका डोबहरू ।
ओ काठमाडौँ !
किन यति सारो लुरे बन्छौ ?
समयको सबैभन्दा ठूला र भरपर्दो जीवित साक्षी हौँ हामी ।
सिमानाका बिरामी स्तम्भहरूलाई अँगालेर
एकचोटि घोषणा गर्देऊ
कि रातारात हाम्रा कमजोर स्तम्भहरू
हाम्रो इतिहासलाई अवमूल्यन गर्न सारिएका हुन् ।
हामी ज्युँदै छौँ काठमाडौँ !
अपहेलित र उपेक्षित भए पनि
आमा त सबैकी आमै हुन्छिन् ।
ओ काठमाडौँ !
सुतेझैँ नगर्नू
कान नसुनेको झैँ गरेर नबस्नू
तिमीलाई उठाउन आएका छौँ हामी
तिमीलाई सुनाउन आएका छौँ हामी ।

यसैगरी कवि महता चापागाईंले लेखेका छन् :

मेरो देशको नक्सा फेर्न खोज्दैछन् रे अचेल
कस्तो छ, के छ खबर अचेल नेपाल आमाको ?
सपना नराम्रो देख्दैछु अचेल
सुन्छु आमाको मन दुखेको छ रे
सुन्छु मेरो देशको नक्सा फेर्ने दाउ खोज्दैछन् रे अचेल
हामीलाई कमजोर बनाउन खोज्दैछन् रे अचेल
सुन्छु आतङ्क मच्चाउन खोज्दैछन् रे अचेल
यही सुनेदेखि नै यो मन रोइरहेछ अचेल
मेरो कलम पनि मनको आँसु मसीले पोख्दै छ अचेल
कसरी पो यो मन हाँस्न सक्छ र मेरो देश रोएको बेला
कसरी पो खुसी बन्न सक्छु र यस्तो षड्यन्त्र रचिएको बेला
मेरो देश सङ्कटमा छ, मन दुखेको छ, विक्षिप्त पनि छ
तर म कायर छैन, म लाचार पनि छैन
मृत्युसँग नि म डराउनेछैन
मर्नै परे हाँसीहाँसी मर्नेछु मेरो देशका लागि, आमा तिम्रा लागि...
लुट्न नखोज हाम्री आमाको अस्मिता
मिच्न नखोज हाम्रो सिमाना
हामी अझै जिउँदै छौँ, हाम्रो रगत अझै तातै छ
वीर गोर्खालीका सन्तान हौँ
मर्नै परे मरिन्छ, हाँसीहाँसी देशका निम्ति
खुकुरीको रगत आलै छ अझै
मार्नै परे नि मारिन्छ देश बचाउनका निम्ति

त्यसैगरी न्यायको आन्दोलनमा लाग्दा जेल परेका मित्रहरूलाई आश्वासनको भाकामा सम्बोधन गर्दै कवि भैरव भन्छन्-

म ठूलो जेलमा छु कमरेड ।
तिमी गोलघरमा छौ
तिम्रो सपना, मेरो सपना अनि हाम्रो सपना
यो नेपाल आमाको साझा सपना हो कमरेड
यो सपान हामीले पूरा गर्नुपर्नेछ
तिमीले गोलघरभित्र लाठी सहँदा
म बाहिर छातीमा बन्दुक थाप्न तयार छु
तिमी भित्र असह्य पीडा सहनू
म बाहिर सहिद बन्नु परे बनौँला
तिमी बसेको गोलघरभन्दा
म बसेको खुला आकाश झनै असुरक्षित छ
त्यसैले तिमीले आत्मसमर्पण नगर्नू
तिमी कायर होइनौ
तिमी क्रान्तिकारी हौ
तिमी नेपाल आमाका सपूत हौ ।

अन्त्यमा कवि जयन्ती सत्याल 'स्पन्दन' ले लेखेको राष्ट्रवादी चेतको यो कवितांशसँगै यो साताको समयसमीक्षा यहीँ अन्त्य गर्ने अनुमति चाहन्छु :

सम्झी हेर्दा तिम्रो मन साँघुरो नै लाग्छ
सिमानामा धावा बोल्ने हेपाहा नै लाग्छ
कति फ्याल्छौ यहाँ तिम्रा वक्रदृष्टिहरू
अबचाहिँ सम्बन्धमा ठक्कर नै लाग्छ ।

## चिकित्सा शिक्षाका ...

छ तर कोहीलाई काखा कोहीलाई पाखा गरेर, कोहीलाई न्याय त कोहीलाई अन्याय नै ठीक भनेर किनकि सरकारले आज नीति कार्यान्वयन गर्दा पनि विद्यार्थीको लिङ्ग, उचाइ र वर्ण हेरेको जस्तो भएको छ । हैन भने नीति सबैका लागि समान ढङ्गले लाग्नुपर्छ । सरकारले बनाएको नीति के नर्सिङ पढ्ने बहिनीहरूका लागि थिएन ? के बी. एम. एल. टी., बी.पी.एच. बी., फार्मेसी, बी. एम. आई. टी. का लागि थिएन ? के उनीहरू सरकारको दृष्टिमा नअटाएकै हो ? के 'समाजवाद उन्मुख' सरकारले नर्सिङलाई अझै पनि छोरीहरूले मात्र पढ्ने विषय भएकै कारण तिरस्कार र अपमान गरेको हो ? दुई तिहाइको कम्युनिस्ट सरकारले नीति कार्यान्वयन गर्दा लिङ्ग, वर्गका आधारमा गर्ने हो ? के यो सङ्घर्षमा नर्सिङका बहिनीहरूको रोदन, बलिदान र मेहनतलाई सरकारले नजरअन्दाज गरेरै नीति कार्यान्वयन गरेको हो ? अनि सरकार ०७२/७३ र ०७३/७४ का विद्यार्थीबाट किन भाग्न खोजेको ? यो अझ अर्थपूर्ण भएन र ? माफियाले भनेजस्तै कि त्यो पैसा मन्त्रीज्यूका बिस्तरा र भान्छाकोठासम्म पनि पुगेको छ ? हैन भने सरकारका मन्त्रीहरूको खुट्टा किन ०७२/७३ र ०७३/७४ मा कामिराखेको छ ? ०७२/७३-०७३/७४ को उच्चारण गर्न मन्त्रीहरूको जिब्रो किन लर्बराइरहेको छ ?'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'पैसा फिर्ता गर्ने कुरा गर्दा माफियाको भन्दा मन्त्रीको पसिना बढी किन आउँछ ? यो प्रश्नको दुईवटा प्रस्ट जबाफ छ : (१) मन्त्री र सरकारले नै माफियासँग मिलेर निमुखा विद्यार्थीको पैसा बाँडेका छन् र अर्को (२) यो निर्णय अर्कै पार्टीको सरकार हुँदा भएको, यो हाम्रो जिम्मेवारी हैन । यी दुवै कुरा निकै घिनलाग्दा र गैरजिम्मेवारपूर्ण छन् । यही साँचो हो भने त जनताले एकपटक यस्ता मन्त्री र सरकारलाई गतिलो जबाफ दिने नै छन् । यी दुईवटै आशङ्काबाट उठेर साँच्ची सरकार जनताप्रति उत्तरदायी बन्ने, जनताको आशालाई भरोसामा बदल्ने हो भने नीति जसको पालामा बनेको भए पनि, हिजोको दिनमा जान वा अन्जान रूपमा जति हसुरेको भए पनि जनता र राष्ट्रका पक्षमा बनेको नीति अहिले नै गम्भीरतापूर्वक लागू गरोस् र अपराधीलाई उनीहरूसँगको हिजोको उठबस बिर्सिएर निमुखा विद्यार्थी र जनताको टिठलाग्दो अनुहार सम्झेर कारबाही गरोस् । यहीँनिर आएर सरकार चुक्यो भने बुझे हुन्छ- यस्तो अन्याय यी युवाहरूको दिमागमा गहिरो गरी बस्यो भने जस्तो रूपमा पनि, जत्रो आकारमा पनि यी माफिया र माफियालाई संरक्षण गर्ने सरकारलाई लक्षित गरी जति बेला पनि विस्फोट हुनसक्छ र यिनै युवाहरूको विद्रोहको ज्वालामुखीमा सबै माफिया, दलाल र भ्रष्टहरू खरानी बन्ने दिन आउनसक्छ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, ' त्यसैले हामी विद्यार्थी अझै पनि, जति षड्यन्त्र गरेर फसाउन खोजिए पनि संयमपूर्वक सबैलाई राज्यको नीति समान ढङ्गले लागू होस्, राज्यले मिति हेरेर, सरकार हेरेर, लिङ्ग हेरेर, सङ्ख्या हेरेर हैन, निमुखा जनता, विद्यार्थी, संविधान र कानुन हेरेर कार्यान्वयन गरोस् भन्ने आशामा छौँ । साथै अहिलेसम्म यो सामाजिक सङ्घर्षलाई यो उचाइमा पुऱ्याउन विद्यार्थी साथीहरू, पत्रकार, अभिभावक, बुद्धिजीवी, नागरिक अगुवा र युवाहरूले जुन किसिमको निकै महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ त्यसका लागि हामी सम्पूर्ण चिकित्सा शिक्षाका विद्यार्थीहरू हृदयदेखि नै धन्यवाद दिन चाहन्छौँ । साथै अबका दिनमा थप सहयोग गरी नीति सबैका लागि, सधैँका लागि सशक्त बनाउने सङ्घर्षलाई निष्कर्षमा पुऱ्याउनेछौँ र भविष्यमा हामी सदैव राष्ट्र र जनताप्रति बफादार रही सेवा गर्नेछौँ भन्ने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छौँ ।'

## निर्वाचनको दिन ...

मिलाइएको उक्त बमभित्र पी ए के विस्फोटक पदार्थ भरिएको थियो तर विस्फोट हुनुभन्दा अगाडि नै सुरक्षाकर्मीले जानकारी पाएकाले विस्फोट हुन पाएन । उक्त बम नेपाली सेनाको रणशेर गणको टोलीले निष्क्रिय पारेको थियो ।

उता कञ्चनपुरको पुनर्वास नगरपालिका ३ मा रहेको मतदानस्थलमा पनि बम फेलापरेको थियो । बम नेपाली सेनाले निष्क्रिय पारेको थियो । यस्तै डोटीको आदर्श गाउँपालिकाका कुचेडा र कानगडामा फेलापरेको बम सेनाको बम डिस्पोजल टोलीले निष्क्रिय पारेको थियो । प्राप्त जानकारीअनुसार शुक्रबार राती पनि ठाउँठाउँमा बम विस्फोटका घटना भएका थिए । धरानस्थित ठिंगाबारीलगायत क्षेत्रमा मध्यरातमा लगातार ४-५ वटा विस्फोट भएको प्रहरीले जनाएको छ । सन्तोष चौहानको घरनजिक भएको विस्फोटका कारण घरमा केही क्षति पुगेको थियो ।

हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ५, अङ्क २३, पूर्णाङ्क २१८ रातो खबर

नियमित

# माटो बचाउने कि निर्णयको बन्दी भइरहने ?


अनिल शर्मा 'विरही'

देशको माटो विदेशीले कब्जा गरेको समयमा सदनको आकस्मिक बैठक बोलाएर 'जनप्रतिनिधि' हरूको राय लिने र नीति निर्माण गर्ने विश्वमा जहाँकहीँ प्रचलन छ तर विडम्बना ! राष्ट्रवादको नारा उरालेर शक्ति आर्जन गरेको सत्तारूढ पार्टीलाई काङ्ग्रेसले राष्ट्रघातीको आरोप लगाएको छ। काङ्ग्रेसले सदनको बैठक बोलाउन गरेको मागलाई सत्तारूढ पार्टीले अस्वीकार गरेको छ । कालापानी, लिम्पियाधुरा, लिपुलेकलगायत नेपाली भूभाग भारतले औपचारिक रूपमा नै कब्जा गरेको एक महिना पुग्दा पनि कुनै सार्थक र पारदर्शी पहल गरिएको छैन । बरु देशभक्त शक्तिहरूमाथि दमन गर्ने, नागरिक अगुवाको पहललाई निरुत्साहित गर्ने, सङ्घर्षशील आफ्नै जनवर्गीय सङ्गठनका सङ्घर्षलाई निरुत्साहित गरिरहेको छ। सीमा अतिक्रमण र भारतको आक्रमणविरुद्धको आन्दोलनबाट देशको ध्यान विकेन्द्रित गर्ने उद्देश्यले मन्त्रिमण्डल हेरफेर गरिएको छ । सरकारको लापरबाहीका कारण जनता आक्रोशित भइरहेको बेला काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले प्रम केपी वलीकै सहमतिमा भारतले कालापानी क्षेत्र अतिक्रमण गरेको गम्भीर आरोप लगाएका छन्। सरकारले उक्त आरोप खण्डन गर्न सकेको छैन। वर्तमान प्रम वलीले नै महाकाली नदी बेच्न मुख्य भूमिका निर्वाह गरेका कारण देउवाको आरोपले बल पाएको छ र देउवाले कुनै सूचना पाएर नै उक्त आरोप लगाएको हुनसक्छ। यो गम्भीर आरोपको यथार्थ आउँदै गर्ला।

एकातिर वली सरकारले देशको माटो रक्षा गर्न सार्थक प्रयास गरेको छैन । अर्कोतिर प्रम वलीको शारीरिक अवस्था जटिल छ । काम गर्नसक्ने अवस्थामा छैन र हालको शल्यक्रियाको उपचार ठीक हुनासाथ मिर्गौला प्रत्यारोपण गर्नुपर्छ । न्यूनतम् ६ महिना प्रमले राम्ररी काम गर्नसक्ने अवस्था छैन । त्यसकारण भावनामा डुबेर प्रम वलीसँग देशको माटो साट्न देश तयार छैन। वलीका हुल्लडबाजहरूले हमला गर्लान्, टिकट नपाइएला, भक्तपुरका डीपी ढकालको नियति भोग्नुपर्ला, ठेक्कापट्टा नपाइएला भनेर कोही बोलिहालेका छैनन्। अर्कोतिर देशको रक्षा गर्न नसक्ने दलालहरूको स्वार्थ र विदेशीका लागि मर्ने मन्त्रालयको त्रास पनि छँदैछ। तर देशको माटोसँग व्यक्ति साट्न सकिन्न। देशको जिम्मा लिनेको नियत र कार्यक्षमता दुवै दृष्टिले पहल लिनुपर्छ। अन्यथा देशले निकास खोज्छ। प्रधानमन्त्रीको स्वास्थ्यको कुरा गरेर देशको अखण्डता बेच्ने, लापरबाही गर्ने छूट दिन देश तयार छैन।

नेपालको भूभाग अतिक्रमण गरेकोमा नेपालबाहिर बेल्जियम, भारत, फ्रान्स, बेलायत, अस्ट्रेलिया, जर्मनी र अरब देशहरूमा भारतविरुद्ध प्रदर्शन भएका छन् । मङ्सिर २८ गते (१४ डिसेम्बर) मा संयुक्त राज्य अमेरिकामा भारतको दूतावासअगाडि प्रवासमा रहेका नेपालीले विरोध प्रदर्शन गर्दैछन् । भारतमा नै भारतको ज्यादतीको व्यापक विरोध भइरहेको छ। सिक्किम, गान्तोककी कक्षा ११ मा अध्ययनरत एउटी छात्राले सामाजिक सञ्जालमा भनिन्, 'गोर्खाहरू हाम्रो पुर्खा भएका कारण नेपालको माया लाग्छ। हाम्रो पुर्खाका लागि हामी पनि स्कुलबाट जुलुस निकाल्छौँ ।' त्यसप्रकारको भावना विश्वभरिका नेपाली र नेपाली मूलका नागरिकको मात्र नभएर न्यायप्रेमी सबैको हो । तर नेपालको 'खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने' बागरे बानेश्वरतिरको महलमा कुनै संवेदना देखिन्न। भारतीय कवि अभय मल्लिकको कवितांश सम्झन्छु –

'सुन साथीहरू !
मृत्युपछि मेरो लासमाथि
वीर्यपात गर्दै मूत्रत्याग गर्नु
र कुनै रजस्वला भएकी महिलाको
कपडाले बेरेर
संसद् भवनमा फ्याँकिदिनू
कहाँ पाइन्छ यतिधेरै मुर्दाहरूको भीड
यति धेरै चिहान् हिन्दुस्तानमा ।'
(राष्ट्रियता र राप्तीदून, पृ.१२४, अनिल शर्मा, २०७०)

भाजपाका एकजना नेता शत्रुघन सिन्हाले नोटबन्दीकाण्डको भण्डाफोर गर्दै 'आज तक' मा भनेका थिए, 'सच कहना बगावत है तो समझिए हम भी बगावत है ।' देशको जिम्मा लिएको मान्छेले कुनै पनि बहानामा देशको माटो जोगाउने दायित्वबाट पन्छन पाउँदैन। काजी लेन्डुप दोर्जे नेपालमा पुरानै भेषमा आउन्न। यसो भन्दा मन्त्रालयका झिँगाहरू सक्रिय हुन्छन् भने शत्रुघन सिन्हाले भनेझैँ हामी विद्रोही बन्न तयार छौँ ।

भारतले नेपालको भूगोल अतिक्रमण गरिरहेको बेला अमेरिकाले घुसपैठ र दबाब तीव्र पारेको छ। त्यसको प्रतिक्रियामा चीनका राष्ट्रपतिले नेपाल भ्रमणका क्रममा आयोजित एउटा कार्यक्रममा चीनका विरुद्ध हर्कत गर्नेको 'हड्डी पिस्ने' धम्की दिएका छन् । त्यसपछि र अघि अमेरिकाको प्रतिक्रिया हेर्दा नेपाल शक्तिकेन्द्रहरूको क्रीडास्थल बनेको देखिन्छ । वली सरकारले नै अमेरिकालाई 'हिन्द-प्रशान्त रणनीति' अन्तर्गत नेपालमा आमन्त्रण गरेको खुलासा भइसकेको छ। वली सरकार र अमेरिकी गुप्तचरको गठबन्धनले हिन्द-प्रशान्त रणनीतिविरोधी सदनभित्र र बाहिरका सबै शक्तिहरूलाई दमन गरिरहेका छन् । पूर्वसभामुख कृष्णबहादुर महरालाई जेल पठाउनेदेखि नेकपालाई प्रतिबन्ध थोपर्ने कार्य वली-ट्रम्प प्रशासनको मिलीभगतमा भएको छ। नेकपाले २०७० सालमा नै मकवानपुर, धियाँल गाविससहितका युरेनियम भएका स्थानको रक्षा गर्न मकवानपुरका प्रजिअलाई ज्ञापनपत्र बुझाएको थियो । चीन घेर्ने अमेरिकी रणनीति र युरेनियम कब्जा गर्ने दुईवटा रणनीतिले अमेरिका नेपालमा प्रवेश गरिरहेको देखिन्छ । सरकारलाई दलाल बनाउने, सदनमा देखिने विरोधको झिनो स्वरलाई महरा बनाउने र क्रान्तिकारी शक्तिहरूलाई आतङ्कवादी आरोप लगाएर दमन गर्ने साम्राज्यवादी रणनीति देखिन्छ। संसारका सबैभन्दा ठूला अपराधी तथा आतङ्कवादका ठेकेदारहरूले नै न्याय र स्वतन्त्रताका वाहकहरूलाई आतङ्कवादी भनेर विभ्रम खडा गर्ने गररेका छन् । आफ्नो स्वार्थमा अवरोध गर्नेजति सबैलाई आतङ्कवादीको बिल्ला सजिलो अस्त्र भएको छ।

नेपाली जनता स्वतन्त्रताका लागि अन्तिमसम्म लड्छन्। यो खुसीको विषय हो। नेपाल एकीकरणदेखि सुगौली सन्धिसम्म नेपालमा देशभक्तधाराको वर्चस्व थियो। सुगौली सन्धिदेखि कोतपर्वसम्म दलालधारा र देशभक्तधाराका बीचमा पेचिलो सङ्घर्ष भयो । कोतपर्वमा 'अङ्ग्रेजको कुकुर' जङ्गबहादुरमार्फत दलालधारा सत्तारूढ भयो । त्यसपछि पनि सरकारभित्र र बाहिर निरन्तर दलालधारा र देशभक्तधारका बीचमा सङ्घर्ष चलिरहेको छ । सदनभित्र सीमा र अस्थायी रूपमै भए पनि भीम रावल, कृष्णबहादुर महराहरू 'लडिरहेका' छन् भने सडकमा स्वनामसाथी, भैरव रिसाल, रतन भण्डारीहरू लडिरहेका छन् । अर्कोतिर कमरेड विप्लवको नेतृत्वमा देशभक्तधारा लडिरहेको छ । देशद्रोही खड्का होऊन् वा थापा केही फरक पर्दैन किनकि हामी पृथ्वीनारायण शाह, कालु पाण्डे, भक्ति थापा, अमरसिंह थापा, भीमसेन थापा हुँदै कृष्ण सेन 'इच्छुक' को देशभक्त धाराको विरासत जोगाउन लडिरहेका छौँ। अमरसिंह थापाको शब्दमा 'सिनो खाने कुकुर' नेपाली विरासत होइन। सोभियत सङ्घमा स्टालिन र चीनमा अध्यक्ष माओले विदेशी शत्रुका विरुद्ध आफ्नो विचार र वंश-विरासतभन्दा परसम्म सहकार्य गरेका थिए। नेपाल यसबेला असामान्य सङ्कटमा परेका कारण सबै देशभक्त शक्तिहरूका बीचमा बृहत् (फराकिलो) संयुक्त मोर्चा आवश्यक भएको छ।

# कथित उपचुनाव सशक्त बहिष्कार

## क्रान्तिकारी विरासत कायम राख्यो थबाङले

■ रातो खबर संवाददाता/काठमाडौँ

वीरता र बलिदानको गाथा बोकेको क्रान्तिको अभेद्य किल्ला रोल्पाको थबाङले दलाल सत्ताको कथित उपचुनावलाई बहिष्कार र तिरस्कार गरेर फेरि पनि आफ्नो क्रान्तिकारी विरासत कायम राखेको छ । जनयुद्धकालीन आधारइलाकाको राजधानी मानिने थबाङ पञ्चायत, बहुदल हुँदै निरङ्कुश सत्ताको शाही सङ्कटकालको दमन, झम्टाइ र चिथोराइबाट पनि विचलित बनेन, बरु निरन्तर क्रान्तिका पक्षमा अडिग रह्यो। क्रान्तिकारीहरूको बलियो लालकिल्ला मानिने थबाङले यसपटकको कथित स्थानीय निकायको निर्वाचन सशक्त बहिष्कार गरेर आफ्नो क्रान्तिकारी चरित्र प्रस्तुत गरेको छ।

मङ्सिर १४ गते सत्ताधारी पार्टीका व्यक्तिहरू सामाजिक सञ्जालमा थबाङमा नेकपाले चुनावी परिणाम हात पारेको भन्दै थबाङबाट विजयको खाता खोलिएको भनी प्रचार तीव्र बनाउँदै थिए। थबाङमा मतदान हुँदा यसपटक १६ प्रतिशत मत खसेको सरकार पक्षको दाबी छ। जम्मा १,२८४ मतदाता रहेको थबाङमा २०९ मात्र मतदान भएको छ। त्यसमध्ये १७४ मत सरकारी नेकपाका पक्षमा परेको छ भने २६ मत काङ्ग्रेसका उम्मेदवारले प्राप्त गरेका छन् । कुल मतदाताको ८० प्रतिशत अर्थात् १,०७६ जनाले चुनाव बहिष्कार गरेका छन् । कुल मतदातामध्ये १६ प्रतिशत मतदान भएको विषयलाई सरकारी पक्षले रङरोगन लगाएर खुब प्रचार गऱ्यो तर ८० प्रतिशतभन्दा बढीले बहिष्कार गरेको कुरामा कसैको ध्यान गएन।

थबाङमा भएको मतदानको विषयलाई लिएर सत्ताधारी पाटी निकटकै एक पत्रकार नरेन्द्र केसीले सामाजिक सञ्जालमा लेखेका छन्, 'थबाङको मत परिणामलाई हेर्दा थबाङमा बहुदल आउन लागेको मान्न सकिन्छ तर ६४ प्रतिशत मत विप्लवतिर रहेको यथार्थ मनन गर्नु नै पर्दछ। यसले आगामी दिनमा गाउँपालिका चलाउन पनि केही चुनौती थपिएको छ । विप्लव समर्थकहरू पार्टी नीतिअनुसार चुनावमा भाग नलिए पनि अब गाउँपालिकाले विकास निर्माणका योजना बनाउँदा यो वडामा बहुसङ्ख्यक मत रहेको विप्लव सम्बद्ध नेता-कार्यकर्ताको योजनाअनुसार काम गर्नुपर्ने अवस्थालाई निश्चय नै मनन गर्नुपर्दछ।'

चुनाव बहिष्कार अभियानमा रहेको नेपाल कम्युनिस्ट पार्टीका रोल्पा जिल्ला इन्चार्जले रोल्पाले आफ्नो क्रान्तिकारी पार्टी र लाइनका पक्षमा थबाङ्गी जनताले साथ दिएको बताए।

# मेडिकल माफिया र सरकारबीचको विद्यार्थीमारा निर्णय नमान्ने नेकपाको चेतावनी

■ रातो खबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले मेडिकल माफिया र सरकारबीच भएको भनिएको सहमति अस्वीकार गर्दै विद्यार्थीबाट लिइएको अतिरिक्त शुल्क तत्काल फिर्ता गर्न चेतावनी दिएको छ । नेकपा नारायणी ब्युरो इन्चार्ज शीतलले विज्ञप्ति जारी गर्दै उक्त सम्झौता मालिकको हितमा र विद्यार्थीले उठाएको जायज मागको विपक्षमा रहेकाले पार्टी विद्यार्थीले उठाएका मागको समर्थन गर्ने उल्लेख छ । नेकपाले निजी मेडिकल कलेजले विद्यार्थीबाट लिएको अतिरिक्त शुल्क तत्काल फिर्ता गर्न र वीरगन्ज नेसनल मेडिकल कलेजका सञ्चालक बासुरडिन अन्सारीलाई विद्यार्थीमाथि गरिएको कुटपिट र अभद्र व्यवहारको माफी मागी पुनः नदोहोऱ्याउन कडा चेतावनी पनि दिएको छ।

ब्युरो इन्चार्ज शीतलको विज्ञप्तिमा भनिएको छ, 'विगत केही महिनादेखि निजी मेडिकलमा अध्ययनरत विद्यार्थीहरूले गरेको अतिरिक्त शुल्क फिर्ताको आन्दोलन, आन्दोलनका क्रममा वीरगन्जमा रहेको नेसनल मेडिकल कलेजका सञ्चालक वसुरडिन अन्सारीले विद्यार्थीमाथि गरेको अभद्र व्यवहार र कुटपिट तथा केही दिनअगाडि आन्दोलनरत विद्यार्थी र अभिभावकको अनुपस्थितिमा शिक्षा मन्त्रालय र निजी मेडिकल सञ्चालकका बीचमा भएको सम्झौताका विषयमा हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'पहिलो कुरा त वर्तमान दलाल पुँजीवादी सत्ता र सामाजिक फासिवादी सरकारसँग स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादन गर्ने स्पष्ट कार्यक्रम नै छैन । आज निजी मेडिकलहरूले विद्यार्थीबाट मनपरी अतिरिक्त शुल्क असुल्दा पनि राज्य मौन बसेको छ। आफैँले तोकेको शुल्कभन्दा मेडिकल कलेजहरूले विद्यार्थीबाट मनपरी बढी शुल्क लिएको अवस्थामा विद्यार्थीले अतिरिक्त शुल्क फिर्ताको माग राखी आन्दोलन गर्दा राज्य उल्टै मेडिकल माफियाका पक्षमा रहेको देखिन्छ।'

विज्ञप्तिमा भनिएको छ, 'सरकार आफैँले तोकेको एम.बी.बी.एस. को २०७२/०७३ को ३८ लाख ५० हजारभन्दा बढी १५-२३ लाख र २०७४/०७५ ४२-४५ लाखभन्दा बढी १५ लाख बढी निजी मेडिकल कलेजले लिएको तथ्य रहेको छ। तोकेको भन्दा बढी अतिरिक्त शुल्क फिर्ताका लागि विद्यार्थीले आन्दोलन गर्दा २०७६ कात्तिक ७ बिहीबार नेसनल मेडिकल कलेज वीरगन्जका सञ्चालक बसुरडिन अन्सारीले प्रहरी प्रशासनको रोहवरमा विद्यार्थीलाई अभद्र व्यवहार गरी कुटपिट गरे । अहिले पनि विद्यार्थीलाई धम्क्याउने र कुटपिट गर्ने गरिरहेको खबर आइरहेको छ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'अतिरिक्त शुल्क फिर्ताका निम्ति विद्यार्थीले आन्दोलन गरिरहेको अवस्थामा विद्यार्थी र अभिभावकको अनुपस्थितिमा शिक्षा मन्त्रालय र निजी मेडिकल कलेजका सञ्चालकका बीचमा सबै अतिरिक्त शुल्क मालिकले नै आफ्नो बनाउनेजस्तो षड्यन्त्रपूर्ण सम्झौता भएको छ। २०७४/०७५ को एम.बी.बी.एस./बी.डी.एस.को शुल्क समायोजनमा अमूर्त निर्णय भएको छ । अन्य फेकल्टीका नर्सिङ, ल्याब, फार्मेसी, पब्लिक हेल्थ, आईटीको शुल्क समायोजनसम्बन्धी विषय नै उठाइएको छैन। यो सम्झौता मालिकको हितमा र विद्यार्थीले उठाएको जायज मागको विपक्षमा छ। हाम्रो पार्टी विद्यार्थीले उठाएका मागको समर्थन गर्दछ । निजी मेडिकल कलेजले विद्यार्थीबाट लिएको अतिरिक्त शुल्क फिर्ता गर्न र वीरगन्ज नेसनल मेडिकल कलेजका सञ्चालक बासुरडिन अन्सारीलाई विद्यार्थीमाथि गरिएको कुटपिट र अभद्र व्यवहारको माफी मागी पुनः नदोहोऱ्याउन हाम्रो पार्टी कडा चेतावनी दिन्छ।'

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : अनिल शर्मा, प्रबन्धनिर्देशक : भीमप्रसाद चापागाईं, सम्पादक : अशोकप्रसाद सुवेदी, कार्यकारी सम्पादक : प्रकाश डुम्रे, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ